# कास्की जिल्लाबाट प्रकाशित अखवारमा स्थानीय समाचार
# एक अध्ययन – शोधपत्र

## अध्याय – एक

### १.१ पृष्ठभूमि

नेपालमा प्रजातन्त्र पुनस्थापनापछि सबैभन्दा बढी फस्टाएको क्षेत्रमध्ये सञ्चारमाध्यम पनि एक हो । नीजि क्षेत्रबाट राजधानी तथा मोफसलबाट प्रकाशित हुने राष्ट्रिय दैनिकहरूको प्रभावकारिता त्यसको मापदण्ड हो । प्रजातन्त्र पुर्नस्थापनापछि भएको आमसञ्चारको विस्तारको अध्ययन गर्दा काठमाडौं केन्द्रीत मिडियाहरूको बारेमा प्रशस्त लेखिएको पाईन्छ । त्यसबाहेक पछिल्ला केही वर्षमा राजधानीभित्र फस्टाएका सञ्चारमाध्यम अहिले मोफसलमा पनि बिस्तार हुँदै जान थालेका छन् । फस्टाएको सञ्चारमाध्यम भन्नासाथ सबैको ध्यान अहिले राजधानी बाहिरबाट प्रकाशित विभिन्न अखबार र प्रशारित एफएम रेडियोमा जान्छ । काठमाडौंमा मात्र केन्द्रीत मिडियाको क्षमतामा भएको बढोत्तरी सँगसँगै यसले आफूलाई परिस्कृत गर्दै आएको छ । सानै स्तरमा भएपनि यी मिडियाले केही आशलाग्दा सङ्केतहरू देखाएका छन् ।[1]

राजनीतिक दल, संसद, राज्य र न्यायपालिकालाई आ-आफ्ना दायित्वहरू राम्ररी निभाउन र प्रजातान्त्रिक शासन प्रणालीका आवश्यकताप्रति संवेदनशिल हुनका लागि पनि सञ्चारमाध्यमले दवाव दिएका छन् । त्यसैले त मिडियालाई 'वाचडग' को रूपमा हेर्ने गरिएको छ ।

सञ्चारमाध्यम काठमाडौं बाहिरका लागि नयाँ क्षेत्र होईन । पञ्चायतकालमा समेत राजधानीबाहिरबाट नीजि लगानीमा अखबारहरू प्रकाशित हुन्थे । पुर्वको झापादेखि मध्यक्षेत्रको पोखरा र पश्चिममा महेन्द्रनगर लगायतका ठाउँबाट नीजि लगानीमा दैनिक तथा साप्ताहिक पत्रिका प्रकाशित भएका थिए । राजधानी बाहिरबाट प्रकाशित हुने त्यस्ता पत्रिकाहरूमा प्रायजसो लगानीकर्ता नै सम्पादक र प्रकाशक हुन्थे भने एकदमै कम मात्रामा मानवीय संशाधन प्रयोग गरेर साना आकार तथा थोरै पृष्ठका पत्रिकाहरू प्रकाशित हुन्थे । देशमा आएको खुला वातावरणले राजधानी सँगसँगै अन्य शहरहरूका सञ्चारमाध्यममा पनि परिवर्तन भएको छ ।[2]

सञ्चारमाध्यममा लगानीको वातावरण बन्दै गएको कारणले गर्दा नै पछिल्लो समय यतिधेरै विकास हुन पाएको छ । रेडियो, टिभी तथा छापा माध्यममा पछिल्लो समय ह्वात्तै लगानी बढ्दै गएको छ । लगानीसँगै जनशक्तिको विकास पनि थप हुँदै गएको छ । लगानी बिस्तार हुँदै जाने क्रममा सञ्चारक्षेत्र थप व्यावसायिक बन्दै गएको हो ।

#### १.१.१ विश्वमा पत्रकारिता

विश्वमा पत्रकारिताको विकासको चर्चा गर्दा सञ्चारको विकासको चर्चा नगरी अपुरो हुन्छ । सञ्चारको विकास निम्न चरणमा भयो ।

---

1 क्षेत्रीय मिडिया: विगत र वर्तमान, मार्टिन चौतारी, २०५८, प्रत्युष वन्त, पृ, ७

2 क्षेत्रीय मिडिया: विगत र वर्तमान, मार्टिन चौतारी, २०५८, प्रत्युष वन्त, पृ, ७

**क. ढुंगे युग** : मानव उत्पत्तिपछि समाजको रूपधारण गर्नुअघिको युगलाई ढुंगे युगको रूपमा लिन सकिन्छ । त्यतिबेला हाल पशुहरूले सञ्चार गरे भैं, सङ्केत, हाउभाउबाट मानिसले सञ्चार गर्दथे । चेतनाको उती विकास भई सकेको थिएन ।

**ख. भाषाको विकास** : ढुंगे युगमा मानिसले प्रकृतिसँग संघर्ष गर्दै चेतना प्राप्त गर्दै गयो र आगो पत्ता लगायो । अपेक्षित रूपमा मानवभुण्डका रूपमा एकैठाउमा धेरै बस्न थालेपछि भाषाको विकास हुदै गयो। सङ्केतहरू आवाजमा परिणत हुन थाले ।

**ग. लिपीको युग** : आवाज र सन्देशलाई सांकेतिक रूपमा ओडारमा खोपेर मानवले जब सञ्चार गर्न थाल्यो त्यसपछि क्रमशः लिपीको विकास हुँदै गयो। छुट्टाछुट्टै मानवभुण्डले प्रयोग गर्ने सङ्केतहरू फरक-फरक भएकोले हाल लिपी पनि फरक-फरक भएका छन्। लिपीको विकास मानव सञ्चारको यूगमा एक महत्वपूर्ण कोशेढुंगा थियो ।

**घ. छपाई प्रविधिको युग** : लिपीको विकास पछि मानव समुदायले गरेका विज्ञानको आविष्कारबाट आफ्ना अभिव्यक्तिहरूलाई चीरस्थायी बनाउन छपाई प्रविधिको विकास गऱ्यो । प्रेसको उत्पति सर्वप्रथम चीनमा भएको विश्वास गरिन्छ। सन् १४५० को दशकमा जर्मन नागरिक जोहान गुटेनवर्गले चलायमान छापामेसिन (Movable Type) को आविष्कार गरेपछि विश्वमा आधुनिक छापाखानाको विकास आरम्भ भएको मानिन्छ । सत्रौं शताब्दीसम्म आइपुग्दा युरोप र अमेरिकाका विभिन्न स्थानमा छापाखाना स्थापना मात्र भएनन् न्यूजलेटर तथा सामयिक पत्रपत्रिका समेत प्रकाशन हुन थाले। हाते प्रेसबाट सुरु भएको आधुनिक छपाइ प्रविधिले द्रूततर फड्को मार्दै आज अफसेट प्रविधिसम्म आइपुगेको छ। अभ्र कम्प्युटर र डिजिटल प्रविधिको विकासले त छापामाध्यममा नयाँ क्रान्ति नै ल्याउन सम्भव तुल्याइदिएको छ।

**ङ. विद्युतीय सञ्चारको विकास** : आफ्ना अभिव्यक्तिलाई चीरस्थायी बनाउने मात्र होइन तत्काल एक स्थानबाट अर्को स्थानसम्म खबर पुऱ्याउने प्रविधि पनि विकास भयो। विद्युतको अन्वेषण पछि ग्राम्सवेलले विना तारको एकठाउँबाट अर्को ठाउँसम्म सञ्चार पुऱ्याउने प्रविधि विकास गरे। पछि यो टेलिफोनका रूपमा विकास भयो र मार्कोनीले रेडियो तरङ्ग पत्ता लगाए। विशेष गरी उन्नाइसौं र बीसौं शताब्दीमा विज्ञानको खोजीका कारणले सञ्चार क्षेत्रले महत्वपूर्ण उपलब्धी हासिल गऱ्यो।

**च. आधुनिक सञ्चारको युग** : बीसौं शताब्दीको उत्तरार्धतिरबाट आधुनिक सञ्चारको युग शुरु भयो। कम्प्युटर प्रणालीको विकास पछि सञ्चार क्षेत्रमा अत्याधुनिक काल नै सुरु भयो। अब संसारको कुनै पनि कुनाको खबर अर्को कुनामा क्षणभरमै पुग्न सक्छ। संसार अब कम्प्युटरको एउटा माउसको क्लिकमा आएर साँघुरिएको छ। विश्व एउटा गाउँ (Global Village) को रूपमा अगाडि आएको छ । यसमा रेडियो, टेलिभिजन, चलचित्र,

इन्टरनेट इत्यादि पर्दछन् । यीमध्ये सबैभन्दा पुरानो माध्यम रेडियो हो । बीसौं शताब्दीको सुरुवाततिर इटलीका नागरिक गुग्लोमी मार्कोनीले आकाशीय तरङ्गमार्फत् एक ठाउँबाट अर्को ठाउँसम्म सन्देश पुऱ्याउने प्रविधिको विकास गरेपछि यसको सुरुवात भएको मानिन्छ ।[३]

यस्तै प्रविधिको विकास फस्टाउँदै जाँदा पछिल्लो समय ईन्टरनेट प्रविधिको विकास यति धेरै भएको छ । जसले गर्दा जुनसुकै ठाउँमा पनि सूचना नपाएर अलपत्र पर्नुपर्ने अवस्था अब कम हुँदै गएको छ । हातहातमा बोकिने मोवाईलमा समेत ईन्टरनेट जोडेर सूचनाको भरपुर प्रयोग गर्ने जमात यसकै कारण विकसित भएको हो । नेपालकै सन्दर्भमा समेत अहिले हातहातमा मोवाईल बोकेर हिड्ने र सूचना लिने प्रचलन बढ्दै गएको छ ।

यसैगरी सन् १९२० को दशकमा बेलायती नागरिक जोन लोगी बेयर्डले काँचको पर्दामा तस्विर र आवाजलाई एकसाथ पठाउन सकिने प्रविधिको विकास गर्न सफल भएपछि विश्वमा टेलिभिजनको सुरुआत भएको पाइन्छ । सुरुसुरुमा टेलिभिजनमा दृष्य मात्र आउँथ्यो पछि त्यसमा आवाजसमेत पठाउन सकिने प्रविधिको विकास भएपछि त यसको लोकप्रियता र विस्तार अत्यन्तै छिटो हुन थाल्यो । सन् १९५० को दशकबाट रङ्गीन टेलिभिजनको विकास भएपछि झनै व्यापक हुनपुग्यो ।

आधुनिक आमसञ्चारका माध्यमहरूमध्ये पछिल्लो चरणमा विकास भएको नवविद्युतीय माध्यम इन्टरनेट प्रविधि हो । यसले सूचना संसारमा सफल क्रान्ति नै ल्याएको छ । विशेषगरी कम्प्युटरको विकाससँगै सुरु भएको यो प्रविधि २० औं शताब्दीमा सूचना र सञ्चारका क्षेत्रमा भएको अत्यन्तै महत्वपूर्ण उपलब्धि हो । सन् १९७० को दशकदेखि सुरु भएको आन्तरिक सञ्जालमार्फत् सूचना या सन्देश पठाउने प्रविधि इन्टरनेटका नामले चिनिन्छ । सन् १९९० सम्म आइपुग्दा विश्वव्यापी रूपमा सूचना पठाउन सकिने प्रविधि वर्ल्डवाइड वेब (World Wide Web) को समेत विकास हुनुले सूचनाको क्षेत्र फराकिलो भयो नै संसारलाई समेत एउटा सानो गाँउमा रूपान्तर गऱ्यो । सन् १९६९ मा संयुक्त राज्य अमेरिकाको पश्चिमी तटमा त्यहाँको रक्षा विभागका अनुसन्धान विशेषज्ञहरूले चारवटा कम्प्युटरको नेटवर्कबाट प्रयोगात्मक रूपमा सूचनाहरू आदान-प्रदान गर्न सुरु गरेको सानो नेटवर्कबाट इन्टरनेटको थालनी भएको हो ।

यो पत्रकारिताको विकासको लागि तयार गारिएको इन्टरनेट नभई अमेरिकी जलसेना (Navy) का टुकडीमाथि दुस्मनहरूले हमला गर्लान् भन्ने डरमा सूचनाका लागि यसप्रकारको व्यवस्था गरिएको थियो । यसरी नै क्रमिक रूपमा विकास भएर सन् १९९० मा वेलायती वैज्ञानिक टीम बनटलीले वेभसाइट बनाउनको लागि अत्यावश्यक एचटीएमएल कोडको विकास गरेपछि यसले झनै व्यापकता पाउन थाल्यो । एचटीएमएलको विकास पश्चात वर्ल्ड वाइभ वेभ www को विकास भयो र यसको माध्यमबाट चाहेको संस्था वा व्यक्तिले सूचना आदान प्रदान गर्न सकिने भयो ।[४]

---

३ स्थानीय पत्रिकामा स्थानीय सामग्री, नेपालगञ्जबाट प्रकाशन हुने दैनिक पत्रिकामा स्थानीय सामग्रीको अवस्थाः एक अध्ययन, तुलाराज अधिकारी, स्नातकोत्तर तह दोस्रो वर्ष, आमसञ्चार तथा पत्रकारिता केन्द्रीय विभाग, रत्नराज्यलक्ष्मी क्याम्पस, २०६३, पृ ९

४ स्थानीय पत्रिकामा स्थानीय सामग्री, नेपालगञ्जबाट प्रकाशन हुने दैनिक पत्रिकामा स्थानीय सामग्रीको अवस्थाः एक अध्ययन, तुलाराज अधिकारी, स्नातकोत्तर तह दोस्रो वर्ष, आमसञ्चार तथा पत्रकारिता केन्द्रीय विभाग, रत्नराज्यलक्ष्मी क्याम्पस, २०६३, पृ १०

सञ्चारमाध्यममा यतिधेरै विकास नभएको भए सायद अहिले हामी निकै पछाडि हुन्थ्यौ । ईन्टरनेटको माध्यमले अहिले मानव समाजलाई यति धेरै सहज बनाईदिएको छ की हामीले सोच्दै नसोचेको सुचना क्षणभरमा पाएर उपभोग गर्न पाएको छौ । यसले एकातिर समय र खर्चको बचतसँगै मानव समाजलाई छिटो गतिमा हिडाउन पनि यसले सघाएको छ ।

### १.१.२ नेपालमा पत्रकारिता

सन् १४५५ मा जर्मनीका जोहान गुटेनवर्गले चलायमान छापाखाना (Movable Press) को आविष्कार गरेको करिब ४ सय वर्ष पछि बल्ल नेपालमा विस. १९०८ मा बेलायत भ्रमणबाट फर्कदा तत्कालीन प्रधानमन्त्री जङ्गबहादुर राणाले गिद्दे प्रेस ल्याएका थिए । गिद्दे प्रेस स्थापना भएको ४७ वर्षपछि मात्रै विस. १९५५ मा नेपालमा पहिलो पत्रिकाको रूपमा *सुधासागर* मासिक प्रकाशित भएको थियो ।[5]

नेपाली भाषामा भने त्यसअघि नै मोतीराम भट्टले विसं १९४५ मा वनारसबाट *गोर्खा भारत जीवन* नामक पत्रिका प्रकाशन गरेको इतिहास छ । तर, पहिलो समाचारपत्रको प्रकाशन हुन भने अरु तीन वर्ष कुर्नुपर्‍यो । सुधासागर प्रकाशन भएको झन्डै २ वर्ष १० महिनापछि १९५८ वैशाख २४ गते गोरखापत्र (तत्कालीन गोर्खापत्र) प्रकाशित भयो ।

गोरखापत्र प्रकाशन भएको तीन दशकपछि १९९१ फागुनमा सुब्बा ऋद्धिबहादुर मल्लको सम्पादनमा शारदा मासिक प्रकाशन हुन थाल्यो । यसको उद्देश्य नेपाली भाषा र साहित्यको उन्नती गर्ने थियो । विस. १९९२ भदौ १ गते उद्योग पाक्षिक प्रकाशित भयो । विसं २००४ वैशाखमा साहित्य स्रोत मासिक, त्यही साल जेठमा घरेलु इलम पाक्षिक, मंसिरमा काठमाण्डू म्युनिसिपल पाक्षिक, विसं २००५ असोजमा आँखा मासिक, विसं २००६ मा पुरुषार्थ मासिक लगायत पत्र-पत्रिका प्रकाशन हुन थाले । विसं २००७ फागुन ७ गते राजा त्रिभुवनबाट शाही घोषणा हुनुभन्दा तीन दिनअघि फागुन ४ गते जागरण साप्ताहिक प्रकाशित भयो । हृदयचन्द्रसिंह प्रधानको सम्पादनमा निस्किएको यो पत्रिका नै पहिलो राजनीतिक दृष्टिकोणको नेपाली समाचारपत्र थियो ।[6]

**राणाशासनकालको १ सय ४ वर्षको अवधिमा नेपालबाट प्रकाशित पत्रपत्रिकाहरू**

---

5 नेपालको छापाखाना र पत्रपत्रिकाको ईतिहास, साझा प्रकाशन, गृष्मबहादुर देवकोटा, २०५९, पृ, १८

6 शान्ति प्रक्रियामा आमसञ्चार माध्यमको भूमिका, ठूला आकारका दैनिक पत्रिकामा समाचारको स्थिति : एक अध्ययन अनिल थापाक्षेत्री, २०६४, त्रिभुवन विश्वविद्यालय, पत्रकारिता तथा आमसञ्चार केन्द्रीय विभाग स्नातकोत्तर तह दोस्रो वर्षका लागि प्रस्तुत, शोधपत्र

| क्र.स | पत्रिकाको नाम | सम्पादक | प्रकाशन | प्रकाशन प्रारम्भ |
|---|---|---|---|---|
| १ | सुधासागर | पं. नरदेव पाण्डे | मासिक | १९५५ साउन |
| २ | गेर्खापत्र | पं. नरदेव पाण्डे | साप्ताहिक | १९५८ बैशाख २४ |
| ३ | शारदा | ऋद्धिबहादुर मल्ल | मासिक | १९९१ फागुन |
| ४ | उद्योग | सुर्यभक्त जोशी | पाक्षिक | १९९२ भदौ |
| ५ | साहित्य श्रोत | हृदयचन्दसिंह प्रधान | मासिक | २००४ बैशाख |
| ६ | घरेलु ईलम पत्रिका | भीमनिधि तिवारी | पाक्षिक | २००४ जेठ |
| ७ | शिक्षा | भीमनिधि तिवारी | पाक्षिक | २००४ जेठ |
| ८ | आँखा | द्येवीप्रसाद रिमाल | मसिक | २००५ असोज |
| ९ | नेपाल शिक्षा | त्तैलोक्यनाथ उप्रेती सहित | मसिक | २००५ असोज |
| १० | पुरुषार्थ | बुद्धिसागर शेषराज शर्मा | मसिक | २००६ पुस |
| ११ | जागरण | हृदयचन्दसिंह प्रधान | साप्ताहिक | २००७ फागुन ४ |

[7]

नेपाली पत्रकारिताको इतिहास साहित्यिक पत्रकारिताबाट सुरु भए पनि पत्रकारिताको विकास राजनैतिक द्वन्द्वबाट भएको पाइन्छ । विसं २००७ फागुन ७ गते प्रजातन्त्रको उदय भएको भोलिपल्टै सिद्धिचरण श्रेष्ठको सम्पादनमा नेपाली भाषाको पहिलो दैनिक समाचारपत्र *आवाज* प्रकाशित भयो । त्यतिखेर नेपाली पत्रिकाहरू सिमित रूपमा प्रकाशित भएपनि तिनको ध्येय एउटै थियो- 'प्रजातन्त्रको स्थापनालाई निरन्तरता दिने ।' राजनीतिक रूपमा २००७ सालको परिवर्तनले नेपाली समाजमा थुप्रै अन्योल पार्न थाल्यो । त्यतिखेरको अवस्थालाई बाटो देखाउने आधार भने पत्रपत्रिका मात्रै थिए । अर्थात् राजनीतिक संक्रमणको अवस्थामा सञ्चारमाध्यमले नै सहज बाटोको पहिचान गराउन खोजेको देखिन्छ । तर, राजा र जनता तथा राणा शासकबिचको द्वन्द्व हटाउने प्रयास सञ्चारमाध्यमबाट भएन । किनकि सिमित रूपमा निजी प्रकाशनहरू साहित्यिकमात्र थिए, तिनले राजनीतिक चेतना वा शान्ति स्थापनाका लागि पहल गर्न सक्ने अवस्था नै थिएन । त्यतिखेर नेपालको साक्षरता दर २ प्रतिशत र स्नातकको संख्या ४०० मात्र थियो।[8]

साक्षरता अवस्था न्यून भएपनि त्यो समयमा मान्छेलाई सूचनाको आवश्यकता खड्किएकाले नै विभिन्न पत्रपत्रिका संचालन गर्नुपर्छ भन्ने सोचाईमा पुगेका थिए । शान्ति स्थापना र राजनीतिक चेतना फैलाउन त्यो बेलाका सञ्चारमाध्यमले महत्वपूर्ण भूमिका खेल्न नसके पनि सञ्चारमाध्यमको आवश्यकता रहेछ भन्ने अनुभव गराएको थियो ।

---

7 पत्रकारिताका आयाम, पैरवी बुक हाउस, २०६४, श्रीरामसिंह बस्नेत, पृ ३७

8 शान्ति प्रक्रियामा आमसञ्चार माध्यमको भूमिका, ठूला आकारका दैनिक पत्रिकामा समाचारको स्थिति : एक अध्ययन अनिल थापाक्षेत्री, २०६४, त्रिभुवन विश्वविद्यालय, पत्रकारिता तथा आमसञ्चार केन्द्रीय विभाग स्नातकोत्तर तह दोस्रो वर्षका लागि प्रस्तुत, शोधपत्र, ५

पाठकको संख्या ज्यादै थोरै हुनु र सञ्चार माध्यमको विकास स्वःस्फुर्त रूपमा हुन नसक्दा त्यतिखेरको शान्ति प्रकृयामा नेपाली सञ्चार माध्यमले खासै योगदान दिन सकेनन् । यसपछि विसं २०११ सालमा समाज दैनिक, विसं २०१३ सालमा हालखबर दैनिक प्रकाशित भयो । विसं २०१३/०१४ सालतिरै सही सन्देश, दियालो, जनमत, नयाँ समाज, फिलिङ्गो, उज्यालो, कल्पना, लोकमञ्च, नेपाली, ममता, देशसेवा, नेपाल लगायतका दैनिक अखबारहरू प्रकाशित भए । यी पत्रिकाहरू राजनीतिक रूपमा बढी सक्रिय थिए, न कि पत्रकारिताका हिसाबले । त्यतिखेरको अवस्था केलाउने हो भने सञ्चार माध्यमको भूमिका द्वन्द्व बढाउन मै सीमित रह्यो । यस अवधिमा नेपाली भाषामा मात्र होइन अन्य भाषामा पनि पत्र-पत्रिकाहरू प्रकाशन भए । जय नेपाल (हिन्दी), नेपाल टाइम्स ( हिन्दी), नेपाली (हिन्दी), द कमनर (अङ्ग्रेजी), एभरेष्ट न्यूज (अङ्ग्रेजी), डेली मिरर (अङ्ग्रेजी), दी मदरल्याण्ड ( अङ्ग्रेजी), नेपाल भाषा पत्रिका (नेवारी) र पासा (नेवारी) आदि यस समयका प्रमुख नेपाली भाषा इतरका पत्र-पत्रिका मानिन्छन् । २००७ देखि २०१६ सालसम्मको यो अवधिमा सबैभन्दा धेरै साप्ताहिक पत्रिका प्रकाशित भएका छन् भने यसको सुरुआत जागरण साप्ताहिक बाट भएको थियो । विसं २०१७ सालदेखि राजनीतिक परिवर्तनसँगै नेपाली पत्रकारितामा पनि परिवर्तन देखिन थाल्यो । २०१७ फागुन ७ गतेदेखि गोरखापत्र दैनिक रूपमा प्रकाशित हुन थाल्यो र यसलाई विकसित र आत्मनिर्भर बनाउने उद्देश्यले २०१७ चैत २१ गते गोरखापत्र विकास बोर्डको गठन भयो । तर पञ्चायत र पञ्चायतइतरका पत्रिकाबीच नै ठूलो द्वन्द्व भएकाले सञ्चारमाध्यमले त्यतिखेर सहज वातावरण बनाउन सक्ने अवस्था थिएन । २०३६/३७ स्वतन्त्रताको वर्ष रह्यो । तर जनमत-सङ्ग्रहपछि २०४७ सालसम्म पञ्चायती निरङ्कुशताले ढुलीमली गर्ने अवसर पायो।[9]

वि.सं. २०४६ सालको राजनीतिक परिवर्तनपछि मात्र बल्ल व्यावसायिक पत्रकारिताको सुरुवात भएको हो । राजनीतिक परिवर्तनसँगै पत्रकारिताको विकासक्रममा नयाँनयाँ परिवर्तन भएको पाइन्छ । राणा शासनको अन्त्य गर्न २००७ साल पहिले पत्रकारिता सुरु भयो । २००७ देखि २०१७ सम्मको प्रजातान्त्रिक वातावरण, २०१७ देखि २०३६ र २०३६ देखि २०४६ अनि प्रजातन्त्रको पुनःस्थापनापछिको फरक-फरक समयमा पत्रकारिताको भूमिका पनि फरक-फरक रहेको पाइन्छ । प्रकाशन क्षेत्रमा बहुलवादी राजनीतिले गहिरो छाप छोडिसकेको हुनाले पक्ष-विपक्षका आरोप-प्रत्यारोप मात्र पत्रकारिता हो भन्ने भ्रमलाई उजागर गर्न प्रकाशन क्षेत्र अझै सक्षम हुन सकेको छैन।[10]

विसं २०६२ माघ १९ गते तत्कालिन राजा ज्ञानेन्द्रले शासन सत्ता आफ्नो हातमा लिए । त्यसबेला पत्रकारिताले विभिन्न अवरोध सामना गर्नुपर्‍यो । २०६३ वैशाख १२ गतेपछि मात्र नेपाली सञ्चारमाध्यमको भूमिका फेरियो । राजाको शासनकालमा सञ्चारमाध्यमको भूमिका स्वतन्त्रताको लागि एउटा मिसन थियो तर, आज सङ्घर्षबाट प्राप्त अधिकार संस्थागत गर्ने सञ्चारमाध्यमको दायित्व भएको छ।[11]

---

9 शर्मा, पञ्चप्रसाद, कपिल लामिछाने, ऋषिराम भुषाल- पत्रकारिताको रूपरेखा, वि.सं. २०५३, विद्यार्थी पुस्तक भण्डार, काठमाडौं, पृ ३५

10 शान्ति प्रक्रियामा आमसञ्चार माध्यमको भूमिका, ठूला आकारका दैनिक पत्रिकामा समाचारको स्थिति : एक अध्ययन अनिल थापाक्षेत्री, २०६४, त्रिभुवन विश्वविद्यालय, पत्रकारिता तथा आमसञ्चार केन्द्रीय विभाग स्नातकोत्तर तह दोस्रो वर्षका लागि प्रस्तुत, शोधपत्र, ६

11 शान्ति प्रक्रियामा आमसञ्चार माध्यमको भूमिका, ठूला आकारका दैनिक पत्रिकामा समाचारको स्थिति : एक अध्ययन अनिल थापाक्षेत्री, २०६४, त्रिभुवन विश्वविद्यालय, पत्रकारिता तथा आमसञ्चार केन्द्रीय विभाग स्नातकोत्तर तह दोस्रो वर्षका लागि प्रस्तुत, शोधपत्र, ६

सञ्चारमाध्यम अहिले यति शक्तिशाली भएका छन् जसले जनआन्दोलन-२ जस्ता महत्वपूर्ण परिवर्तन गर्नमा धेरै नै ठुलो भूमिका निभाएका थिए । जनआन्दोलनताका एउटा दलको रूपमा नै सञ्चारमाध्यमलाई हेर्ने गरिएको थियो । तत्कालिन राजाले सत्ता हातमा लिएर सबै सञ्चारमाध्यममाथि नियन्त्रण जमाएका थिए । तर जनतालाई सूचना प्राप्तिको आधार खोसिएकामा चित्त बुझेन र स्वतन्त्रताको लागि सञ्चारमाध्यमलाई अग्रसर बनाई नै रहे । त्यसैको परिणामस्वरूप अहिले सञ्चारमाध्यमले थप फस्टाउँने मौका पाएका छन् । अहिले सम्म प्राप्त तथ्याङ्कका आधारमा २००८ सालमा वीरगञ्जबाट निस्केको *सेवा* पत्रिकालाई मोफसलबाट निस्केको पहिलो पत्रिका मानिन्छ ।[12]

छापा पत्रकारिताको शुरुवात यसैबाट भएको देखिन्छ । त्यसपछि बिराटनगरबाट २००९ साल भदौमा नेपाली, हिन्दी भाषाको *आदर्शबाणी* मासिक प्रकाशित भएको पाईन्छ । बाँकेमा २०११ सालदेखि पत्रिका प्रकाशन सुरु भएको देखिन्छ । विसं २०११ मा महावीरप्रसाद गुप्ताको सम्पादनमा हिन्दी भाषामा प्रकाशित विचार प्रधान साप्ताहिक *नयाँ सन्देश* नै पहिलो पत्रिका भएको इतिहास अहिलेसम्म प्राप्त तथ्यबाट देखिन्छ ।[13]

विसं २०१४ साल कात्तिकमा पश्चिम ३ नं. बन्दीपुरबाट श्रीकृष्णभाई प्रधानको सम्पादनमा *मुलबाटो* मासिक पत्रिका निस्क्यो । *मुलबाटो* नेपाली मासिक हस्त लिखितरूपमा प्रकाशन भएको ग्रीष्मबहादुर देबकोटाको नेपालको छापाखाना र पत्रपत्रिकाको इतिहासमा उल्लेख गरिएको छ ।

विसं २०१७ साल मंसिरमा ओखलढुङ्गाबाट *ओखलढुङ्गा गोश्वारा* दर्ता नं. ००१ मा दर्ता भई भीमप्रसाद श्रेष्ठको सम्पादनमा *जुनकीरी* नामको नेपाली भाषाको द्वैमासिक पत्रिका निस्क्यो । हस्त लिखित पत्रिकाहरूमा नेपालको कानुन बमोजिम दर्ता भई निस्केको पहिलो यही पत्रिका हो । २०१३ सालमा ताप्लेजुङबाट जगमोहन शाक्यले सम्पादन गरेको *सगरमाथा* नेपाली मासिक प्रकाशित भएको पाइन्छ । त्यस्तै भोजपुरबाट नेपाल सम्वत् १०८३ मा प्रज्ञारत्न बिरहीको सम्पादनमा *मुलुखा* नेवारी मासिक प्रकाशित भएको थियो ।

समाचार बुलेटिनको रूपमा २०१० फागुन १५ गते राष्ट्रिय प्रजापरिषद पूर्वाञ्चल प्रचार बिभाग जनकपुरद्वारा पूर्वाञ्चल समाचार बुलेटिनको रूपमा नेपाली बुलेटिन प्रकाशित भएको थियो र जनकपुरबाट नै विस. २०१२ माघ २० गते नेपाल प्रजापरिषद् जिल्ला कार्यालयद्वारा नेपाली भाषाको नेपाल प्रजापरिषद्को सन्देश बुलेटिन प्रकाशित गरेको कुरा इतिहासमा उल्लेख छ । त्यस्तै २०१५ पुस ११ गते बिराटनगरमा नेपाली काँग्रेस प्रचार बिभाग मोरङबाट नेपाली भाषाको नेपाली काँग्रेस चुनाब चिन्ह बुलेटिन नामक पत्रिका प्रकाशन हुन्थ्यो ।

बनेपाबाट २०१६ सालमा बाटो निर्माण कमीटी पूर्व १ नम्बरद्वारा नेपाली भाषाको *बाटो निर्माण कमिटि पूर्व १ नम्बर* को बुलेटिन प्रकाशित भएको पाइन्छ । विकास विवरण बुलेटिनको प्रकाशन २०१७ सालमा जनकपुरबाट योगेन्द्रमान प्रधान, त्रिभुवन ग्राम विकास केन्द्रले गरेको र २०२० साल भदौ १ मा सल्यानबाट सल्यान बुलेटिन नेपाली भाषामा बासुदेव शर्माको प्रकाशन तथा सम्पादनमा निस्केको पाईन्छ ।

---

12 मोफसलका पत्रकार, सर्वेक्षण, काठमाडौं : पत्रकारिता अध्ययन समूह, मिडिया सर्भिसेज ईन्टरन्यासनल, रत्नराज्यलक्ष्मी क्याम्पस, २०६०, पृ १२

13 चूके पुर्णलाल, क्षेत्रीय मिडिया, बांके जिल्लाको पत्रकारिता सङ्क्षिप्त इतिहास, (काठमाडौं : मार्टिन चौतारी, २०५८), पृ.२४१

पूर्वाञ्चलको इलामबाट देवदास राईको सम्पादनमा मेची अञ्चल पञ्चायतले २०२१ मा प्रकाशन गरेको *मेची बुलेटिन* नेपाली पाक्षिक पछि २०२२ मंसिरमा सोहि जिल्लामा प्राथमिक स्कुल शिक्षक शिक्षण केन्द्रद्वारा नेपाली भाषाको प्राथमिक शिक्षक शिक्षण केन्द्र बुलेटिन प्रकाशित भएको थियो । २०२२ साल भदौ २ गते नेपालगञ्ज नगरपञ्चायतले बा.ब. गोश्वारा दर्ता नम्बर ७ नेपालगञ्ज उल्लेख गरिएको नेपालगञ्ज नगर पञ्चायत बुलेटिन प्रकाशित गरेको पाईन्छ ।

यी बुलेटिन बाहेक पनि मोफसलबाट विविध भाषा-भाषिका पत्रिकाहरू प्रकाशन भएको इतिहासमा छ । पाल्पाबाट *कोपिला* पाक्षिक नेपाली र नेवारीमा प्रकाशित भएको पाईन्छ भने विराटनगरबाट *आदर्शबाणी* मासिक नेपाली-हिन्दीमा प्रकाशन भएको थियो । त्यस्तै पूर्व १ नम्बर बनेपाबाट *चिराक* नामक नेपाली नेवारी मासिक प्रकाशित भएको थियो । भोजपुरबाट *छाँगो* नेपाली-अङ्ग्रेजी द्वैमासिक, विराटनगरबाट प्रकाश नामक वार्षिक पत्रिका नेपाली अङ्ग्रेजी भाषामा प्रकाशित भएको थियो । त्यस्तै पाल्पाबाट *सिर्जना,* इलामबाट *झ्यौसी,* विराटनगरबाट *सुशेली,* वीरगञ्जबाट *प्रेरणा,* ओखलढुङ्गाबाट ऊ, तेह्रथुमबाट *मगज* र विराटनगरबाट *'फूलबारी'* नामक सामाजिक पत्रपत्रिका निस्केको इतिहासमा उल्लेख छ । २००७ सालको परिवर्तनपछि नेपालमा विभिन्न वर्गीय संगठनहरू आए र तिनिहरूले आफ्नो मुखपत्रको रूपमा विभिन्न पत्रिकाहरू प्रकाशित गरे । पश्चिम नेपाल युवक संघ, बुटवलबाट *बुटवल नेपाली* साप्ताहिक प्रकाशित भएको पाइन्छ । त्यस्तै कोसीको विराटनगरबाट *नेपाली युवक संगठन,* सुनसरीले *कोसी* पाक्षिक प्रकाशन गरेको पाईन्छ । उदयपुर र बनेपाबाट क्रमशः *पालुवा* र *युवक सन्देश* पत्रिका प्रकाशन भएको पाईन्छ ।[14]

विसं २००७ सालको परिवर्तनले जनतालाई पत्रपत्रिकाप्रति चाँसो जगाउन थालेको थियो । त्यहि चाँसोका बिच केहि पत्रपत्रिका प्रकाशन भएपनि तिनले निरन्तरता पाउन सकेनन् । तैपनि नेपाली पत्रकारितामा तिनलाई भुल्न सकिदैन ।

## क. कास्कीको पत्रकारिता

पत्रकारितामा विकसित चेतनाको प्रतिक हुन्छ । आफ्ना ठाउँका समस्या, वेदना, पीडालाई, सफलता र सुखलाई पत्रकारिताले जे जस्तो वाणी दिन्छ, त्यो अन्यत्रकाले दिन सक्दैनन् । पोखराको सूचनाको अपेक्षालाई बाहिरबाट आउने सूचनाले पुरा गर्न सक्दैनन् । आफ्ना शहरका मसिना कुराले बाहिर ठाउँ नपाएका हुन्छन् । कतिपय महत्वपूर्ण कुराहरू ओझेलमा पर्न सक्छन् । आफ्ना ठाउँका सञ्चारमाध्यमले महत्वपुर्ण कुरादेखि साना मसिना कुरालाई पनि समेट्ने प्रयत्न गर्छन् । त्यसैले आफ्नो ठाउँको चिजको महत्व नै आफ्ना लागि ठुलो कुरा हुन्छ ।[15]

पत्रकारिताको दृष्टिमा पोखराको जे जति विकास भएको छ, त्यो अझैपनि अव्यवस्थित छ । अव्यवस्थित विकासले अव्यवस्थित विकासलाई कुण्ठित पार्दछ । यहाँ उत्पादन बढाउने र आम्दानी बढाउने काम भएका छैनन् । ईलम, रोजगारीका शिप विकास गर्ने, रोजगारीका अवसर सिर्जना गर्ने काम भएका छैनन् । वस्तुतः मानव विकासको दृष्टिले मानिसको आयस्तर नउठेसम्म, जिवनस्तर नबढेसम्म विकास भएको हुँदैन । यो मर्मलाई

[14] पत्रकारिता अध्ययन समुह, मोफसलका पत्रकार, मिडिया सर्भिसेज ईन्टरन्यासनल, काठमाडौंः रत्नराज्यलक्ष्मी क्याम्पसका स्नातक तहका पत्रकारिताका विद्यार्थी २०५८/०६०), पृ. १३

[15] क्षेत्रीय मिडियाः विगत र वर्तमान, मार्टिन चौतारी, २०५८, केशवराज पराजुली, २०५८ पृ, २०५

बुझिदिने, बोलिदिने र घच्घच्याउने, सचेत गराउने काम त्यहीँबाट हुनुपर्छ, त्यहीँकाले गर्नुपर्छ । यहीँ कारणले गर्दा पोखराले पत्रकारिता खोजेको हो ।[16]

पत्रकारिता पेशा सम्बन्धि चेतनाको अभाव र महत्वको पहिचान नभएका कारणले हुनसक्छ यसप्रति सबै जातजाति, वर्ग र समुदायको समान सहभागिता पाईदैन । हरेक क्षेत्रमा सम्पूर्ण जातजाति, धर्म, भाषा र संस्कार भएकाहरूको समान सहभागिता हुन सकेको छैन । फितलो शासनसत्ता र स्वार्थ राजनीतिले गर्दा हरेक वर्ग राष्ट्रिय मूलधारमा आउन सकेका छैनन् । नेपाली पत्रकारितालाई अन्तर्राष्ट्रिय स्तरसम्म पुऱ्याउनका लागि यस क्षेत्रमा सम्पूर्ण तह र वर्गका व्यक्तिहरूलाई समान रूपमा सहभागी गराउनुपर्दछ । यसका लागि पत्रकारिता सम्बन्धि जनचेतना फैलाउनु आवश्यक देखिन्छ । जसले जहाँ काम गर्छ त्यहाँबाट उसको जीवन पनि गुजारा हुनुपर्दछ ।

नेपालको दोस्रो ठूलो र सम्पन्न शहर पोखरामा बढ्दो जनसंख्यासँगै विकासका पाईलाहरू अगाडि बढेका छन् । पोखरालाई शिक्षा, स्वास्थ्य र पर्यटनको शहर भन्दै आईएको भएपनि अबदेखि सञ्चारको शहरभन्दा फरक देख्न छाडिएको छ । बदलिंदो समय र परिस्थितिको प्रभाव शहरवासीहरूमा प्रत्यक्ष-अप्रत्यक्ष परिरहेको छ ।

रामबहादुर बड्गामीले वि.सं.२०१२ सालमा *गँगा* प्रेस नामक छापाखाना पोखरामा भित्रयाए । यस छापाखानालाई राजनैतिक क्षेत्रको प्रयोजनमा प्रयोग गरिएको थियो तर पत्रकारिताको क्षेत्रमा उल्लेख्य परिवर्तन भने ल्याउन सकेन अथवा आम नागरिकको हितका दृष्टिले त्यो छापाखाना वि.सं.२०१५ सालसम्म खासै प्रयोजनमा आएन । पोखरामा पत्रकारिताको शुरुवात गराउनमा यो छापाखानाको पनि महत्वपूर्ण भूमिका रहेको देखिन्छ ।[17]

बड्गामीले प्रेससँगै मेसिन चलाउने र अक्षर मिलाउने एकजना प्राविधिक पनि काठमाडौंबाट ल्याएका थिए । त्यसबेला लेटर प्रेस नै प्रचलनमा थियो । प्रेस भित्रिएपनि काम नहुँदा केहि समय त्यत्तिकै थन्किएर बसेको थियो । २०१५ सालमा चुनावको गतिविधि सुरु भएपछि मात्र उमेद्वारका पर्चा पोष्टर छाप्ने काम भएको थियो । श्रम र साधनको सिमितताले गर्दा प्रेसले पुरा क्षमताको काम भने गर्न पाएको थिएन ।

आवश्यकताको टड्कारो अनुभूति नभएसम्म कुनैपनि कुराप्रति मानिसको ध्यान तानिन्न । २०१५ सालमा आमचुनाव गराउने घोषणा राजाबाट भएपछि प्रचारप्रसारका लागि बल्ल प्रेसको आवश्यकता टड्कारो देखियो । पोखरामा सानोतिनो एउटा प्रेस हुने हो भने पश्चिम ३ नम्बर (हालको पोखरा क्षेत्र), पश्चिम ४ नम्बर (हालको स्याङ्जा) ईलाका र बागलुङ गौडासम्मको पहाडी भेगलाई त्यसले काम दिन्छ भन्ने सोचाई आएको थियो ।[18]

विसं २०१६ सालको आरम्भमा निर्वाचित सरकारबाट सत्तारुढ भएपछि मुलुकमा नयाँ हलचल पैदा भयो । निर्वाचनमा दुई तिहाई बहुमत प्राप्त गरि सत्तारुढ बन्न सफल भएको कांग्रेसको सरकारले चुनावको घोषणापत्रमा आफूले गरेका वाचा अनुसारका नीति र कार्यक्रम कार्यन्वयन गर्ने दिशामा आफ्ना निर्णयहरू सार्वजनिक गरेपछि उत्पन्न त्यो हलचलको शिलशिलामा प्रजातन्त्रको उदयसँगै जनचेतना जगाउन पत्रिका चलाउने भावना तिब्र रूपमा सुरु भयो । त्यसैको परिणाम स्वरूप औलामा गन्न नपुग्ने शिक्षित तरुणहरूले पोखरामा साप्ताहिक पत्रिका चलाउने विचार गरे ।

---

16 क्षेत्रीय मिडियाः विगत र वर्तमान, मार्टिन चौतारी, २०५८, केशवराज पराजुली, २०६

17 मिडिया अध्ययन-१, मार्टिन चौतारी, २०६३, पोखरामा छापाखाना, केशवराज पराजुली, पृ १०५

18 क्षेत्रीय मिडियाः विगत र वर्तमान, मार्टिन चौतारी २०५८, केशवराज पराजुली, २०७

विसं २०१७ कात्तिक २६ गते *हिमदूत* साप्ताहिकले प्रकाशन आरम्भ गरेको थियो । हिमदूत साप्ताहिक प्रकाशन पश्चात पोखरामा पत्रपत्रिका प्रकाशनको जग बसेको हो । यसका प्रकाशक सम्पादकमा पटना विश्व विद्यालयका स्नातक जगन्नाथ सिग्देल थिए । पोखरामा पत्रकारिताको थालनी यसैलाई मानिएको छ ।[19]

## ख विसं २००७ पछिको पोखराको पत्रकारिता

पोखराको पहिलो पत्रिका *हिमदूत* ले ५ साता पुरा गर्न नपाउँदै २०१७ साल पुस १ गतेको काण्ड घटिहाल्यो । निर्वाचित सरकार विघटन मात्र गरिएन, संसद विघटन गरी राजनीतिक नेताहरूलाई पक्राउ गरियो । सङ्कटकाल घोषणा भयो, संविधानमा उल्लेख भएका जनताका तमाम मौलिकहक निलम्बित गरिए र राजनीतिक दलमाथि प्रतिबन्ध लगाईयो । जिल्लाका राजनीतिक कार्यकर्तामाथि धरपकड सुरु भयो । जसले गर्दा राजनीतिक उद्देश्य राखेर भर्खरै जन्मिएको पत्रिकामाथि अप्रत्याशित सङ्कट देखा पर्न थाल्यो । त्यसको केही दिनपछि संसदीय पद्दति नै विघटन गरिएपछि पत्रिकाको भविष्य अनिश्चित भयो ।

मध्यमार्ग अर्थात समर्थन वा प्रतिरोध नगर्ने नीतिमा चल्दा प्रशासनको असहयोग मात्र भएन, निरन्तर वक्रदृष्टि यसमाथि आईरहने निश्चित थियो । यो खतरालाई मोलेरै भएपनि प्रकाशनलाई सुचारु रूपमा लैजाने प्रयत्न भईरहेको बेला अर्को दैवि वज्रपात आईलाग्यो । यसका प्रकाशक तथा सम्पादक जगन्नाथ सिग्देलको निधन भयो । सङ्कटमाथि अर्को सङ्कट थपिँदा हिमदूतको जीवनमा विपत्ति आउनु स्वभाविक थियो । तर पनि सम्पादक सिग्देलका आफन्तहरूले पत्रिकाको प्रकाशनलाई निरन्तरता दिने बिचार गरे । तदनुरूप चित्राङगद सिग्देल प्रकाशक र ऋषि कोईराला सम्पादकको रूपमा नियुक्त भए र पत्रिका प्रकाशन गर्न थालियो ।[20]

## ग विसं २०१७ देखि २०४७ सम्मको पोखराको पत्रकारिता

संसदीय शासनपद्दतीको विघटनपछि निर्दलिय पञ्चायत आयो । तत्काल यसको प्रतिरोधमा नेपाली कांग्रेस बाहेक अरु कुनै संगठन देखिएको थिएन । प्रतिरोधमा निस्केको नेपाली कांग्रेसलाई अर्राष्ट्रिय तत्वको संज्ञा दिइयो । निर्दलिय पद्दतीको राजनीतिक परिचालनका विभिन्न वर्गिय संगठनहरू बनाइए । ती संगठनहरूको एउटै मात्र काम कथित अर्राष्ट्रिय तत्वलाई सैद्धान्तिक रूपमा परास्त गर्नुथियो ।

त्यसैले उनीहरू तिनलाई तथानाम गाली गरेर थाक्दैनथे । *हिमदूत* ले उनीहरूलाई अनुशरण गर्ने कुरा हुँदैनथ्यो । उनीहरूलाई आफ्नो भाषा बोलिदिने अखबार स्थानीय स्तरमा पनि चाहियो । त्यसैको फलस्वरूप २०२० सालतिर *पञ्चसमाज र गण्डकी* को प्रकाशन जिल्ला निर्देशन अधिकारी र अञ्चल निर्देशन अधिकारीको मातहतमा सुरु गरियो ।[21]

जागिरे मानिसले सरकारी खर्चमा चलाउने र उद्देश्य पनि जनसाधारणले नरुचाउने भएकोले पञ्चबाहेक उनीहरूका पाठक देखिदैनथे । *पञ्चसमाज* भन्दा *गण्डकी* को स्तर तिनलाई चलाउनेको योग्यताले भिन्न देखाउँथ्यो ।

---

19 क्षेत्रीय मिडिया: विगत र वर्तमान, मार्टिन चौतारी २०५८, केशवराज पराजुली, २०७

20 क्षेत्रीय मिडिया: विगत र वर्तमान, मार्टिन चौतारी २०५८, केशवराज पराजुली, २०८

21 क्षेत्रीय मिडिया: विगत र वर्तमान, मार्टिन चौतारी २०५८, केशवराज पराजुली, २०८

सिडियोले तोकेर दिएको पैसाले निर्देशन अधिकारी आफैले निकाल्ने हुँदा *पञ्चसमाज* नियमितता र स्तरीयतामा निम्छरो थियो । *गण्डकी* साप्ताहिक गण्डकी अञ्चल पञ्चायतको कोषबाट चलाईने, सम्पादकको दरबन्दी पनि भएको हुँदा केही व्यवस्थित थियो । यसको मातहत *साहित्यधारा* नामको साहित्यिक पत्रिका पनि थियो । डा. महेश्वर शर्माको निर्देशनमा पहिले मुकुन्दशरण उपाध्याय र पछि केदार शर्मा ढकाल यसका सम्पादक भएका थिए । राजनीतिक तरलताले गर्दा सम्पादकहरू परिवर्तन भईरहन्थ्यो । त्यसैले सम्पादकको स्थायित्व हुँदैनथ्यो । यसैबीच लमजुङ उदीपुरका तरुण देवराज पन्त *राजा* मासिक लिएर पोखरामा देखा परेका थिए । उनले पोखराका प्रतापकुमार भट्टचनलाई प्रकाशक बनाई आफू सम्पादक भएर २ पेजी दैनिक दैनिक *निर्णय*को प्रकाशन सुरु गरे ।[22]

त्यो बेलासम्म पोखरामा तुलाचन प्रेस नामको अर्को प्रेस स्थापित भईसकेको थियो । तर सिमित साधन र श्रमिक अभावले क्षमताको पुरा उपयोग हुन सक्ने अवस्था थिएन । त्यसले *दैनिक निर्णय* आफ्नै प्रेस बनाउने धुनमा रूपन्देही स्थानान्तरित भएको थियो ।

समस्त कुरा मुलुकको राजनीतिमा निर्भर गर्दछ । विघटित संसदीय व्यवस्थाको पक्षधर नेपाली कांग्रेसका सानाठुला नेता तथा कार्यकर्ताहरू कोहि जेलमा थिए भने कोही भारतमा निर्वासित थिए । कतिपय देशभित्रै भूमिगत रूपमा रहेर सांगठनिक गतिविधि संचालन गर्दथे । परन्तु प्रतिवन्धित नेपाली कांग्रेसका सभापति एवं अपदस्त निर्वाचित प्रधानमन्त्री वीपी कोईराला कारगारमुक्त भएपछि भारत निर्वासनमा गएर पुन सशस्त्र संघर्षको विगुल फुके । यसले सुधारको दिशामा उठेका राजाका पाईला अवरुद्ध भए । राष्ट्रवादी र प्रगतिशील मिलेर प्रजातन्त्रवादी विरुद्ध प्रहार गर्ने स्थिति विकसित भयो । यस्तो विकसित स्थितिमा नेपालमा प्रजातन्त्रवादी समूहले *नेपाल पर्यवेक्षक साप्ताहिक* लाई जन्म दियो भने प्रगतिशील समुह *नौलो हाँक* साप्ताहिक पत्रिका लिएर देखा पऱ्यो । राष्ट्रवादीहरूले *नौलो डाँको* र *आव्हान* नामका दुईओटा साप्ताहिक पत्रिका निकाले । यीनका अगाडि केवल राजनीति मात्र थियो, पछाडि न व्यवस्थापनको दक्षता, नत सम्पादकीय कौशल र स्थायित्व दिने सोँच । पत्रकारिताको विकासमा त्यसैले तिनको ठोस योगदान केही भएन ।[23]

राष्ट्रिय एकता र मेलमिलापको नीति घोषणा गरेर निर्वासन त्यागी आफ्ना सहयोगी समेत वीपी कोईराला २०३३ सालमा स्वदेश फर्केपछि नेपालको राजनीतिले अर्को मोड लियो । त्यसैबेलामा भूमिगत नेपाली कांग्रेसको संगठनमा आवद्ध केशवराज पराजुलीले जनमत संग्रहमा बहुदल पक्षमा जनमत सिर्जना गर्ने उद्देश्यले *जनमत* नामकै दैनिक समाचारपत्र चलाउने विचार गरी अनुमतिको लागि जिल्ला प्रशासनमा निवेदन दिएकोमा जनमत संग्रहको परिणाम अनुसार संविधान सुधार भएर नयाँ सरकार सत्तारुढ भई त्यसले प्रेस र प्रकाशन सम्बन्धी ऐन नियम बनाएपछि मात्र अनुमति प्राप्त भयो । सुधारिएको पञ्चायतमा राजाको सक्रिय नेतृत्व र निर्दलियता वरकरार रहेकोले जनमत संग्रहको परिणामलाई स्विकार गरेपनि प्रजातन्त्रवादीको विमति कायमै रह्यो ।

वहुदलीय प्रजातन्त्रलाई लक्ष्य बनाएर २०३९ साल मंसिर देखि दैनिक *जनमत* को प्रकाशन सुरु भएको हो । *जनमत* को प्रकाशनको स्पर्धामा दैनिक *अवलोकन*लाई उमाकान्त शर्माले प्रकाशनमा ल्याए । तर, त्यो सरकारी तथ्याङ्मा राख्नका लागि मात्र प्रकाशित गरिन्थ्यो, बजारमा ल्याउने गरिएको थिएन । त्यसपछि *सप्तगण्डकी,*

22 क्षेत्रीय मिडिया: विगत र वर्तमान, केशवराज पराजुली, २०९

23 क्षेत्रीय मिडिया: विगत र वर्तमान, मार्टिन चौतारी २०५८, केशवराज पराजुली, २०९

*भञ्ज्याङ, साँचोकुरा, अरुणोदय, वातावरण* नामका साप्ताहिक पत्रिकाले प्रकाशनको अनुमति पाए । *सप्तगण्डकी*लाई यसका प्रकाशक तथा सम्पादक भूपनिधि पन्तले पत्रकारिताको अदर्श अनुरूप लैजान प्रयत्न गर्दा अञ्चल प्रशासनले उनको खेदो गऱ्यो । राजकाजको मुद्दा लाग्यो र जेल जानुपऱ्यो । उदाउने र अस्ताउने गर्दागर्दै यो पत्रिकाले केहि वर्षपछि विश्राम लियो ।

त्यसैगरी *भञ्ज्याङ* र *साँचोकुरा* पनि पर्व पत्रिकाको रूपमा केही वर्ष चलेर अस्ताए । वालकृष्ण सुवेदीले *अरुणोदय* लाई ७/८ अङ्क जति मात्र निकालेका थिए । अनुमति लिएर पनि *वातावरण* प्रकाशित नै भएन । अर्कोवर्ष *राष्ट्रआवाज* र *पर्यवेक्षक* साप्ताहिकको प्रकाशनको अनुमति क्रमशः केशव भण्डारी र तिलकमान गुभाजुले लिएका थिए । पर्यवेक्षक पनि केहि समय निस्कने, केहि समय बन्द हुने गर्दै आएको थियो । दैनिकमा परिणत भएर केहि समय प्रकाशित हुन थालेको यो पत्रिका पनि बन्द भयो ।

पञ्चायतकाल स्वतन्त्र पत्रकारिताको निम्ति बाधक थियो । पत्रकारिताको नाममा चाटुकारिता गरेर आफ्नो बन्दोबस्त गर्ने कथित पत्रकारलाई यो सुवर्ण अवसर थियो । स्वच्छ पत्रकारिता गर्ने पत्रकारहरूले पाईला पाईलामा प्रताडना पाउँथे । सदाकाल पत्रकारको शिरमाथि तरबार झुण्डिएको हुन्थ्यो । 'मिसन' को पत्रकारिता गर्ने प्रतिवद्धता लिएका पत्रकारहरू पनि हुन्थे, उनीहरू बरु सजाय कवुल गर्दथे, तर मिसनलाई त्याग्दैनथे । पोखरा पनि त्यस्तै परिवेशभित्र थियो, बाहिर निस्कन सकेको थिएन ।[24]

विसं २०१७-२०४६ सालसम्म दर्जनौं पत्रपत्रिकाहरू प्रकाशित भएपनि देखिने र बिलाउने गर्दै गए । प्रकाशित पत्रिकाहरूले स्थानीय, राष्ट्रिय, अन्तर्राष्ट्रिय प्रमुख घटना प्रकाशित गर्दै अघि बढेका हुन् । नेपाल पत्रकार महासंघ, कास्कीले जगन्नाथ सिग्देललाई जेठा कस्केली पत्रकारको रूपमा सम्मान गर्दै आएको छ ।[25]

त्यसपछि पोखरामा पत्रकारिताले अगाडि बढ्ने अवसर प्राप्त गऱ्यो । मुलुकमा प्रजातन्त्रको स्थापना पछि यो पेशाले मान्यता प्राप्त गरेको हो । वर्तमानमा रोजगारीका नयाँनयाँ अवसरको सृजनासँगै पत्रकारिताको पेशा पनि थप आकर्षणको केन्द्रका रूपमा विकसित हुनु पत्रकारिताको लागि स्वर्ण अवसर हो । जसरी छापा पत्रिकाबाट अत्याधुनिक विद्युतीय सञ्चारमा पत्रकारिता प्रवेश गऱ्यो, त्यसैगरी यसको आकर्षण पनि समाजका हरेक वर्ग, जात र लिङ्गमा बढ्दै गएको छ । विगतको अनुपातमा महिला, जनजाति, दलित अर्थात पिछडिएको समुदाय पनि यस पेशातर्फ आकर्षित छन् । कतियपले पत्रकारितालाई पेशागत रूपमा अवलम्वन गरेका छन् भने कतिपयले यसलाई शौखका रूपमा लिएका छन् ।[26]

## घ विसं २०४७ पछिको पोखराको पत्रकारिता

प्रजातन्त्र पुर्नस्थापनापछि पोखरामा पत्रपत्रिकाको बाढि नै आएको छ । पोखरा जस्तो सानो शहरमा पनि अहिले नियमित प्रकाशित हुने दैनिकको संख्या १० रहेको छ । पोखराको पत्रकारिताको अवस्था मुल्याङ्कन गर्दा पत्रिका प्रकाशन गर्नु रहरको रूपमा रहेको देखिन्छ । सम्पादक तथा प्रकाशकको नाममा कहलिने प्रचलन रहेको छ । पत्रकार भईन्छ भन्ने रहर जागेको पाईन्छ । पत्रकारिता पेशा, व्यवसाय, सीप वा कलाको रूपमा वा एउटा साहसिक उद्यमको रूपमा रहेको पाईदैन । तर, पनि प्रकाशन गर्ने भन्दै दर्ता गराइएका सबै पत्रिका प्रकाशित हुन सकेका

24 क्षेत्रीय मिडियाः विगत र वर्तमान, केशवराज पराजुली, २१०

25 स्मारिका, नेपाल पत्रकार महासंघ, २०५८, भूपनिधि पन्त, ७

26 केशवराज पराजुली, अन्तवार्ता

छैनन् । कतिपय पत्रिका प्रकाशन भएर पनि बन्द भएको अवस्था छ । कुनै पनि पत्रिका निरन्तर रूपमा प्रकाशित गरिरहनु चानचुने कुरा होईन । पत्रकारिता गर्नु सजिलो कुरा होईन, यो उत्तिकै जोखिमपुर्ण पनि छ ।

पोखराको पत्रकारिताको विगतलाई नियाल्दा पत्रिकाको संचालनको जिम्मेवारी लिने र सम्पादनको जिम्मेवारी लिने एउटै व्यक्ति रहेको पाईन्छ । २०५४ सालपछिको समयमा भने यसमा केहि सुधार हुँदै आएको भान पर्न थालेको छ । धेरैजसो अखबारमा सम्पादक र प्रकाशक छुट्टाछुट्टै व्यक्ति हुने गरेका छन् । प्रकाशनगृहका कार्यालय केही हदसम्म व्यवस्थित बन्दै जान थालेका छन् । दैनिक अखबारमा संस्थागत रूपमा कार्य संचालन गर्ने प्रयासको थालनी भएको छ । पत्रकारका रूपमा अझैपनि प्रकाशकहरूकै अग्रसरता देखिएको पाईन्छ । प्रेसका संचालकलाई पत्रिकामा हिस्सेदारको रूपमा रहेको देखिन्छ ।[27]

## ङ पोखराका पत्रिकाका समाचार बस्तु

पोखराका अखबारहरू स्थानीय प्रकाशन भएपनि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समाचारलाई पनि अखबारले उत्तिकै प्राथमिकता दिएका छन् । स्थानीय भएपनि यी अखबारमा व्यानर न्यूजका रूपमा स्थानीय खबर विरलै भेटिन्छन् । औपचारिक कार्यक्रम, दुर्घटना र आपराधिक गतिविधिलाई टुक्रे समाचारको रूपमा अत्यधिक प्रयोग गरिएको पाईन्छ । कुनै विषय वा घटनालाई विश्लेषण गरि प्रस्तुत गरिएका लामो प्रकृतिका समाचार कमै हुन्छन् । राष्ट्रिय समाचार समिति (रासस) को नेटवर्किङ सबैजसो अखबारले प्रयोग गर्ने हुनाले देश र विदेशमा पनि अनौठा खबर, दुर्घटना अथवा हत्या, हिंसा, वलात्कार, चोरी डकैतीले यी अखबारमा अत्यधिक स्थान पाएका हुन्छन् । औपचारिक कार्यक्रमका समाचारले भने पोखरा र सेरोफेरोका क्षेत्रकै बढि आउने गरेका छन् । पोखराका दैनिक अखबारमध्ये केही पत्रिका ६ र अन्य ४ पृष्ठमा प्रकाशित गरेको पाईन्छ । तरपनि नियमित रूपमा ६ पृष्ठमा प्रकाशित भएका हुँदैनन् । विज्ञापनको आधारमा पृष्ठ थपघट हुने गरेका छन् ।

पोखराका सबैजसो पत्रिका ट्यावलोईड साईजमा प्रकाशित भएका छन् । अखबारका संचालकहरूको ध्यान पाठकको रुचितर्फ नभई विज्ञापनपट्टी फर्केको पाईन्छ । लेखलाई कमै मात्रामा पारिश्रमिक दिने गरिएको छ । त्यसैले स्तरिय लेखरचना कमै मात्रामा प्रकाशित भएका हुन्छन् । मेहनत गरेर लेखिएका समाचार कमै मात्रामा पाईन्छन् ।

औपचारिक कार्यक्रम, दुर्घटना र आपराधिक क्रियाकलापका समाचार नै बढि मात्रामा प्रकाशित हुने गरेका छन् । राससले प्रकाशित गरेको बुलेटिनका समाचार अत्यधिक मात्रामा प्रकाशित हुने गरेको छ । पढेलेखेका मानिसहरू कम मात्रामा हुने र उनीहरूले अपराध र दुर्घटनाका समाचार बढि मात्रामा रुचाउँछन् भन्ने मान्यता प्रकाशनगृहले राखेको पाईन्छ ।[28]

पोखराका अखबारहरूमा राजनीतिक पुर्वाग्रही पनि रहेको पाईन्छ । फलानो अखबार फलानो दलसँग आवद्ध रहेको छ भन्ने देखिन्छ । तरपनि हालका वर्षहरूमा सबै अखबारले तटस्थता देखाउने प्रयास गरिरहेको पाईन्छ । आफ्ना संवाददाताको अग्रसरतामा विविध पक्षको खोजि गरि तयार पारिएका समाचार सामग्री कमै मात्रामा पाईन्छन् । कुनै स्पष्ट सतहको घटना मात्रै समाचार बन्ने गरेका छन् । घटनाको प्रवृत्तिको विश्लेषण र अनुमगन भएको पाईदैन । विज्ञापन गर्नुपर्ने विषयलाई समाचारको रूपमा प्रस्तुत गरिएको पाईन्छ । अखबारको

27 क्षेत्रीय मिडियाः विगत र वर्तमान, मार्टिन चौतारी २०५८, शेखर पराजुली, २१५

28 क्षेत्रीय मिडिया, विगत र वर्तमान,: पोखरेली मिडिया व्यवसायीकताको संघारमा, शेखर पराजुली, २२२

सम्पादकीयमा समाचार र विचारको संयोजन हुनुपर्ने हो, विचारले शन्देश बोकेको हुनुपर्छ, तर त्यस्तो सम्पादकीय यहाँका अखबारमा कमै मात्रामा पाईन्छ । सम्पादकीयमा पनि समाचारमा जस्तै विवरण नै प्रस्तुत गरिएको हुन्छ ।[२९]

## १.२ समस्याको कथन

केन्द्रबाट प्रकाशित हुने ठूला लगानी र आकारका दैनिक पत्रिकाहरूले मोफसलबाट प्रकाशित हुने पत्रिकालाई सधैं पछाडी पार्दै आएका छन् । पत्रकारिता क्षेत्रमा लगानी बढ्दै गएपनि मोफसलबाट प्रकाशित हुने समाचारपत्रहरूले सोचे अनुरूपको सफलता हासिल गर्न सकेका छैनन् । वास्तवमा भन्ने हो भने राष्ट्रिय विकासका सवालमा नेपाली सञ्चार माध्यमले अहिले निकै ठूलो भूमिका खेल्नसक्ने अवस्था छ । पत्रपत्रिकाहरूले मूलत राजनीतिक विषयवस्तुमा आधारित भएर समाचार प्रकाशित गर्ने गर्छन् । अहिले सबै क्षेत्रबाट नयाँ नेपाल निर्माणमा योगदान दिने चर्चा चलिरहेको सन्दर्भमा नेपाली सञ्चारकर्मीले नयाँ र नौला विकास निर्माणका विषयवस्तु मार्फत कसरी नयाँ नेपाल बनाउन सकिन्छ भन्नेमा ध्यान दिनु जरुरी छ । तर नेपाली सञ्चार माध्यमले यस कुरामा त्यति चासो दिइराखेका छैनन् । राणाकाल, पञ्चायतकाल, प्रजातान्त्रिक हुँदै लोकतान्त्रिक अवस्थासम्म सञ्चारमाध्यम आइपुगेको भएपनि नेपाली समाजमा रहेका सामाजिक, सांस्कृतिक, आर्थिक लगायत यावत् पक्षको उन्नति र प्रगतिमा मिडियाले उल्लेखनीय सहयोग पुऱ्याउन सक्छन् । तथापि सञ्चारमाध्यमहरू ताता र सनसनीपूर्ण समाचारका खोजीमा मात्र लागिपरेका छन् । सस्तो लोकप्रियता र बिकाउको धन्दामा मात्र नेपाली मिडिया केन्द्रित रहनाले पनि पछौटे ग्रामीण जीवन र समृद्ध शहरी जीवनको बीच पुलको भूमिका निर्वाह गर्न नेपाली मिडिया असफल झैं देखिन्छन् ।

स्थानीय छापा पत्रकारिताले यति धेरै समस्याहरू भोग्नुपरेको छ की जसले गर्दा पत्रकारिताले अपेक्षा गरे अनुसारको विकास गर्न सकिरहेका छैनन् । स्थानीय छापामाध्यमको पनि शहर र सदरमुकामको अवस्था, सदरमुकाम बाहिरको बजारबाट निस्कने पत्रिकाहरूको अवस्था फरक फरक रहेका छन् । पूँजी लगानी सम्बन्धि समस्या, सूचना प्राप्ति, भौतिक एवं प्राविधिक असुविधा, दक्ष जनशक्तिको खाँचो, विज्ञापनको अभाव, वितरण, पेशाको ग्यारेन्टी नहुनु, शिपको अभाव लगायतका थुप्रै समस्या भोग्न बाध्य छन्, मोफसलका पत्रपत्रिकाहरू । ती बाहेक अवसरको कमी, असुरक्षा, अस्वस्थ प्रतिस्पर्धा, व्यवस्थापनमा कमजोरी, विश्वसनियतामा कमी, पाठकको पूर्वाग्रही मानसिकता, व्यवसायिक प्रतिवद्धताको अभाव लगायतका समस्या समेत मोफसलका पत्रिकाले खेप्नुपरेको छ ।[३०]

यस शोधकार्यमा पोखराबाट प्रकाशित पत्रिकामा स्थानीय र राष्ट्रिय समाचार प्रकाशनको अवस्था बुझ्ने प्रयास गरिएको छ । त्यसबाहेक पोखराका स्थानीय दैनिकमा स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय समाचार समावेशको अवस्था कस्तो छ ? भन्ने प्रश्नको जवाफ पनि यहाँ खोज्ने प्रयास गरिएको छ । त्यसैगरी समाचारको प्राथमिकता निर्धारण नीति छ कि छैन ? भन्ने विषयमा पनि बुझ्ने कोशिष गरिएको छ ।

---

२९ क्षेत्रीय मिडिया, विगत र वर्तमान, पोखरेली मिडिया व्यवसायीकताको सँघारमा, शेखर पराजुली, २२२

३० संहिता, प्रेस काउन्सिल नेपालको त्रैमासिक प्रकाशन, स्थानीय छापामाध्यमः समस्या र समाधान, बैशाख-असार २०६६, चन्द्रकिशोर, ३०

## १.३ अध्ययनको औचित्य

पत्रपत्रिकामा राजनीतिक, गैरराजनीतिक, सामाजिक, आर्थिक लगायत थुप्रै विषयमा समाचार प्रकाशित हुन्छन् । तर, ती समाचार सामग्रीले पाठकमा के कस्तो प्रभाव पारेको छ भन्ने तथ्य बाहिर आएको हुँदैन । स्थानीय रूपमा पत्रिकाहरू प्रकाशन भएपनि उनीहरूको ठाउँ राष्ट्रिय स्तरका पत्रिकाले लिएका हुन्छन् । स्थानीय पत्रिका कम मात्र पाठकको रोजाईमा पर्नुको कारण समेत खोज्नुपर्ने अवस्था आएको छ । यस्तो अवस्थामा पाठकले स्थानीय समाचारपत्रहरूलाई कुन रूपमा लिएका छन् भनेर अध्ययन गर्नु आवश्यक पर्छ । स्थानीय पत्रिकामा प्रकाशित समाचार सामग्रीले कत्तिको महत्व राख्छन, यसबारे प्रर्याप्त अध्ययन हुन सकिरहेको छैन । अथवा राष्ट्रिय स्तरका पत्रिकामा प्रकाशित समाचार सामग्रीले जति प्रभाव पारेका हुन्छन्, त्यत्ति नै स्थानीय पत्रिकामा प्रकाशित समाचारले नपार्नुको कारण खोज्न पनि यो अध्ययन गर्नुपरेको हो ।

## १.४ अध्ययनको महत्व

नेपालको राजनीतिक परिवर्तनको पक्षमा सञ्चारमाध्यमको महत्वपुर्ण भूमिका रहन्छ । पञ्चायतकालमा पत्रपत्रिकाहरू सोचे अनुरूप फस्टाउन सकेनन्, अझ मोफसलमा पत्रकारिता झनै पछाडी परेको थियो । नेपालका ठुला र साना, त्यसमा पनि मोफसलको पत्रिका बिच निकै नै अन्तर छ । व्यावसायीक पत्रकारिता भनेको पेशागत मर्यादाको पालना गर्नु हो । त्यसैको पीडामा मोफसलका पत्रिका संचालन भईरहेका छन् ।

राजधानी बाहिर सरकारका आँखा कम पर्नु, स्थानीय पत्रिकाको विकासको लागि नीति नियम नबन्नु समुचित रूपमा विज्ञापनको वितरणको व्यवस्था नहुनु, दक्षता तथा क्षमता अभिवृद्धिका लागि पर्याप्त तालिमको व्यवस्था नहुनु तथा पत्रिका संचालनको लागि आवश्यक सामग्री सरल र सुलभ रूपमा उपलब्ध नहुनु आदि मोफसलको पत्रकारिताको समस्याको रूपमा रहेका छन् ।[31]

त्यसैगरी मोफसलका पत्रिकामा मोफसलकै समाचारको महत्व के रहेको छ भन्ने बारेमा पनि यो अध्ययनमा समेट्ने प्रयास गरिएको छ ।

## १.५ अध्ययनको उद्देश्य

सिमित साधन, श्रोत, सरकारी उपेक्षा बिच कास्कीबाट पत्रिकाहरू प्रकाशन भईरहेका छन् । पत्रिका प्रकाशित भएर मात्र हुँदैन, प्रकाशन पछि बजार सम्म ल्याउन सक्ने अवस्था पनि हुनु जरुरी छ । सिमित श्रोत साधनका बिच प्रकाशित भईरहेका कास्कीका पत्रिकाले मोफसलका समाचारलाई के कस्तो महत्व दिएका छन् भन्ने यो अध्ययनले देखाउन खोजेको छ ।

यस शोधकार्यमा निम्न लिखित उद्देश्यहरूको जवाफ खोज्ने प्रयास गरिएको छ ।

क) कास्की जिल्लाबाट प्रकाशित दैनिक अखवारका स्थानीय समाचारको अवस्था थाहा पाउने

ख) स्थानीय दैनिकमा ग्रामीण, राष्ट्रिय र अन्तर्राष्ट्रिय समाचार प्रयोगको अवस्था अध्ययन गर्ने ।

---

[31] स्मारिका, नेपाल पत्रकार महासंघ, २०५८, कास्की, कृष्णप्रसाद बाँस्तोला, २९

## १.६ सन्दर्भ सामग्रीको पुनरावलोकन

'स्थानीय' शब्दको नेपाली बृहत शब्दकोषमा कुनै खास ठाउँको, रैथानेको अर्थमा व्याख्या गरिएको छ । पत्रकारितामा स्थानीयत छापामाध्यम भन्ने शब्दले बहुतांशमा मोफसलको पत्रकारितालाई रेखाङ्कित गरिएको पाईन्छ ।

**'मोफसल'** को शाब्दिक अर्थ नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानले नेपाली बृहत शब्दकोषमा नगर वा मुख्य शहरदेखि बाहिरको ठाउँ, जिल्ला, प्रान्त वा राजधानीभन्दा बाहिरको उल्लेख गरिएको छ । नेपाली पत्रकारिताको सन्दर्भमा 'मोफसल' शब्दले राजधानी बाहिरका जिल्ला वा शहरमा बसेर गरिने पत्रकारितालाई सम्बोधन गर्छ । मोफसलको पत्रकारिता भन्नाले काठमाडौं बाहिरको पत्रकारितालाई बुझ्नु पर्ने हुन्छ । यद्यपी राजधानी बाहिरबाट हुने पत्रकारितालाई क्षेत्रीय, स्थानीय, आञ्चलिक वा जिल्लाको पत्रकारिता भनेर समेत बुझिन्छ ।

लोकतान्त्रिक शासनप्रणालीमा सुशासनको स्वरूप राज्यको एकाई तहसम्म समेत प्रष्टिनुपर्छ । स्थानीय सरकारको घटनाक्रमलाई सचेत भई अनुगमन गर्नुपर्ने जिम्मेवारी स्थानीय निकायको हुन्छ । यसका लागि स्थानीय पत्रकारिताको आवश्यकता पर्छ । स्थानीयले क्षेत्रीय वा सीमित ठाउँमा पहुँच बनाएको छापा माध्यम सम्झनुपर्छ ।

### १.६.१ गोरखापत्रको पहिलो अङ्कमा प्रकाशित समाचार

आठ पेजमा प्रकाशित गोरखापत्रको पहिलो अङ्कमा गोरखापत्र पत्रिका प्रकाशन गर्नुको उद्देश्य, यसबाट अपेक्षित फाईदा आदि सबै उल्लेख गरिएको पाईन्छ । पहिलो अङ्कमा प्रकाशित चार पंक्तिको यस कविताले धेरै कुरा भनेको छ ।

'निरोगी सबै हुन, सबै हुन् सुखिया
सबै वेस देखुन, नहुन क्वै दुखिया
सबैको यसै पत्रले हाथ सुहाओस
सधैं हर्षले दिल सबैको

गोरखापत्रको नामाकरणबारे पनि स्पष्ट भनिएको छ-'जसका नाममा सम्बन्धले, हामीहरू गोर्खाली कहिएका हौ, उनै गोरक्षकालीको सम्झनामा पनि यो अखबारको प्रारम्भ गर्छौ ।'[32]

गोरखापत्र प्रकाशनको उद्देश्यबारे पहिलो अङ्कमा जसरी स्पष्ट पारिएको छ, जुन देशमा अखबार बढ्दै गएको छ, ती ती देशमा रोज व रोज उन्नती पनि बढ्दै गएको देखिन्छ । हुनपनि यस संसारमा मुख्य कुरो खबरै छ । पंक्षीमा पनि खबरले आपसमा व्यवहार चलाएका छन् । यसरी नेपालको पहिलो समाचारपत्रको रूपमा प्रकाशित गोरखापत्रले समाचारको महत्वलाई प्राथमिकता दिएको देखिन्छ । यसैगरि गोरखापत्रको प्रकाशनबाट नेपाली समाजको राजनीतिक, सामाजिक, आर्थिक एवं सूचना प्रवाहका क्षेत्रमा पुग्न सक्ने अपेक्षित योगदानबारे पहिलो अङ्कमा नै १४ बुँदामा उल्लेख गरिएको छ ।

---

[32] पत्रकारिताका आयाम, पैरवी बुक हाउस, २०६४, श्रीरामसिंह बस्नेत, ८१

१. सरकार र सर्वसाधारण जनताबिच सम्पर्कमाध्यम:

'यो पत्रबाट दुनियाँको दुखदर्द श्री ३ महाराजको हजुरमा पुगी यथार्थ जाहेर हुने हुनाले र श्री ३ महाराजबाट दुनियाँको उपरमा निगाह राखिबक्सने राय तपाई हामीहरू सारा दुनियालाई यथार्थ थाहा हुने हुनाले राजारैजत सबैलाई ठुलो फाईदा छ।

२. राजा र जनताबिच आपसी विश्वास एवं प्रगतिको लागि उत्प्रेरणा:

'अखबार बराबर हेर्नाले दुनियाँभरको खबर जानी ठुला ठुला मुलुकले यस किसिमले देशको उन्नती गरेको रहेछ, यस्तो सभ्यता रहेछ भनि जान्नाले बुद्धिमान भएका दुनियाँले आफनो चालचलन, व्यवहार, धर्म, कर्म, लगायतमा विषयमा उन्नती गरेको देखी राजा रैयत दुवैलाई फाईदा हुन्छ।

३. सैनिक उपलब्धिबारे जानकारी:

४. केन्द्रीय र स्थानीय निकायका कार्यबारे जानकारी

५. सूचना र समाचार प्रवाह

६. देशभित्र र बाहिर रहेका नेपालीबारे जानकारी

७. व्यापारिक सूचना

८. सीप तथा प्राविधिक सूचना

९. कानुनी जानकारी

१०. शैक्षिक जागरण

११. महिला जागरणको उत्प्रेरणा

१२. शिक्षकहरूका लागि सन्दर्भ सामग्री

१३. कृषि सूचना

१४. कर्मकाण्डमा सहयोग

गोरखापत्रको पहिलो अङ्कमा प्रकाशित विभिन्न सामग्रीहरूमा आठपंक्तिको अर्को कविता पनि महत्वपुर्ण रहेको छ। यस कवितालाई गोरखापत्रले गर्न खोजेको कार्य स्पष्ट, सरल र रोचक ढंगले व्यक्त गरिएको छ।

गोरखापत्रको पहिलो अङ्कमा महत्वपुर्ण एवं रोचक सामग्रीका साथसाथै 'देशान्तर समाचार' शिर्षकमा फ्रान्सेलीहरूले तोप बन्दुकमा एसिटिलीन ग्याँस र हावा भरि बारुदको काम लिन लागेको, 'निमता' शीर्षकमा वरिष्ठ राणा पदाधिकारीहरू श्री ३ प्रधानमन्त्रीलाई निम्ता दिन गएको, 'बजार भाउ' शीर्षकमा काठमाडौंको बजारमा मार्सी चामल, तौली चामल, धान, मास, नुन, तेल र घिउको मुल्य तथा प्युठान, सिन्धुली, दोलखाको बजारमा धानको मुल्यसूचि दिइएको छ भने बाग्लुङ, भोजपुर र बुटबलको नाम सूचीमा उल्लेख छ तर मुल्य दिइएको छैन। उक्त मुल्यसुची अनुसार त्यतिखेर काठमाडौंको बजारमा एक रूपैयाँमा मार्सी चामल एक पाथी ७ माना ५ मुठी पाईने गरेको देखिन्छ। यसका साथै 'बम्बई सुनचाँदीको दर' भनि सुनचाँदीको मुल्य दिएको पाईन्छ। अन्तिम पृष्ठ (आठौं) मा गोरखापत्रको आफ्नै विज्ञापन छापेको थियो।[33]

---

33 पत्रकारिताका आयाम, पैरवी बुक हाउस, २०६४, श्रीरामसिंह बस्नेत, ८७

विसं २००७ सालदेखि हालसम्म मुलुकको आर्थिक, राजनीतिक, गतिविधि नितान्त काठमाडौं केन्द्रित भएकोले वीरजञ्ज, भद्रपुर, विराटनगर, बुटबल, नेपालगञ्ज जस्ता ठाउँहरूमा २००८-२०१० देखि नै प्रारम्भ भएको छापा पत्रकारिताले आशातित गति लिन सकेन । फरक विचार मौलाउन नदिने नेपाली समाज र राज्यको प्रकृतिले यो अवस्था आउनै दिएन । यद्यपि २०४६ सालमा प्रजातन्त्रको पुर्नबहालीसँगै यो स्थितिमा क्रमशः सुधार आउँदै गएको छ ।[34]

सञ्चारका अत्याधुनिक माध्ययमा पहुँच हुँदैमा गाँउलेहरू त्यसबाट आफूलाई चाहिने सूचना र ज्ञान प्राप्त गर्छन भन्ने कुनै निश्चिन्तता हुँदैन । अर्कोतिर ग्लोबल मिडिया अधिकांश व्यापारीक तथा राजनीति उद्देश्यले संचालन गरिएको हुनाले ती गाउँलेहरू तिनीहरूको लक्षित 'अडियन्स' भित्र पर्दैनन् ।[35]

गाउँलेलाई चाहिने सूचना तथा ज्ञानको विषयवस्तु र शहरमा बस्नेलाई चाहिने सूचना तथा ज्ञानको आवश्यकता फरक हुन्छ। गाउँमा धेरैजसो मानिसहरू कृषि र पशुपालन व्यवसायमा लागेका हुन्छन्। अतः उनीहरूलाई बिउविजन, मल र मौसमको, आफ्नो उत्पादन बेच्ने बजार र भाउको जानकारी चाहिन्छ। साथै उनीहरूलाई कामको अवसर, जागिर, शिक्षा र विदेश गएका आफन्तहरूको खबर जान्नुपर्ने हुन्छ। अहिलेका मुलधारका मिडियाबाट गाउँलेलाई चाहिने यस्ता खालका समाचार पाईदैन।

शहर बजारबाट निस्कने मुलधारका अखबारहरू राजनीतिक विषयवस्तुमा आधारित हुन्छन् । तिनीहरूले गाउँको विषयबस्तु र गाउँलेको समाचार समेट्दैनन् । जुन सामान तथा सेवाको विज्ञापन तथा समाचार र ज्ञानका विषयबस्तु तिनीहरूले प्रकाशन र प्रशारण गर्छन् । तिनीहरूले गाउँलेलाई काम लाग्ने विषयबस्तु दिनु भनेको मुखको स्वाद फेर्नको लागि बेग्लै परिकार सजाएको वा वनभोज गएजस्तै हो । कथंकदाचित मुलधारका मिडियाले गाउँलेलाई चाहिने विषय समेट्ने प्रयास गरे भने पनि तिनको शैली, भाषा र प्रस्तुती गाउँको भाषा, संस्कृति र परम्परा र स्तरसँग नमिल्ने हुन सक्छ ।[36]

खासगरी विगत केहि वर्ष यता बढेको द्वन्द्वको तात्ताता खबर मोफसलका अखबारलाई 'हटकेक' बन्ने गरेको पाईन्छ । समग्रमा हेर्ने हो भने अझैपनि मोफसलका अखवार सिकाइकै चरणमा छन् । आर्थिक अभावमा सिकारु पत्रकारलाई पत्रिका प्रकाशनको सम्पूर्ण जिम्मेवारी दिनुपर्ने बाध्यता पनि छ । अलिकति प्रशिक्षण पाईसके पछि स्थानीय पत्रिकालाई चटक्क छोडेर राजधानीबाट प्रकाशन हुने पत्रिकामा काम गर्न थाल्ने भएकोले पनि स्थानीय पत्रिका जनशक्ति तयार गर्ने कारखाना मात्र बनेका छन् ।

### १.६.२ कास्कीको पत्रकारिताको सन्दर्भमाः पोखरा

शताब्दी लामो समय पार गरिसकेको हाम्रो राष्ट्रिय पत्रकारिताको सन्दर्भमा मोफसलको पत्रकारिताको गतिविधि अगाडि आउँछ । २००७ देखि २०१७ सालसम्म अधिकांश समाचारपत्रहरू वा साहित्यिक पत्रपत्रिकाहरू काठमाडौं उपत्यका वा भारतका दार्जिलिङ, कालिम्पोङ, शिलाङ लगायतका ठाउँबाट मात्र प्रकाशित भएका थिए ।

---

34 संहिता, प्रेस काउन्सिल नेपाल, बैशाख-असार २०६६, चन्द्रकिशोर, ३०

35 मिडिया अध्ययन १, मार्टिन चौतारी, २०६३ विनयकुमार कसजू, २

36 मिडिया अध्ययन १, मार्टिन चौतारी, २०६३ विनयकुमार कसजू, २

मोफसलबाट एकाध पत्रिकाहरू प्रकाशित भएको पाइएपनि त्यस्ता पत्रिकाको वास्तविक तथ्याङ्क पाउन सकिएको छैन ।

नेपालको पत्रकारिताको ईतिहास एक शताब्दी भन्दा बढी समय पार गरिसकेको छ । तर, पोखराको पत्रकारिता भर्खरै ५ दशक पुरा भएको छ । २०१७ सालको मंसिर महिनामा प्रकाशित *हिमदूत* साप्ताहिक नै पोखराको पहिलो पत्रिका मानिएको छ । यसपछि पोखराबाट नीजि स्तरमा निकालिएको अर्को समाचारपत्र *दैनिक निर्णय* हो । उक्त पत्रिका बेदराज पन्तको सम्पादकत्वमा २०२२ साल पुसमा प्रकाशित सुरु भएको थियो । पञ्चायतिकाल (२०१७-२०४६) मा सरकारी र गैरसरकारी स्तरबाट अरु दर्जनौ पत्रिकाहरू प्रकाशित भएको पाइएपनि ती सबै पत्रिकाहरू समयको भूमरीमा देखिने र बिलाउने गर्दै गए ।[37]

विषय बस्तु कभरेजका हिसावले कास्कीका पत्रिकाको प्राथमिकता फरक फरक पाईन्छ । चार पृष्ठमा प्रकाशित हुने अधिकांश पत्रिकामा पोखरा बाहिर र विशेष गरी राजधानीका समाचारले भरिएका हुन्छन् भने कहिलेकाहीँ विदेशी समाचारले पनि उस्तै स्थान पाएका हुन्छन् । स्थानीय समाचार खोज्ने जनशक्तिको अभावमा इमेल इन्टरनेटबाट तानेर सामग्री भर्ने बाध्यताले पनि यस्तो हुने केहिको भनाई छ ।

पोखरामा सुरु-सुरुमा पत्रिकाका पाठक समेत पाउन मुस्किल थियो । पत्रिका किनेर पढनुपर्छ भन्ने जनचेतना थिए । पाठकलाई समाचार र अखबारप्रति अहिलेजस्तो विश्वास पनि थिएन । जनचेतनाको अभावमा पत्रिका पढ्नुपर्छ, समाचार थाहा पाउनुपर्छ भन्ने जानकारी त्यसबेलाका पाठकलाई थिएन । पोखरामा *हिमदुत* पत्रिकाको प्रकाशन सुरु गर्दा पैसाका लागि थिएन । केवल 'सोख' को रूपमा पत्रिका प्रकाशित गरिन्थ्यो । पत्रिका प्रकाशित गर्नेलाई नै पत्रकारिताको बारेमा जानकारी थिएन । पोखराको पत्रकारिता सुरु हुँदा राजतन्त्रलाई कुनै अप्ठेरो नपर्ने गरि मात्र समाचार प्रकाशित गर्न पाईन्थ्यो । राजतन्त्रका विरुद्ध कुनै पनि समाचार प्रकाशित गर्न समेत पाईदैनथ्यो । राजा र राजदरवारका समाचार पहिलो प्राथमिकतामा पर्दथे । त्यसबेलाका मन्त्रीको समाचार दोश्रो प्राथमिकतामा पर्ने गर्दथे ।

पोखराको पत्रकारिताको सुरुवातमा पनि स्थानीय गतिविधि नै समाचार विषयबस्तु बन्थे । स्थानीय समाचारलाई नै मुख्य समाचार बनाउनुपर्छ भन्ने त्यो बेला पत्रकारिता गर्दा नै अनुभव गरिएको थियो । तर, अहिले पोखराका पत्रिकाले राजनीतिक गतिविधिलाई प्राथमिकता दिएका छन् । राजनीतिक दलका असान्दर्भिक भाषणका समाचार बिस्तारै कम गर्दै लैजानुपर्ने बेला भएको छ । आफ्नो समाचार प्रकाशित हुन्छ भन्ने ध्यानले पनि कतिपय आयोजकले अहिले दलका वरिष्ठ नेतालाई प्रमुख अतिथि बनाउने गरेका छन् । दलका वरिष्ठ नेतालाई उपस्थित गराउन सकेको खण्डमा आफूहरूको समाचार प्रमुखताका साथ प्रकाशित हुन्छ भन्ने आयोजकको बुझाई छ ।[38]

सत्र वर्ष अघिसम्म पोखरामा पत्रपत्रिकाको खासै महत्व थिएन । पाक्षिक, साप्ताहिक र दैनिक पत्रिकाहरू प्रकाशित भएपनि त्यसमा प्रकाशित समाचारहरू प्रति पोखरेलीको चासो त्यति पाइएको थिएन । केन्द्रबाट प्रकाशित हुने पत्रिकाको मारमा स्थानीय पत्रिका परेका थिए । लेटरप्रेसमा काम गर्न पनि गाह्रो अनि पत्रिकालाई

37 स्मारिका, नेपाल पत्रकार महासंघ, कास्की २०५८, भूपनीधि पन्त, ७

38 केशवराज पराजुली, अन्तर्वार्ता

पाठक अनुकुल बनाउने सोच पोखरेली प्रकाशकले त्यतिबेलासम्म लिएको पाँइदैन । अफसेट प्रेस पोखरा भित्रिएसंगै पत्रिका प्रकाशनमा होडबाजी नै चल्यो । तर धैरै पत्रिकाहरू क्षणिक मात्र भए ।

विसं २०५१ सालमा भूपनिधि पन्त, केशवराज पराजुलीसहितको टोलीले चेतना प्रकाशन सहकारी संस्थाबाट *चेतनापत्र* दैनिकको प्रकाशन आरम्भ गरेका थिए । यही पत्रिकाको प्रकाशनसँगै पोखरामा स्थानीय समाचारले स्थान पाउन थालेको हो । यहाँ हुने गरेका विकास निर्माणका काम, समस्या र सानातिना समाचारलाई पनि प्राथमिता दिन थालेपछि पोखरेली पाठकमा विस्तारै स्थानीय पत्रिकाप्रति आकर्षण बढ्न थालेको हो ।

पोखराका पत्रिकाहरूले स्थानीय खोजी समाचार त्यति छापेको पाइँदैन । औपचारिक कार्यक्रममा मात्र सिमित राखेको पाइन्छ । जनशक्तिको अभाव, न्युन पारिश्रमिक जस्ता समाचारले खोजी समाचारका लागि कठिनाइ परेको ठम्याइ छ । कहिलेकाँहि स्थानीय समाचारले अन्य जिल्लाका समाचार, (जसले पोखरेलीका लागि महत्व राख्दैनन्) ती पनि प्रकाशित गर्ने गरेको पाइन्छ । स्थानीयमा पनि राजनीतिक समाचारको हावी बढी हुने गरेको छ । अनि पछिल्लो समयमा आएर लोडसेडिङले पनि अर्को समस्या थपिदिएको छ ।[३९]

पाठकहरूको रोजाई पनि राजनीतिक समाचार नै हुने गरेको छ । मोफसलमा स्थानीय समाचारको अभाव रहेको छ । स्थानीय समाचार सङ्कलनका लागि श्रोतको समेत अभाव छ । अखबारले स्थानीय समाचारलाई बेवास्ता गरिएको होईन । तर, सञ्चारमाध्यम नै स्थानीय समाचारको श्रोतसम्म पुग्न सकेका छैनन् । समाचार सङ्कलन गर्ने ठाउँसम्म पहुँच पुऱ्याउन स्थानीय सञ्चारमाध्यम असफल भएका छन् ।

विभिन्न सञ्चारमाध्यमको भरमा मुख्य समाचार प्रकाशित गर्नुपरेको छ । स्थानीय समाचारको प्रभावकारिता बढि नै हुन्छ, तरपनि सञ्चारमाध्यमले खोतल्न सकेका छैनन् । कहिलेकाँही नीतिगत कुराका समाचार केन्द्रीय तहमा आवश्यक पर्छ । केन्द्रीय गतिविधिको बारेमा पनि स्थानीय पाठकहरूले चाँसो राख्ने गरेका छन् । राजनीतिक तरलताले गर्दा पनि राजनीतिले पहिलो प्राथमिकता पाएका हुन् । काममा सजिलो होस भन्नका लागि राजनीतिक विषयका समाचार प्रमुखताका साथ प्रकाशित गर्नुपरेको छ । पाठकहरूमा राजनीतिक चेतना बढेकोले पनि राजनीति समाचारलाई प्राथमिकता दिनुपरेको छ ।[४०]

पोखराको मात्र नभई नेपालको पत्रकारिता नै अहिले राजनीतिले गालेको छ । त्यसैले राजनीतिक समाचार पहिलो प्राथमिकतामा परेका हुन् । पत्रिकाले राजनीतिक समाचार प्रकाशित गरेनन् भने त्यो दिनको पत्रिकाको पाठक नै कम हुने गरेका छन् । केन्द्रीय स्तरका राजनीतिक समाचार नै प्रमुखताका साथ प्रकाशित हुने गरेका छन् । यो नेपालको मात्र नभई विश्वभरमै प्रचलन बन्दै गएको छ । नेपालको राजनीतिक तरलताले गर्दा नै अहिलेको अवस्था आएको अनुभव गरिएको छ । यस्तो हुनु राम्रो होईन, विकास निर्माण र सकारात्मक समाचारलाई पनि महत्व दिनुपर्छ । सबैकुरा राजनीतिक मात्र भन्ने प्रचलनले ल्याएको हो ।

नकारात्मक समाचारभित्रका सकारात्मक पक्षलाई पनि समाचार बनाउन सकिन्छ । समाजमा ठूलाठूला योगदान गरेका समाचार प्रकाशित भएका हुँदैनन, तर दलका नेताका दैनिकजसो हुने भाषणलाई समाचारको

---

३९ नारायण कार्की, पूर्व अध्यक्ष नेपाल पत्रकार महासंघ कास्की

४० रबीन्द्र बाँस्तोला-अध्यक्ष तथा सम्पादक-पोखरा आवाज

रूपमा प्राथमिकता दिएको पाईन्छ । पाठकको धारणा पनि राजनीतिक समाचारप्रति केन्द्रीत भएको छ । पाठकले पनि राजनीतिक समाचारलाई जस्तो चाख दिएर अन्य सामाजिक योगदानका समाचार पढ्ने गरेको पाईदैन ।[41]

मोफसलको पत्रकारिताका समस्या पनि धेरै छन् । थोरै जनशक्तिले धेरै काम गर्नुपर्ने बाध्यता यहाँको पत्रकारितामा व्याप्त छ । दक्ष जनशक्तिको अभाव छ । समय र पैंसा खर्च गरेर रिपोर्टिङमा जान सक्ने अवस्था बन्न सकेको छैन । यसले गर्दा खोजमुलक र जनपक्षीय समाचार प्रकाशन/प्रसारण हुन सकेका छैनन् । पत्रकारहरू निकै कम मूल्यमा श्रम बेच्न बाध्य छन् । थोरै पारिश्रमिकमा पनि १२ घण्टाभन्दा बढि काममा जोतिनु पर्दा पत्रकारको उत्साह र मनोबल उठ्न सकेको छैन । समाचार सङ्कलनबारे व्यवहारिक दक्षताको पनि कमी छ । उचित तालिमको अभाव छ । हिंसात्मक द्वन्द्व, राजनीति जस्ता विषयले पत्रकारलाई व्यस्त पारेको अवस्था छ । सञ्चारप्रतिको आम धारणा परम्परागत र असहयोगी हुनाले पनि मोफसलको पत्रकारिताको विकासमा बाधा पुगेको छ ।

कुनै पनि मुद्दालाई मोफसलका पत्रिकाले बलियो ढंगले उठाउन सकेका छैनन् । समाचार ‘फलोअप’ को समस्या छ । यथेष्ठ प्रमाण नजुटाईकनै समाचार लेख्ने जारी अभ्यासले अन्ततः पत्रकारिताको विश्वास सङ्कटमा पार्दै लगेको छ । समाचारको तथ्य पहिल्याउन मेहेनत नगर्ने बानि विकास भएको छ । समाचारमा व्यक्तिगत रिसिईवी र आरोप-प्रत्यारोपले उच्च प्राथमिकता पाएको पनि देखिन्छ । पत्रकारिताको आडमा अन्य व्यवसाय सञ्चालन गर्नेहरूले पनि मोफसलको पत्रकारितालाई फल्न-फूल्नमा अवरोध सिर्जना गरेका छन् ।

आपसी द्वन्द्वले पनि मोफसलको सञ्चार माध्यमको व्यवसायिक विकासमा बाधा पारेको छ । सञ्चारमाध्यम र ती माध्यममा कार्यरत पत्रकारबीच पनि प्रत्यक्ष-परोक्ष आरोप/प्रत्यारोप चल्नु मोफसलको दैनिकी जस्तो हुन्छ । आमसञ्चारका माध्यमबीच हुने द्वन्द्व पाठकका लागि सबैभन्दा समस्याको विषय हो । यसकारण जनविश्वास कमाएका सञ्चारमाध्यम पनि सङ्कटमा पर्दछन् । पत्रिका र पत्रकार बिच अस्वस्थ प्रतिपर्धा बढि छ ।

मोफसलबाट प्रकाशन भईरहेका अधिकांश पत्रिकाको जनशक्ति अनुभवबाट सिकेर आएका पत्रकारको भरमा चलिरहेको छ । विभिन्न सञ्चारकेन्द्रबाट लिएको तालिमका भरमा मोफसलका पत्रकारले काम गरिरहेका छन् । आवश्यक दक्ष जनशक्तिको अभाव मात्र होईन, इमान्दार जनशक्तिको समेत उत्तिकै खाँचो छ । दक्ष जनशक्तिकै अभावमा सिकारु पत्रकारहरूले पत्रिकाको पाना भर्नुपर्ने बाध्यता छ । यसले गर्दा पत्रिकाको गुणस्तर बढाउनमा अवरोध ल्याएको देखिन्छ । हुन त कतिपय योग्य पत्रकारहरू उनीहरूको स्तर अनुसारको पारिश्रमिक नपाएर पनि काम गर्न मन गर्दैनन् ।

समाचारकर्मी मात्र होईन व्यवस्थापनमा काम गर्नेहरू जुटाउन पनि गाह्रो छ पोखरामा । त्यसैले बाहिर जिल्लामा पत्रिकाको बजार विस्तार गर्न नसकिएको सञ्चालकहरूको अनुभव छ । शिक्षाका हिसावले हेर्दा अधिकांश पत्रकारहरू एसएलसी वा सो सरहको शिक्षा लिएका छन् । केहिले चाँहि स्नातक तह पार गरेका वा स्नातकोत्तर तहमा अध्ययन गर्दै गरेकाहरू पनि छन् ।[42]

पछिल्लो समय बग्रेल्ती खुलेका उच्चमाविमा पढाई हुने पत्रकारिता तथा आमसञ्चार विषयपछि मात्र केही विद्यार्थी उत्पादन भएका छन् । टेलिफोनबाट समाचारको बारेमा जानकारी लिने प्रवृत्ति बढ्दै गएको छ । पत्रकारिताले जसरी अहिले व्यवसायीक रूप लिएको छ, तर त्यस अनुरूप काम हुन सकेको छैन ।

---

41 रवीन्द्र मिश्र-पोखरामा सञ्चारकर्मीसँग भएको अन्तरक्रिया, २०६८ बैशाख १६ गते शुक्रबार

42 मोफसलका पत्रकार, मिडिया सर्भिसेज ईन्टरन्यासनल, २०६०

लामो समयदेखि छापा सञ्चारमाध्यमले स्थानीय समाचारलाई स्थानीय पत्रपत्रिकामा ठाँउ दिँदै आएका छन् । २०४६ सालको राजनीतिक परिवर्तनपछि स्थानीय सञ्चारमाध्यमको महत्व बढ्दै गएको हो । २०५४ सालपछि मात्र राजधानीबाहिरका सञ्चारमाध्यमले विकास गर्न पाएका हुन् । स्थानीय पत्रपत्रिकाले स्थानीय विकास, समस्या, समस्याहरूको प्रचारप्रसार गर्न सक्छन् र गरेका पनि छन् । स्थानीय पत्रकारिताको माध्यमबाट मोफसलका सञ्चारमाध्यमले स्थानीय मुद्दाहरूलाई उठाई राष्ट्रिय मुद्दा बनाउन सफल भएका छन् ।[43]

राजधानीबाट प्रकाशित राष्ट्रिय स्तरका पत्रिकाले दिन नसकेका समाचार अहिले स्थानीय पत्रपत्रिकाले दिन सकेका छन् । त्यसैले पनि स्थानीय पत्रपत्रिकाको महत्वलाई कम मात्रामा आंकलन गर्न सकिदैन । केन्द्रीय पत्रपत्रिकाको उद्देश्य राष्ट्रव्यापी रहन्छ भने स्थानीय छापाको आफ्नै वरिपरिका परिवेशमा बढी केन्द्रीत हुन्छन् । बहुल सामाजिक संरचनाभित्रका विभिन्न वर्ग र पक्षको स्थानीय तथा राष्ट्रिय चाहना र आकांक्षालाई प्रतिनिधित्व गर्ने दायित्व स्थानीय छापाको हुन्छ ।[44]

नेपालमा विद्यमान राजनीतिकदलका नीति र कार्यक्रम अनुसार सञ्चारमाध्यमको सञ्चालन र नियन्त्रण हुने गरेको छ । राष्ट्रिय सञ्चारमाध्यममा पनि सत्तारुढ दलका विषयले नै महत्व पाउँदै आएका छन् । सर्वाङ्गिण विकास अध्ययन केन्द्रले २०५३ सालमा गरेको एक अध्ययनमा पत्रकारका बारेमा केही प्रशंग भेटिएका छन् । तर, उक्त अध्ययनले मोफसलका पत्रकारका शिक्षा, तालिम, लैङ्गिक आधार, उमेर समुह जस्ता विषयमा विस्तृत कुराहरू बाहिर ल्याइएको पाईदैन । मोफसलका पत्रकारको पारिश्रमिकको स्थिति, यातायातका साधन, समाचार सङ्कलन गर्ने विषयमा समेत अध्ययन हुन सकेको छैन ।[45]

मोफसलको पत्रकारिताको इतिहासले के देखाउँछ भने झण्डै पाँच दशकको यात्रा पार गरेपनि पछिल्लो आधा दशक यता मात्र गति लिएको छ । २००८ सालदेखि सुरु भएको मोफसलको पत्रकारिताको यात्रा अहिले निकै फराकिलो भएको छ तर पनि हालसम्म मोफसलबाट प्रकाशन भएर राजधानीको बजारमा 'हस्तक्षेप' गर्ने पत्रिका प्रकाशन हुन नसक्नुले मोफसल मोफसलमैं सीमित हुनु पर्ने बाध्यता छ ।[46]

जे होस् अब चाँहि मोफसलका पत्रिकामा पहिले भन्दा धेरै विकास भएको छ । अघिल्लो दिनका स्थानीय खबर भोलीका प्रायः अखबारले छुटाउँदैनन् । बजारका पत्रिका पसलमा नियमित रूपमा स्थानीय पत्रिका झुण्डिएका हुन्छन् । बिहान-बिहान स्थानीय 'हकर' हरू पत्रिका पुऱ्याउन घर-घरमा पुग्छन् । पत्रिकाका कार्यालय खुलेका छन् । राती १२ बजेसम्म 'न्यूज डेस्क' खुला रहन थालेका छन् ।[47]

वास्तवमा सञ्चार सञ्चारकर्मीहरूका लागिमात्र होईन । आम नागरिकहरूको हक र अधिकार हो भन्ने बुझाई जनमानसमा नभएकाले यसका बारेमा विचार दिनेहरूको कमी महशुस हुन्छ । नेपाली पत्रकारिताका समस्याहरूलाई क्षेत्रगत रूपमा अध्ययन गरी क्षेत्रीय अर्थात मोफसलको पत्रकारितामा देखिएका समस्या र यसका कारणहरूको चर्चा गरिएको क्षेत्रीय मिडियाः विगत र वर्तमान, २०५८ मा सम्पादक प्रत्यूष वन्तले पोखरेली पत्रकारिताको समस्या विश्लेषण गरेका छन् ।

---

43 अन्तर्वाता, केशवराज पराजुली

44 स्थानीय पत्रपत्रिकाको समस्या र समाधानका उपायः कार्यपत्र, पुण्य पौडेल, २०६६ मंसिर ६ गते पोखरामा राष्ट्रिय साप्ताहिक तथा पाक्षिकका सम्पादकहरूको पश्चिमाञ्चलस्तरिय भेला

45 मोफसलका पत्रकार, २०६०, मिडिया सर्भिसेज ईन्टरन्यासनल, काठमाडौं -१५,१६

46 नारायण कार्की, अन्तर्वार्ता

47 कृष्णप्रसाद बाँस्तोला, अन्तर्वार्ता

## १.७ अध्ययन सीमा

नेपालमा पत्रकारिता सुरु भएको एक सय वर्षभन्दा बढी भइसकेको परिप्रेक्ष्यमा छापा मात्र होइन, विद्युतीय सञ्चारमाध्यमको संख्यामा पनि उल्लेखनीय वृद्धि हुदैं आएको छ । प्रकाशन तथा प्रसारण माध्यमहरू काठमाडौंमा मात्र सीमित नभई देशका विभिन्न जिल्लामा फैलिएका छन् । सीमित साधन, स्रोतका बावजुत मोफसलका सञ्चारमाध्यम संचालन भईरहेका छन् । पोखरेली पत्रकारिता पनि मोफसलका अन्यत्रका जस्तै समस्याबाट टाढा रहन सक्दैन । त्यसैले यस अध्ययनमा कास्कीबाट प्रकाशित हुने समाचारपत्रमा प्रकाशित हुने स्थानीय समाचारको अवस्था बुझ्न खोजिएको छ । त्यसका लागि पोखराबाट प्रकाशित तीन दैनिक अखबार (आदर्श समाज, समाधान र पोखरा आवाज) लाई नमुनाको रूपमा लिइएको छ । ती पत्रिकामा २०६७ फागुन महिनाभर प्रकाशित समाचारलाई अध्ययनमा समेटिएको छ ।

### १.७.१ अध्ययनमा परेका पत्रिकाको परिचय

### १.७.२ आदर्श समाज

पोखराबाट नियमित प्रकाशन हुँदै आएको आदर्श समाज दैनिक पोखरा र आसपासका क्षेत्रमा सबैभन्दा बढी बिक्री हुने पत्रिकाको रूपमा परिचित छ । निरन्तर १५ वर्षे यात्राका क्रममा धैरै पत्रिकाहरू आए, गए । तरपनि, विभिन्न उतारचढावकाबिच आदर्श समाजले आफ्नो यात्रालाई निरन्तरता दिइनै रहेको छ । २०५२ साल चैत १९ गते जिल्ला प्रशासन कार्यालय कास्कीमा आर्दश समाज पाक्षिक समाचारपत्र दर्ता भए पनि २०५३ बैशाख १ गतेदेखि पाक्षिक प्रकाशन सुरु भएको हो । एक वर्षसम्मको पाक्षिक यात्रापछि २०५४ वैशाख १० गतेबाट साप्ताहिक रूपमा प्रकाशित हुन थालेको हो ।

वि.सं. २०५४ माघ १९ गतेबाट आदर्श समाजले दैनिक प्रकाशन सुरु गरेको हो । स्थापनाकालमा पोखरेली ब्यापारी र सञ्चार व्यावसायीको यसमा लगानी भएपनि अहिले भने आदर्श समाज बहुमुखी प्रकाशन प्रालिमार्फत् प्रकाशन हुँदै आएको छ ।  यो दैनिक पत्रिकाले २०५७ साउन ७ गतेबाट केही समयसम्म ब्रोडसिट आकारमा प्रकाशन गरेको थियो । राजधानी बाहिरबाट प्रकाशन हुने पहिलो ब्रोडसिट पत्रिका भएको थियो त्यतिबेला आदर्श समाज ।

वि.सं. २०५८ माघ १७ गतेबाट नवलपरासीको गैंडाकोटबाट तराई संस्करण प्रकाशित भएपनि त्यसले लामो समयसम्म निरन्तरता पाउन सकेन । देशमा चर्केको द्वन्द्वका कारण तराई संस्करण बन्द गरेको थियो । हाल गण्डकी र धवलागिरी मात्र नभएर आसपासका अन्य जिल्लामा समेत यसको बिक्री वितरण हुँदै आएको छ । आदर्श समाज दैनिक अहिले ५० जिल्लामा पुग्ने गरेको प्रकाशनले जनाएको छ । मोफसलको पहिलो 'क' वर्गको दैनिक पत्रिका आदर्श समाजका २१ भन्दा बढी जिल्लामा समाचारदाता रहेका छन् । नियमित चार पृष्ठको यो पत्रिकाले विज्ञापन बढी भएमा सो भन्दा धेरै पृष्ठ प्रकाशन गरेको छ । यसका प्रधानसम्पादक कृष्णप्रसाद बाँस्तोला हुन् ।

### १.७.३ समाधान

पत्रिका प्रशासनको लहर पोखरामा चलिरहेकै बेला २०५९ साल असोज १ गतेबाट समाधान राष्ट्रिय दैनिकको प्रकाशन सुरु भएको हो । पोखरामा रहेका अन्य पत्रिका भन्दा भिन्न शैली अँगालेर यो पत्रिका प्रकाशन

गर्न थालिएको थियो । स्थानीय समाचारहरूलाई प्राथमिकतामा राखेर करिब दुई वर्षसम्म नियमित ६ पृष्ठमा यो पत्रिका प्रकाशन भयो ।

समाजमा हुने गरेका सबैखाले विषयवस्तुलाई समेट्ने यो पत्रिकाले प्रयास गरेको थियो । जस्तै महिला, अर्थ, मनोरन्जन, साहित्यजस्ता क्षेत्रलाई अलग्गै स्थान दिएर समेटिएको थियो । तर यो क्रमले दुई वर्षभन्दा बढी निरन्तरता पाउन सकेन । सुरुमा हाम्रो बहुउद्देश्यीय सहकारी संस्थाबाट यो पत्रिका प्रकाशन हुँदै आएको थियो । पोखरामा पत्रिका बिक्री नहुने, विज्ञापनजस्ता समस्याका कारण नियमित ६ बाट ४ पृष्ठमा झऱ्यो समाधान दुई वर्षपछि । धेरैजसो अङ्क श्यामस्वेतमा प्रकाशित हुने गरेका छन् । त्यस्तै विज्ञापन आएको खण्डमा कहिलेकाँहि रंगिन पनि प्रकाशित हुन्छ ।

अहिले भने सञ्चार उद्यमी उमानाथ बरालद्वारा संचालित युनाईटेड अफसेट प्रेसद्वारा यो पत्रिका प्रकाशन हुँदै आएको छ । यसका प्रधान सम्पादक लामो समय राष्ट्रिय समाचार समितिमा काम गरेका नारायण कार्की हुन् भने कार्यकारी सम्पादकमा रामकृष्ण ज्ञवाली रहेका छन् । गण्डकी र धवलागिरी अञ्चल नै यो पत्रिकाको प्रभाव क्षेत्र हो । यी दुई अञ्चलका धेरैजसो जिल्लाहरूमा समाधानले समाचारदाता राखेको छ ।

### १.७.४ पोखरा आवाज

तीन वर्षदेखि पोखराबाट लगातार प्रकाशन हुँदै आएको अर्को पत्रिका हो पोखरा आवाज । पोखरा पब्लिकेशन प्रालिद्वारा प्रकाशित हुँदै आएको यो पत्रिकाको अध्यक्ष तथा सम्पादक रविन्द्र बाँस्तोला हुन् । लामो समयदेखि पत्रकारितामा संलग्न बाँस्तोला, पोखराको ब्यापारिक घरानाका अशोक पालिखे र कल्याण पालिखेको लगानीमा पोखरा आवाजको प्रकाशन थालिएको हो ।

वि.सं. २०६४ साल साउन १ गतेबाट सो पत्रिका प्रकाशित हुँदै आएको छ । श्यामस्वेतमा नियमित चार पृष्ठमा प्रकाशन हुने पोखरा आवाज विज्ञापन आएको खण्डमा कहिलेकाँही रंगिन पनि छापिने गरेको छ । गण्डकी र धवलागिरीका खासगरी बागलुङ, पर्वत, स्याङ्जा, तनहुँ जिल्ला यो पत्रिकाको बिक्री वितरण हुँदै आएको छ । धेरैजसो राजधानीका र केही यी जिल्लाका समाचारले पत्रिकामा स्थान पाउने गरेका छन् । राष्ट्रिय समाचार समिति, आफ्ना समाचारदाताहरू र सम्बन्धित संस्थाले पठाएका विज्ञप्ति र सूचना नै समाचार प्राप्तिका आधार हुन् ।

## १.८ अध्ययन कार्यको सङ्गठन

'कास्की जिल्लाबाट प्रकाशित अखवारमा स्थानीय समाचारः एक अध्ययन' विषयक यो अध्ययनलाई चार अध्यायमा बाँडिएको छ । पहिलो अध्यायमा अध्ययनको पृष्ठभूमि राखिएको छ । यस अन्तर्गत नेपालमा पत्रकारिताको विकासक्रम, पोखराको पत्रकारिताको विकासक्रम राखिएको छ । त्यसैगरी यो अध्यायमा समस्याको कथन, अध्ययनको उद्देश्य, सन्दर्भ सामग्रीको पुनरावलोकन, अध्ययन सीमा र अध्ययनको उपयोगिता र अध्ययनकार्यको संगठनलाई प्रस्तुत गरिएको छ । यस्तै अध्याय दुईमा अध्ययन विधि, तथ्याङ्क प्रसोधनलाई समेटिएको छ । अध्याय तीनमा अध्ययनबाट प्राप्त परिणामलाई राखिएको छ । यस अन्तर्गत विषयवस्तु विश्लेषण र प्रश्नावली विश्लेषणबाट प्राप्त परिणामलाई समेटिएको छ। अध्याय ४ मा निष्कर्ष र सुझाव खण्डको रूपमा रहेको छ।

# अध्याय – दुई

## २.१. अध्ययन विधि

कुनै पनि अध्ययन पुरा गर्नका लागि त्यसका विभिन्न पक्षको बारेमा विस्तृत रूपमा बुझ्नु जरुरी छ । 'कास्की जिल्लाबाट प्रकाशित अखवारका स्थानीय समाचार' विषयक यस शोधपत्रको अध्ययन गर्ने क्रममा विभिन्न तरिका अपनाउने प्रयास गरिएको छ । यस अध्ययनमा विषयवस्तु विश्लेषण, सर्वेक्षण र अन्तरवार्ता विधि अपनाइएको थियो ।

### २.१.१ विषयवस्तु विश्लेषण विधि

यो अध्ययनलाई सम्पन्न गर्नको लागि पोखराबाट प्रकाशित ३ वटा दैनिक पत्रिका (आदर्श समाज, पोखरा आवाज र समाधान) लाई लिईएको छ । कास्की जिल्लाबाट विभिन्न पत्रपत्रिका प्रकाशित हुँदै आएपनि यी पत्रिका रोजाईमा परेका छन् । ती मध्ये आदर्श समाज दैनिक पोखरामा सबैभन्दा बढि बिक्री हुँदै आएको र सबैभन्दा प्रभावकारी सञ्चारमाध्यमको रूपमा रहेको छ । आदर्श समाजसँगै समाधान पनि पोखराको परिचित सञ्चारमाध्यम हो । त्यस्तै पछिल्लो समय प्रकाशित भएर पनि पोखरा आवाज र समाधानले छुट्टै छाप बनाउन सफल भएका छन् । त्यसैले पनि यी पत्रिकालाई अध्ययनको रूपमा चयन गरिएको हो । यी तीनवटै पत्रिकामा २०६७ फागुन १ देखि ३० गतेसम्म एक महिना अवधिभर प्रकाशित समाचारको विषयमा तुलनात्मक अध्ययन गरिएको छ ।

### २.१.२ सर्वेक्षण विधि

'कास्की जिल्लाबाट प्रकाशित अखवारमा स्थानीय समाचार' विषयको यो शोधपत्र तयार गर्ने क्रममा सर्वेक्षण विधि अन्तर्गत प्रश्नावलीलाई औजारको रूपमा लिइएको छ । यस विधि अनुसार भरसक नियमित रूपमा पत्रिकाप्रति चाँसो राख्ने युवा वर्गमाझ अध्ययन गरिएको छ । विभिन्न उच्चमाविमा अध्ययनरत १८ देखि २० वर्ष उमेर समुह र ११ देखि १२ कक्षामा अध्ययनरत छात्रछात्रामाझ प्रश्नावलि मार्फत जानकारी लिइएको हो । एकै उमेर समुह र तहमा अध्ययन गर्ने भएकोले ती विद्यार्थीलाई अध्ययनका लागि छनौट गरिएको हो । यस क्रममा १०० जना पाठकलाई लिखित प्रश्न सोधिएको थियो । अध्ययनको आवश्यकता र महत्व अनुसार विभिन्न २५ वटा प्रश्नावली छानिएको थियो । प्रश्नको सत्यता केलाउन सजिलो हुने ठानेर सबै प्रश्नावलिबाट प्राप्त उत्तरलाई आधारित मानेर विश्लेषण समेत गरिएको छ ।

### २.१.३ अन्तरवार्ता विधि

कुनै पनि पत्रिका नियमित रूपमा प्रकाशित गर्नका लागि महत्वपूर्ण भूमिका त्यसका व्यवस्थापक र सम्पादकको हुने गर्छ । मोफसलका पत्रिका प्रकाशन गर्नमा सम्पादक र पत्रकारको समेत अभाव हुने अवस्थामा कुनै पनि पत्रिकाले निरन्तरता पाउनु ठूलो कुरा हुन्छ । त्यसैले यो अध्ययनमा सर्वेक्षणमा परेका पत्रिकाका प्रकाशक तथा सम्पादकसँग अन्तर्वार्ता लिइएको छ । उनीहरूसँगको अन्तर्वाताले पत्रिकाको समग्र अवस्थालाई केलाउन

मद्दत पुऱ्याउने ठानिएको छ । आफ्नो प्रकाशनको अवस्था, भविष्यमा गर्नुपर्ने काम लगायत अहिलेको प्रतिशपर्धाको विषयमा सम्पादक र प्रकाशकसँगको कुराकानीबाट थाहा पाउन सकिएको छ । पोखराबाट प्रकाशित पत्रिकाले प्रकाशित गर्ने समाचारको आधार, राजनीतिक समाचारलाई प्राथमिकता दिनुपर्ने कारण, स्थानीय समाचार ओझेलमा पर्नुको कारण लगायतका कुरा पनि व्यवस्थापक र सम्पादकसँगको अन्तर्वाताबाटै जानाकारी लिइएको छ ।

त्यसैगरी पोखरामा अग्रज पत्रकारको रूपमा परिचित व्यक्तिसँग पनि अन्तर्वाता लिईएको छ । अग्रज पत्रकारसँगको साक्षात्कारले पोखराको समग्र अहिलेको पत्रकारिता र पहिलेको पत्रकारिताबिच भिन्नता छुट्याउन मद्दत पुऱ्याउने ठानिएको छ । त्यसले मोफसलका अखबारको कमी कमजोरी र राम्रो पक्षलाई पनि केलाउन थप मद्दत पुऱ्याएको छ । भविष्यमा मोफसलको पत्रकारिताको अवस्थामा सुधार गर्नुपर्ने सुझाव पनि अग्रज पत्रकारबाट पाउन सकिएको छ ।

## २.२ अवधारणागत संरचना

विकसित राष्ट्रमा सञ्चारमाध्यमले सरकारी कदमको विरोध गर्दै सामाजिक परिवर्तनलाई आत्मसाथ गर्न आग्रह गरेको हुन्छ । हाम्रो जस्तो अविकसित मूलुकमा सञ्चारमाध्यमको भूमिका सामाजिक विकासमा योगदान दिने हुनुपर्छ । सञ्चारमाध्यमलाई चौथो अङ्गको रूपमा लिएपनि सोचे अनुरूप स्वतन्त्र हुन सकेको छैन । पत्रकारिता सशक्त र स्वतन्त्र हुनुपर्छ र यसले कुनै पनि असल कामको समर्थन र खराव कामको आलोचना गर्न पाउनुपर्छ भन्ने मान्यता अन्तर्गत रहेर यो अध्ययन गरिएको छ ।

गाउँगाउँसम्म चेतनाको लहर नपुगेसम्म लोकतन्त्रको संस्थागत विकास सम्भव छैन । स्थानीय सञ्चारमाध्यमको शक्ति, प्रविधि र क्षमताको आधारमा मुलुक र लोकतन्त्रको मापन गर्न सकिन्छ । मोफलसलबाट प्रकाशित हुने छापा माध्यमहरूमा नै 'सच्चा नेपाल' झल्किन्छ । स्थानीय छापा माध्यमले स्थानीय नजिकपनालाई बढी प्राथमिकता प्रदान गर्दछ । उसको कार्यक्षेत्र र सरोकार नै क्षेत्रीय भएको हुनाले क्षेत्रीय आवाजलाई बढि उठाउने गर्छ । क्षेत्रीय मुद्दाहरूको पहिचान गरेर त्यसलाई राष्ट्रिय बहसको विषय बनाउने काम पनि स्थानीय पत्रकारिताको कार्यभारभित्र पर्छ ।

स्थानीय तहका वास्तविक सत्यतथ्य पत्ता लगाई त्यसलाई जनता समक्ष सुसूचित गर्ने दायित्वलाई स्थानीय पत्रिकाहरूले जिम्मेवारीपुर्वक गरिरहेका छन् । स्थानीय विकास निर्माणका सवालमा जनमत सृजना गर्ने, एकिकृत गर्ने र प्रतिबिम्बित गर्नेगरि स्वस्थ जनमत निर्माण गर्नमा स्थानीय छापा केन्द्रीत रहेको पाइन्छ । स्थानीय अखबारले स्थानीय रहनसहन, जीवनशैली, परिवर्तनलाई पनि समेटेको हुन्छ । विकासको गतिलाई टेवा दिनेगरि जिम्मेवारी पनि स्थानीय अखबारले लिएको हुन्छ । स्थानीय स्तरमा कानुनी शासन छ वा छैन भन्ने कुराको लेखाजोखा गर्ने दायित्व पनि स्थानीय पत्रिकाले बोकेका हुन्छन् । स्थानीय पत्रिकाले खेलेको भूमिका, आत्मसाथ गरेको दृष्टिकोणले उसलाई केन्द्रीय अखबार भन्दा फरक धारमा राख्दछ । स्थानीय अखबारले खेप्नुपरेका चुनौतीहरू फरक हुन्छन् । लोकतन्त्र र जनतालाई सवलीकरण गर्न मोफसलका अखबार अपरिहार्य रहेको पक्षसमेतलाई उसको भूमिकाको जोडदार रूपमा उठान गरेको हुन्छ ।

## २.३ तथ्याङ्क प्रशोधन

यस अध्ययनमा ३ तरिकाबाट तथ्याङ्क सङ्कलन गरिएको थियो ।

### २.३.१ विषयवस्तु विश्लेषण विधि

यस विधिबाट अध्ययन गर्दा २०६७ फागुन महिनाभर पोखराबाट प्रकाशित तीनवटा दैनिक पत्रिका (आदर्श समाज, समाधान र पोखरा आवाज) मा प्रकाशित भएका समाचार सामग्रीलाई तथ्याङ्कको आधारमा उतारिएको छ । अध्ययनमा परेका पत्रिकाले अध्ययन अवधिभर स्थानीय समाचारलाई कत्तिको प्राथमिकता दिए, उनीहरूको जोड के कस्ता समाचारमा पऱ्यो भन्ने आधारमा छुट्टा छुट्टै तथ्याङ्क प्रस्तुत गरिएको छ । मुख्य रूपमा मोफसलबाट प्रकाशित दैनिक अखबारका स्थानीय समाचारको अवस्था थाहा पाउने प्रयास यो अध्ययनबाट प्राप्त भएको छ । साथै पत्रिकाले एक महिना अवधिभर के कति संख्यामा राष्ट्रिय र स्थानीय समाचार प्रकाशित गर्न सके भन्ने बारेमा पनि विश्लेषण गरिएको छ ।

### २.३.२. सर्वेक्षण विधि

यस विधि अनुसार सङ्कलन गरिएका प्रश्नावलीलाई प्रश्नमा दिइएको छनौट उत्तरको आधारमा छुट्टाछुट्टै तालिका बनाई उतारिएको छ । परिणाम प्राप्त भैसकेपछि क्यालकुलेटरको सहायताले प्रतिशत निकाल्दै विश्लेषण गरिएको छ । जसले गर्दा पाठकले पत्रिकाको अवस्था के कस्तो रहेको छ भन्ने बुझ्न सजिलो हुने ठानिएको छ ।

### २.३.३ अन्तरवार्ता विधि

यस विधिबाट सङ्कलन गरिएका उत्तरलाई टिपोट गरी आवश्यकता अनुसारका अध्ययनका विभिन्न स्थानमा प्रयोग गरिएको थियो । पत्रिकाका सम्पादक, अग्रज पत्रकार लगायतका व्यक्ति यो विधिका लागि छानिएका छन् ।


# अध्याय – तीन

## ३.१ विषयवस्तु विश्लेषण

### ३.१.१. समग्र विषयवस्तुको विश्लेषण

पोखराबाट प्रकाशित पत्रपत्रिका मध्ये यो अध्ययनमा परेका आदर्श समाज, समाधान र पोखरा आवाजको २०६७ फागुन महिनाभर (३० दिन) को प्रकाशित अङ्कका समाचार विषयबस्तुलाई लिइएको छ । विषयवस्तु विश्लेषण विधिवाट तुलनात्मक अध्ययन गर्दा त्यस अवधिमा यी पत्रिकाले के कस्ता समाचार सामग्रीलाई प्राथमिकता क्रममा राखेर प्रकाशित गरेका छन् भन्ने बारेमा जानकारी लिन सकिन्छ । त्यस अवधिमा अध्ययनमा परेका यी पत्रिकाले स्थानीय र राष्ट्रिय समाचारलाई कसरी प्रस्तुत गरेका छन् भन्ने अध्ययन गरिएको छ ।

**चित्र नं. १: पोखराबाट प्रकाशित ३ वटा राष्ट्रिय दैनिकमा प्रकाशित समाचार**




**स्रोतः अध्ययन सर्वेक्षण**


एक महिनाको अध्ययको क्रममा पोखराका यी तीनवटा पत्रिकाले सबैगरी २०७४ वटा समाचार प्रकाशित गरेका छन् । ती मध्ये १४९३ वटा स्थानीय समाचार प्रकाशित भएका छन् । त्यसैगरी ५७७ वटा राष्ट्रिय र ४ वटामात्र अन्तर्राष्ट्रिय समाचार प्रकाशित गरेका छन् ।

प्रकाशित समाचारमध्ये सबैभन्दा धेरै आदर्श समाजले ८९० वटा समाचार प्रकाशित गरेको छ । त्यसैगरी दोश्रो नम्बरमा पोखरा आवाजले ७१५ वटा समाचार प्रकाशित गरेको छ । सबैभन्दा कम समाधान दैनिकले ४६९ वटा समाचार मात्र प्रकाशित गरेको छ । अध्ययनमा परेका पत्रिकालाई वर्णानुक्रमअनुसार तल प्रस्तुत गरिएको छ ।

## क. आर्दश समाज

आदर्श समाजले प्रकाशित गरेका समाचारको संख्या ८९० रहेको छ । यस पत्रिकाले एक महिनाको अवधिमा ६७२ वटा (७५.५०प्रतिशत) स्थानीय समाचार प्रकाशित गरेको छ । त्यसैगरी २१६ वटा (२४.२७ प्रतिशत) राष्ट्रिय समाचार प्रकाशित गरेको छ । आदर्श समाजले २ वटा (०.२३ प्रतिशत) मात्र अन्तर्राष्ट्रिय समाचार प्रकाशित गरेको छ । आर्दश समाजले अधिकांश दिन ६ पृष्ठ प्रकाशित गरेकोले पनि यसको समाचारको संख्या धेरै हुन पुगेको हो । त्यसैगरी आदर्श समाज अन्य पत्रिकाको दाँजोमा आकारमा पनि ठुलो रहेकोले स्वभाविक रूपमा यस पत्रिकामा समाचारको सख्या धेरै प्रकाशित भएका छन् । आदर्श समाजका एक महिनाको अवधिमा ७५ प्रतिशत भन्दा बढि स्थानीय समाचार प्रकाशित भएका छन् । त्यसैगरी २४ प्रतिशत राष्ट्रिय समाचार प्रकाशित भएका छन् । करिब १ प्रतिशत समाचार मात्र अन्तर्राष्ट्रिय स्तरका छन् ।

**चित्र नं.: २ आर्दश समाज दैनिकमा प्रकाशित समाचार विवरण**




**स्रोतः अध्ययन सर्वेक्षण**

अध्ययनमा परेका पत्रिकाहरूको समाचारको विषयबस्तुको यहाँ अध्ययन गरिएको छ । अध्ययनको क्रममा आदर्श समाज नै सबैभन्दा बढि राजनीतिक समाचार प्रकाशित गर्ने पत्रिकाको रूपमा आएको छ । आदर्श समाजको हरेक जसो अङ्कको प्रथम पृष्ठमा केन्द्रीय राजनीतिका समाचार प्रकाशित भएको पाईएको छ । सरकार गठन गर्नेदेखि विभिन्न राजनीतिक दलहरू बिचको विवादलाई पनि आदर्शसमाजले प्रमुखताका साथ प्रकाशित गरेको छ । आदर्श समाजका राजधानीबाट प्रेषित राजनीतिक समाचार सँगै कास्की र आसपासका जिल्लामा भएका राजनीतिक गतिविधिका समाचारले पनि उत्तिकै महत्व पाएका छन् । राजनीतिक समाचारमा खासगरि दलका नेतृत्वहरूले गरेको भाषण नै प्रमुख समाचार बनेका छन् । आक्कलझुक्कल पोखरामा भएका विकासे

गतिविधिलाई पनि आदर्श समाजले प्रमुखताका साथ प्रकाशित गरेको पाईएको छ । त्यसैगरी अन्तर्राष्ट्रिय तहमा भएका ठुला घटनालाई पनि प्रमुखताका साथ मुख्य समाचार बनाएर प्रकाशित गरेको छ ।

आदर्श समाजले अधिकांश दिन राजनीतिका समाचारलाई प्राथमिकता दिएको भएपनि अन्य विभिन्न क्षेत्रका समाचार पनि प्रकाशित गरेको छ । प्रमुख समाचार राजनीति भएपनि भित्री पृष्ठमा खेलकुद, आर्थिक, सामाजिक, शैक्षिक, मनोरञ्जनात्मक समाचार पनि प्रकाशित गरेको छ । यस पत्रिकाले कुनै पृष्ठ छुट्याएर समाचार प्रकाशित नगरेपनि खेलकुदको लागि अन्तिम पृष्ठको केही स्थान नियमित छुट्याउने गरेको पाइएको छ । तर, भित्री पृष्ठ भने जुनसुकै र जहाँसुकैको विषयको समाचारले भरिएको पाईन्छ । कुनै खास समाचारको लागि भनेर विधागत तरिकाले राष्ट्रिय स्तरका अखबारले जस्तो निश्चित स्थान तोकेको छैन । जुनसुकै पेजमा जुनसुकै विषयको समाचार आदर्श समाजले प्रकाशित गरेको छ । पत्रिकाले कास्कीका विभिन्न भागका समाचार सहित आसपासका क्षेत्रका समाचार प्रकाशित गरेको पाईएको छ ।

यस अध्ययनमा लेखनाथ सहित कास्कीका अन्य क्षेत्रको डेटलाईनमा प्रकाशित भएका समाचारलाई स्थानीय समाचारको रूपमा गणना गरिएको छ । कास्की बाहिरका समाचारलाई मात्र राष्ट्रिय समाचारको रूपमा गणना गरिएको छ । आर्दश समाजले पहिलो प्राथमिकतामा स्थानीय, त्यसपछि दोश्रो प्राथमिकतामा क्षेत्रीय र तेश्रो प्राथमकितामा केन्द्रीय समाचारलाई महत्व दिने गरेको छ । राष्ट्रिय महत्वका स्थानीय समाचारलाई पनि प्राथमिकता दिने गरेको छ । महत्वपूर्ण स्थानीय समाचार नभएको खण्डमा मात्र राजनीतिको समाचारलाई मुख्य बनाउने गरेको छ ।[५८]

आदर्श समाजले सकेसम्म स्थानीय समाचारलाई प्राथमिकता दिने नीति बनाएको भएपनि यसले राष्ट्रिय र अन्य जिल्लाका समाचारलाई पनि उत्तिकै ठाउँ दिएको पाईन्छ । जुनसुकै हालतमा पनि स्थानीय समाचार प्रकाशित गर्नुपर्छ भन्ने यो पत्रिकाले मान्यता राखेको छ । बासी भएपनि स्थानीय समाचारलाई यस पत्रिकाले प्रकाशित गरिदिएकोले नै पाठकहरूको आँखामा पर्न सफल भएको छ । स्थानीय स्तरमा हुने जुनसुकै ठुला हुन वा साना औपचारिक कार्यक्रममा समाचार हुन्, अतिथिदेखि सबै वक्ताको नाम प्रकाशित गरिदिनुपर्छ भन्ने मान्यता यस पत्रिकाले राखेको छ । जसले गर्दा पनि पाठकहरूले सधै पत्रिकालाई आफ्नो रोजाईमा पारेका छन् ।


## ख. पोखरा आवाज

पोखरा आवाजले एक महिनाको अवधिमा जम्मा ७१५ वटा समाचार प्रकाशित गरेको छ । ती मध्ये ४२९ वटा (६० प्रतिशत) स्थानीय समाचार छन् । पोखरा आवाजले यस अवधिमा जम्मा २८४ वटा (३९.७२ प्रतिशत) राष्ट्रिय समाचार प्रकाशित गरेको छ । त्यस्तै २ वटा (०.२८ प्रतिशत) मात्र अन्तर्राष्ट्रिय समाचार यो पत्रिकाले एक महिनाको अवधिमा प्रकाशित गरेको छ । पोखरा आवाजले पनि आक्कलझुक्कल पृष्ठ थप्ने गरेको छ । तरपनि आदर्शसमाजले जस्तो नियमित रूपमा यस पत्रिकाले पृष्ठ थपेको पाईदैन । यस अध्ययनमा परेको दैनिक पत्रिका पोखरा आवाजले काठमाडौंको भन्दा स्थानीय समाचारलाई नै बढि प्राथमिकता दिएको पाईन्छ ।

---

५८ कृष्णप्रसाद बाँस्तोला, सम्पादक, आदर्श समाज

चित्र नं.: ३ पोखरा आवाज दैनिकमा प्रकाशित समाचार विवरण




**स्रोत: अध्ययन सर्वेक्षण**

बेलाबखत राजधानी सहित कास्की र बाहिरी जिल्लामा भएका राजनीतिक कार्यक्रममा विभिन्न दलका नेताहरूले गरेको भाषण पनि प्रमुखताका साथ प्रकाशित गर्छ । तरपनि अधिकांश दिन राजनीतिक भन्दा अन्य समाचारलाई प्रमुखता दिएको पाइएको छ । पोखरा आवाजले अन्नपूर्ण चुचुरो चढ्ने शाहसिक चेलीको जस्तै मजदुर विवादले कास्कीका उद्योग अनिश्चितकालिन बन्द भएको समाचार पनि उत्तिकै प्रमुखताका साथ प्रकाशित गरेको छ ।

पोखरा आएका दलका नेताहरूको भाषणदेखि पोखरामा अन्तर्राष्ट्रिय विमानस्थल बनाउने प्रयास खेर जान सक्ने खतरातर्फ पनि यस पत्रिकाले खबरदारी गरेको छ । महाशिवरात्रीमा शिवलिंगमा दुध चढाइएको समाचारलाई पनि उत्तिकै प्रमुखता दिएको छ । पोखरा आवाजले कृषि औजार सहित सडकमा उत्रेका महिलाको अधिकारलाई समेत उत्तिकै प्राथमिकता दिएर प्रकाशित गरेको छ । अखबारका प्रकाशक स्थानीय समाचारलाई नै बढि प्राथमिकता दिएको बताउँछन् । पत्रिकामा प्रकाशित मध्ये ५० प्रतिशत समाचार राजनीतिक र बाँकी ५० प्रतिशत स्थानीय गतिविधिका हुने गरेको पोखरा आवाजका सम्पादकको भनाई रहेको छ । राष्ट्रिय गतिविधिका समाचारले मोफसलका समाचारलाई ओझेलमा पारेको अवस्था उनीहरूको बुझाई रहेको छ ।[49]

पोखरा आवाज पत्रिकाले स्थानीय र राष्ट्रिय समाचारलाई भनेर कुनै विशेष खालको पृष्ठ छुट्याएको पाईदैन । भित्री पृष्ठमा जुनसुकै ठाउँका समाचार पनि प्रकाशित भएका हुन्छन् । पत्रिकाले कुनै विशेष क्षेत्रको समाचारको लागि विशेष ठाउँ नछुट्याई प्रकाशित गरेको छ ।


---

49 रबीन्द्र बाँस्तोला-अध्यक्ष तथा सम्पादक-पोखरा आवाज

## ग. समाधान

त्यसैगरी समाधान दैनिकले एक महिनाको अवधिमा ४६९ वटा मात्र समाचार प्रकाशित गरेको छ । यस अवधिमा समाधान दैनिकले ३९२ वटा (८३.५८ प्रतिशत) स्थानीय र ७७ वटा (१६.४२ प्रतिशत) मात्र राष्ट्रिय समाचार प्रकाशित गरेको छ । पोखराआवाज पत्रिका जस्तै समाधानले पनि आक्कलझुक्कल पृष्ठ संख्या बढाउने गर्छ । आक्कलझुक्कल केही बढि मात्रामा विज्ञापन आएको खण्डमा मात्र यी पत्रिकाले पृष्ठ बढाएका हुन्छन् । समाधानमा प्रकाशित मध्ये करिब ८४ प्रतिशत समाचार स्थानीय स्तरका रहेका छन् । बाँकी १६ प्रतिशत समाचार राष्ट्रिय स्तरका प्रकाशित भएका छन् ।

**चित्र नं.: ४ समाधान दैनिकमा प्रकाशित समाचार विवरण**




**स्रोतः अध्ययन सर्वेक्षण**

अध्ययनमा परेको मध्ये समाधान दैनिकको समाचार विश्लेषण गर्दा यो पत्रिकाले राजधानीको राजनीतिको विवाद भन्दापनि पोखरा र आसपासका समाचारलाई बढि प्राथमिकता दिएको पाइएको छ । राजनीतिक समाचारलाई बेवास्ता गरेको नभई अन्य समाचारलाई जोड दिएको छ । कतिपय बेला राजधानीका राजनीतिक विवाद र सरकार गठन लगायत विभिन्न शीर्ष नेताले गरेको भाषण पनि महत्वका साथ प्रकाशित भएका छन् । पोखरामा भएका विज्ञानप्रविधिका कुरादेखि ग्राहकले भोग्नुपरेका मोवाईल नेटवर्कका समस्या पनि यसका मुख्य समाचार बनेका छन् । त्यस्तै वलिउड नायिका पोखरामा चलचित्र छायांकनमा व्यस्त भएको समाचारलाई पनि प्रमुखताका साथ प्रकाशित गरेको छ । त्यस्तै शान्ति सुरक्षाको अवस्था, महोत्सवमा भएको कारोबारलाई पनि उत्तिकै प्राथमिकता दिइएको छ । समाधान दैनिकले घरायसी विवाद चर्केर न्यायलय धाउनु परेको समाचारलाई पनि महत्व दिएर प्रकाशित गरेको छ । कर्मचारी सरुवा, अन्तर्राष्ट्रिय चलचित्र महोत्सव, बसपार्क बनाउने योजना लगायतका समाचारलाई पनि उत्तिकै महत्व दिएर प्रकाशित गरेको छ ।

समाधान दैनिकले पनि आदर्श समाज र पोखरा आवाजले जस्तै स्थानीय र राष्ट्रिय समाचारलाई भनेर कुनै विशेष खालको पृष्ठ छुट्याएको पाईदैन । भित्री पृष्ठमा जुनसुकै ठाउँका समाचार पनि प्रकाशित भएका हुन्छन् । पत्रिकाले कुनै विशेष क्षेत्रको समाचारको लागि विशेष ठाउँ नछुट्याई प्रकाशित गरेको छ । कुन पृष्ठ कुन क्षेत्रको

समाचारको लागि भनेर छुट्याउँदा त्यस क्षेत्रका समाचार नै अभाव हुने पनि सम्भावना रहन्छ । त्यसैले पनि क्षेत्र विषेश बनाएर समाचार प्रकाशित नगरिएको हो ।[50]


अन्य पत्रिका जस्तो समाधानले स्थानीय समाचार प्रकाशित नगर्ने भएपनि सानो भएपनि स्थान दिनुपर्छ भन्ने मान्यता राखेको छ । यस पत्रिकाको सुरुवात पनि स्थानीय समाचारलाई प्राथमिकता दिने सोचले प्रकाशित गर्न थालिएको थियो । तर आदर्श समाज जस्तो यो पत्रिकाले स्थानीय समाचारलाई ठाउँ भने दिएको पाईदैन । स्थान अभाव हुनाले पनि ठाउँ नदिएको यसका सम्पादकको भनाई रहेको छ । तरपनि जुन रूपमा स्थानीय समाचारलाई प्राथमिकता दिनुपर्ने हो, त्यो दिएको छैन ।

## ३.२ प्रश्नावली विश्लेषण

### १. अखबार पढ्नुको कारण

अखबार पढ्नु पाठकको आ-आफ्नै कारण हुन्छ । कतिपयले दैनिक समाचार र गतिविधिको बारेमा जानकारी लिन अखबार पढ्छन् त कतिपयले राशीफल हेर्नका लागि मात्र पनि अखबार पढ्ने गरेका छन् । बेरोजगारी समस्या बढिरहेको पछिल्लो समयमा केही युवापुस्ताले अखबारमा प्रकाशित विज्ञापन हेर्नको लागि पनि पढ्ने गरेका हुन्छन् । यस अध्ययनमा तीनै कुराको बारेमा जानकारी लिन खोजिएको छ । अखबार पढ्नुको कारण तलको चित्र नं ५ मा प्रस्तुत गरिएको छ ।

**चित्र नं.: ५ अखवार पढ्नुका कारणहरू**




**स्रोतः स्थलगत अध्ययन, २०६७**

---


५० नारायण कार्की, सम्पादक, समाधान

पोखराका यी दैनिक पत्रिकाको बारेमा अध्ययन गर्दा समाचार थाहा पाउनका लागि पत्रिका पढ्ने पाठकको संख्या ५८ प्रतिशत मात्र पाईयो । त्यसबाहेक राशिफल हेर्नका लागि मात्र पनि पत्रिका पढ्नेको संख्या २४ प्रतिशत रहेको छ । १० प्रतिशत पाठकले कुनै विज्ञापनको बारेमा जानकारी लिनका लागि पत्रिका पढ्ने गरेको बताए । त्यसैगरी ८ प्रतिशत पाठकले अन्य जानकारी लिन वा समग्र कुराको बारेमा बुझ्न पत्रिका पढ्ने गरेको बताएका छन् । यसबाट के कुरा पुष्टि हुन्छ भने पत्रिकामा समाचारको मात्र महत्व नभई राशिफलको पत्रि उत्तिकै महत्व रहेको छ । आफूलाई अनुकुल हुने विज्ञापन प्रकाशित भए नभएको बुझ्न पनि पत्रिका पढ्ने गरेको यो अध्ययनले देखाएको छ ।

## २. अखबार पढ्ने समय

हरेक दिन बिहान प्रकाशित हुने दैनिक अखबार पढ्ने पाठकले आफू अनुकुल समय छुट्याउने गरेका छन् । कतिपय पाठकलाई बिहानै पत्रिका पढ्नुपर्छ भने कतिपयले समय अनुकुल पत्रिका पत्रिका पढ्ने गर्छन् । चियाको चुस्कीसँगै पत्रिका पढ्नुपर्छ भन्ने पाठक पनि रहेका छन् । बिहान केही समय फुर्सदिलो हुने भएकोले पनि अधिकांश पाठकहरूले बिहानको समय पत्रिका पढ्नको लागि छुट्याउने गरेका छन् । अखबार पढ्ने समय छुट्याएका पाठकको विवरण तलको चित्र नं ६ मा विस्तृत रूपमा प्रस्तुत गरिएको छ ।

**चित्र नं.: ६ अखवार पढ्ने समय**





**स्रोत: स्थलगत अध्ययन, २०६७**

यस अध्ययनमा परेका पोखराका पाठकमध्ये सबैको पत्रिका पढ्ने समय निश्चित नभएको पाइएको छ । अध्ययमा क्रममा परेका विद्यार्थीहरू बिहानै कलेज पुग्नुपर्ने बाध्यता रहेकोले पनि उनीहरूले पत्रिका पढ्ने समय निश्चित नभएको बताएका छन् । अध्ययनमा परेका पाठकमध्ये ४४ प्रतिशतले जसोतसो बिहान मात्र पत्रिका पढ्छन् । त्यसैगरी २२ प्रतिशतले दिउँसो, ८ प्रतिशतले बेलुकी र बाँकी २६ प्रतिशतले फुर्सद मिल्ने बित्तिकै पत्रिका पढ्ने बताएका छन् । उच्चमावि तहमा पढ्ने विद्यार्थीमाझ गरिएको अध्ययन भएकोले पनि पत्रिका पढ्ने समयमा केही फरक पर्न गएको हुनसक्छ । बिहानै कलेज जानुपर्ने भएकोले उनीहरूले पत्रिका पढ्ने समय दिउँसो वा बेलुकी तथा फुर्सद मिल्नासाथ हुने गरेको छ ।

## ३. अखबार पढ्ने अवधि

अखबार पढ्ने समय पाठकले आफू अनुकुल छुट्याउने गरेका छन् । कसैले बिस्तृत रूपमा पत्रिकामा प्रकाशित समाचार अध्ययन गर्छन् भने कतिपय पाठकले सतही रूपमा हेरेर छाड्छन् । अखबार पढ्नका लागि पाठकले दैनिक रूपमा छुट्याएको अवधिलाई तलको चित्र नं ७ मा विस्तृत रूपमा प्रस्तुत गरिएको छ ।

**चित्र नं.: ७ अखवार पढ्ने अवधि**





**स्रोतः स्थलगत अध्ययन, २०६७**

पोखराका यी पाठकहरूको पत्रिका पढ्नका लागि छुट्याएको समय भने ज्यादै न्यून रहेको यो अध्ययनले देखाएको छ । अध्ययनमा परेका पाठकहरूमध्ये ४६ प्रतिशतले दैनिक आधाघण्टामात्र पत्रिका पढ्नका लागि समय छुट्याउने गरेको बताएका छन् । त्यसैगरी १ घण्टा पत्रिका पढ्ने पाठकको सख्या जम्मा १६ प्रतिशत रहेको छ । त्यसैगरी २ घण्टा पत्रिका पढ्ने पाठकको संख्या भने २ प्रतिशत मात्र छ । ३६ प्रतिशत पाठकले पत्रिका पढ्नको लागि कुनै निश्चित समय छुट्याएको पाइएन ।

## ४. नियमित पढिने अखबार

पोखराका पाठकहरूको अखबारको रोजाई पनि फरक फरक रहेको पाइएको छ । अध्ययनका क्रममा कतिपय पाठकले आफूले नियमित रूपमा २ वटा पत्रिका पढ्ने गरेको बताएका छन् । यस अध्ययनका क्रममा एकैजना पाठकले २ वटा पत्रिका आफूले नियमित पढ्ने बताएकोले पनि संख्यात्मक रूपमा धेरै हुन गएको छ । यसले पनि पोखराको पत्रिकाको वर्गिकरणमा महत्व राखेको पाईन्छ । जम्मा १ सय जना पाठकलाई प्रश्न सोधिएकोमा ५८ जना पाठकले नियमित रूपमा आदर्श समाज दैनिक पढ्ने गरेको बताएका छन् । पाठकले नियमित रूपमा पढ्ने पत्रिकालाई तलको चित्र नं ८ मा तथ्यांकको रूपमा प्रस्तुत गरिएको छ ।

**चित्र नं.: ८ नियमित पढिने अखवार**




**स्रोतः स्थलगत अध्ययन, २०६७**


त्यसैगरी ४४ जना पाठकले नियमित रूपमा समाधान दैनिक पढ्ने गरेको बताएका छन् । २८ जना पाठकले मात्र पोखरा आवाजको नियमित पाठक भएको बताएका छन् । अन्य १४ जना पाठकले यी बाहेक अन्य पत्रिका पनि अध्ययन गर्ने बताएका छन् । यसबाट के प्रष्ट हुन्छ भने अध्यननका क्रममा पोखराका अधिकांश पाठकले आदर्श समाज दैनिक नियमित पढ्ने गरेको पाइएको छ ।

## ५. पाठकको रोजाईमा अखबार पढ्नुको कारण

अध्ययनका क्रममा सहभागि भएका पाठकहरूमध्ये स्थानीय समाचार हुने भएकोले आफूहरूको छनौटमा यी पत्रिका परेको बताएका छन् । स्थानीय समाचार प्रकाशित हुने भएकोले पनि कतिपय पाठकले पत्रिकालाई रोजाईमा पार्ने गरेका छन् । यस अध्ययनले पनि सोही कुराको पुष्टि गरेको छ ।

यस अध्ययनको क्रममा ७२ प्रतिशत पाठकले स्थानीय समाचार हुने भएकोले आफ्नो छनौटमा उक्त अखबार परेको बताएका छन् । त्यसैगरी बजारमा सहजै पाईने भएकोले १६ प्रतिशत पाठकले यी पत्रिका पढ्ने गरेको बताएका छन् ।

**चित्र नं.: ९ पाठकको रोजाईमा अखबार पर्नुको कारण**




**स्रोतः स्थलगत अध्ययन, २०६७**


त्यस्तै १२ प्रतिशत पाठकले यी अखबारमा पठनीय सामग्री हुने भएकोले आफूहरूको रोजाईमा परेको बताएका छन् । यो अध्ययनले के देखाउँछ भने पाठकहरू सकेसम्म स्थानीय अखबारमा स्थानीय समाचार नै पढ्न रुचाउँछन् । आफ्नो गाउँठाउँको समाचार प्रकाशित हुने भएकोले अधिकांशको रोजाई मोफसलकै अखबार पर्ने गरेको अध्ययनले देखाउँछ ।

## ६. अखबार पढ्न लागेको अवधि

पाठकहरूको पत्रिका पढ्न थालेको अवधि पनि फरक फरक रहेको यो अध्ययनले देखाएको छ । कतिपय पाठकले १ वर्ष, कतिपयले २ वर्ष र कतिपयले ३ वर्षदेखि नियमित रूपमा उक्त पत्रिका पढ्न थालेको बताएका छन् । नियमित रूपमा पत्रिका पढ्ने पाठकहरू कमै मात्रामा पाईन्छन् ।

केन्द्रीय हुन वा मोफसलबाट प्रकाशित पत्रिका हुन्, नियमित रूपमा पत्रिका पढ्ने पाठक ज्यादै न्यून हुने गरेका छन् । त्यसमा पनि अध्ययनमा परेका यी छात्रछात्राले पत्रिका नियमित रूपमा पढ्ने गरेको पाईदैन । फुर्सद हुनासाथ वा कलेजको किताब पढ्नुपर्ने र गृहकार्य गर्नुपर्ने भएकोले पनि अखबारलाई नियमितता दिन नसकेको उनीहरूको भनाई रहेको छ ।

चित्र नं.: १० अखबार पढ्न लागेको अवधि





**स्रोत: स्थलगत अध्ययन, २०६७**

अध्ययनमा प्राप्त परिणामले ५४ प्रतिशत पाठक १ वर्षदेखि आफ्नो रोजाईमा रहेको पत्रिका नियमित रूपमा पढिरहेको देखाउँछ । त्यसैगरी ३८ प्रतिशत पाठक २ वर्षदेखि उक्त पत्रिकाको नियमित पाठक हुन् । त्यसैगरी ३ वर्षदेखि पत्रिका पढ्ने पाठकको संख्या जम्मा ८ प्रतिशत रहेको छ ।

## ७. अखबारको उपलब्धता

प्रविधिको विकासले कुनैपनि अखबार पढ्नका लागि बिहानै पत्रिका पसलमा पत्रिका किन्न जानुपर्ने अवस्था अहिले छैन । आफैले किनेर पत्रिका पढ्नुपर्छ भन्ने पनि अवस्था हराउँदै गएको छ । ईन्टरनेटको मद्दतले घरमै बसिबसि इ-पेपरमा पत्रिका पढ्न पाईने भएको छ । पोखराबाट प्रकाशित अखबार अझैसम्म ईन्टरनेटमा पढ्न सकिने अवस्थामा छैनन् । त्यसैले पनि पाठकहरू पुस्तकालय धाउनुपर्ने वा पत्रिका पसलमा जानुपर्ने बाध्यता छ ।

चित्र नं.: ११ अखबारको उपलब्धता





**स्रोत: स्थलगत अध्ययन, २०६७**

पत्रिका पढ्ने पाठकको आफनै माध्यम रहेको हुन्छ । कतिपय पाठकले पत्रिका किनेर पढ्छन् त कतिपयले विभिन्न अनलाईन, पुस्तकालयमा गएर, अखबार पसलमा गएर वा अन्य माध्यमबाट पत्रिका पढ्ने गरेका छन् । अध्ययनमा परेकामध्ये ६० प्रतिशत पाठकले आफैले पत्रिका किनेर पढ्ने गरेको पाइएको छ । पुस्तकालय गएर पढ्ने पाठकको संख्या पनि २८ प्रतिशत रहेको छ । त्यसैगरी स्टेशनरी पसलमा गएर पत्रिका पढ्नेको संख्या १० प्रतिशत रहेको छ । २ प्रतिशत पाठकले अन्य माध्यमबाट पत्रिका पढ्ने गरेका छन् । अन्य माध्यमबाट पढ्नेले मागेर वा अरुले पढिरहेको अवस्थामा हेरेर पनि पत्रिकाबाट सूचना लिन सक्छन् ।

## ८. पाठकको प्राथमिकता

अखबारका पाठकका आ-आफनै रुची हुने गर्छन् । कुन विषयका समाचार रुचाउने भन्ने कुरा पाठक आफैले निर्धारण गर्ने हुन् । अध्ययनमा परेका पाठकहरू मध्ये राष्ट्रिय स्तरका समाचार सामग्री रुचाउने पाठकको संख्या सर्वाधिक रहेको छ ।

**चित्र नं.: १२ पाठकको प्राथमिकता**




**स्रोत: स्थलगत अध्ययन, २०६७**

चित्र नं. १२ अनुसार ४८ प्रतिशत पाठकले राष्ट्रिय महत्वका समाचार सामग्रीलाई रुचाउने गरेका छन् । ४२ प्रतिशत पाठकले स्थानीय समाचारलाई प्राथमिकता दिने गरेका छन् । स्थानीय अखबारमा स्थानीय समाचार हुने भएकोले पाठकले पनि त्यसै अनुसार महत्व दिएर पढ्नु पर्ने हो तर यहाँ त्यसको विपरित भएको छ ।


स्थानीय समाचारको सट्टामा राष्ट्रियस्तरका सामग्री रुचाउने धेरै पाठक रहेको यो अध्ययनले देखाएको छ । यो अध्ययनले अन्तर्राष्ट्रिय समाचारको महत्व रहेको छ भन्ने पनि देखाएको छ । ४ प्रतिशत पाठकले अन्तर्राष्ट्रिय समाचार सामग्रीलाई पनि उत्तिकै महत्व दिएका छन् । ६ प्रतिशत पाठकले कुनै कारण खुलाएका छैनन् ।

## ९. पाठकको रुचिको समाचार विषय

पाठकका समाचारको विषयमा आ-आफ्नै रुची हुन्छ । कसैले कुन विषयका समाचार रुचाउँछन् त कसैले अन्य विषयमा रुचाएका हुन्छ । फरक फरक पाठकले फरक विषयका समाचार रुचाउने गर्छन । यो पाठकहरूको आफ्नै रुचीको विषय रहेको छ । तैपनि स्थानीय अखबारमा प्रकाशित भएका मध्ये कुन विषयका समाचारलाई रुचाउँछन् भन्ने अध्ययन गर्नु जरुरी छ ।

यो अध्यनलले ३४ प्रतिशत पाठक राजनीतिका समाचार पढ्न रुचाउँछन् । विकास निर्माणका समाचार पढ्न रुचाउने पाठकको संख्या ४६ प्रतिशत रहेको छ । त्यसैगरी १६ प्रतिशत पाठकले खेलकुदका समाचार रुचाएको पाईन्छ । अन्य ४ प्रतिशत पाठकको रुची कुनै निश्चित विषयमा रहेको छैन ।

**चित्र नं.: १३ रुचिको विषय समाचार**





**स्रोत: स्थलगत अध्ययन, २०६७**

यो अध्ययनबाट राजनीतिका समाचार पढ्ने पाठकको संख्या धेरै नै रहेको थाहा हुन्छ । पछिल्लो समय देशको राजनीतिक अस्थिरताको अवस्थाले गर्दा ती विषयमा पाठकहरूको केही वितृष्णा जागेको पनि यस अध्ययनले पुष्टि गर्छ । पछिल्लो समय कतिपय पाठकहरू विकास निर्माणका समाचारलाई पनि महत्व दिन थालेका छन् । विकास निर्माणका समाचारको जनताको निकटता हुने भएकोले पनि त्यस विषयलाई रुचाएको यस अध्ययनले देखाएको छ ।

## १०. समाचार प्राथमिकताको आधार

पाठकहरूको समाचार छनौट उनीहरूको अधिकार हो । कुन समाचार रुचाउने र कुन नरुचाउने भन्ने पाठक स्वयंले निर्णय गर्ने हुन् । यो अध्ययनले पनि सोही कुराको पुष्टि गरेको छ । अध्ययनमा परेका मध्ये २४ प्रतिशत पाठकले स्थानीयताको आधारमा समाचारका विषयबस्तुलाई आफूले रुचाएको बताएका छन् ।

**चित्र नं.: १४ समाचार प्राथमिकताको आधार**




**स्रोतः स्थलगत अध्ययन, २०६७**


चित्र नं. १४ अनुसार ५४ प्रतिशत पाठकले समाचारको महत्वको आधारमा आफनो समाचार सामग्रीले प्राथमिकता पाउने बताएका छन् । २२ प्रतिशत पाठकले रुचीको विषय भएकोले स्थानीय अखबारमा समाचार सामग्रीलाई प्राथमिकता दिएको बताएका छन् ।

## ११. अखबारप्रतिको विश्वास

अखबारमा प्रकाशित सबै समाचार विश्वसनीय नभएको गुनासा पटक-पटक सुनिने गरेको छ । अखबारमा प्रकाशित सबै सूचना तथा समाचार सामग्री विश्वसनीय हुनुपर्ने बुझाई अधिकांश पाठकको भएपनि बेलाबखतका घटनाक्रमले अविश्वसनीय समेत बनाएका छन् । कहिलेकाँही अखबारकै सुचनाको आधारमा विभिन्न घटना समेत घट्ने गरेका छन् । त्यसबेला पाठकले अखबारप्रति प्रश्न उठाउने मौका पाउँछन् ।

अखबारमा प्रकाशित भएको भन्दैमा सबै समाचारमा पाठकको विश्वास नहुनुको कारण पनि पटक पटकका विवादास्पद सुचनाको आधारमा हो । पछिल्लो समय पाठकहरू यस बारेमा बढि नै सचेत हुन थालेका छन् । सञ्चारमाध्यमले झुटा समाचार दिन्छन् भन्ने नकारात्मक सौँच पाठकहरूमा बढ्न थालेको छ ।

चित्र नं.: १५ अखबारप्रतिको विश्वसनियता




**स्रोतः स्थलगत अध्ययन, २०६७**

यो अध्ययनले पनि सोही कुराको पुष्टि गरेको छ । अखबारमा प्रकाशित समाचारमा पत्यार लाग्छ भन्ने पाठकको संख्या ६४ प्रतिशत रहेपनि ३४ प्रतिशत पाठकले अलिअलि मात्र पत्यार लाग्छ भनेका छन् । ३४ प्रतिशत पाठकको जवाफले अखबारमा प्रकाशित समाचारप्रति पाठकको दृष्टि स्पष्ट गर्न सकिन्छ । २ प्रतिशत पाठकले त पत्यारै लाग्दैन समेत भनेका छन् ।


## १२. समाचार विश्वास लाग्नुको कारण

पाठकहरूले अखबारमा प्रकाशित समाचार पत्यारिलो लाग्नुको कारण पनि खुलाएका छन् । सहि सूचना दिने भएकोले पाठकहरूले पत्रिकाको समाचारमा बढि विश्वास लाग्ने गरेको बताएका छन् । तर, कतिपय पाठकले तीनै सूचनालाई पनि अविश्वसनीय ठानेको पाईन्छ ।

यस अध्ययनको क्रममा ७६ प्रतिशत पाठकले सहि सूचना दिने भएकोले अखबारप्रति विश्वस्त भएका छन् । पत्रकारिता जनउत्तरदायि पेशा भएकोले पनि पाठकले समाचारसामग्रीमा विश्वास लाग्नुको कारण रहेको उनीहरूको बुझाई रहेको छ ।

पत्रकारिता जनउत्तरदायि पेशा भएकोले नै २४ प्रतिशत पाठकले प्रकाशित समाचार सामग्रीमा विश्वास मान्ने गरेको यस अध्ययनले देखाएको छ । सहि सूचना दिने र पत्रकारिता जनउत्तरदायि पेशा भएकोले विश्वास गर्नुपरेको उनीहरूको बुझाई रहेको छ ।

चित्र नं.: १६ पत्रिकामा प्रकाशित समाचारको विश्वसनियता





स्रोत: स्थलगत अध्ययन, २०६७

तर, समय समयमा असन्तुलित समाचार प्रकाशित गर्ने भएकोले पनि कतिपय पाठकले अखबारमा प्रकाशित सबै समाचारमा विश्वास गर्न नसकिएको बताएका छन् । अखबारमा प्रकाशित समाचारको कारणले बेलाबखत भएका केही घटनाको कारण पनि सबै सामग्रीमा विश्वास गर्न नसकिएको पाठकहरूको भनाई रहेको छ ।

## १३. अखबारका समाचार विषय

नेपालको पत्रकारितालाई राजनीतिक समाचारले जसरी प्रभावित पारेको छ, पाठकहरू पनि राजनीतिबाट टाढा हुन सकेका छैनन् । राजनीति नै राज्यको नीतिनिर्माणमा प्रभावकारी हुने भएकोले होला, पाठकहरूको ध्यान पनि सामाजिक समाचारमा भन्दा राजनीतिकै समाचारमा जाने गरेको छ । विकास निर्माण र सामाजिक समाचारका विषय जहिले पनि दोश्रो प्राथमिकतामा परेको यो अध्ययनले देखाएको छ । आफनो रुचीको समाचार विकास निर्माण भएपनि राजनीतिक समाचार प्रकाशनमा जोड दिनुपर्ने पाठकहरूको सुझाव रहेको अध्ययनले पुष्टि गरेको छ ।

चित्र नं.: १७ समाचार क्षेत्र





स्रोत: स्थलगत अध्ययन, २०६७

चित्र नं. १७ अनुसार ३२ प्रतिशत पाठकले राजनीतिक समाचार प्रकाशित गर्नुपर्नेमा जोड दिएका छन् । विकास निर्माणका समाचार प्रकाशित गर्नुपर्छ भन्ने पाठकको संख्या जम्मा २८ प्रतिशत रहेको छ । त्यसैगरी मानविय अभिरुचीका समाचारलाई प्राथमिकता दिनुपर्छ भन्ने पाठकको संख्या मात्र २२ प्रतिशत रहेको छ । सबै विषयलाई मिलाएर प्रकाशित गर्नुपर्छ भन्ने पाठकको संख्या जम्मा १८ प्रतिशत रहेको छ ।

## १४. छरछिमेकका गतिविधिको महत्व

स्थानीय अखबारको काम स्थानीय तहमा भएका गतिविधिलाई पाठकसमक्ष ल्याउनु हो । तरपनि पोखराका पत्रिकाले स्थानीय गतिविधिलाई समेत वेवास्ता गरेको पाठकहरूको गुनासो रहेको देखाएको छ । अध्ययनले मोफसलका अखबारमा छरछिमेकमा हुने गरेका स-साना विकास निर्माणका कामले समेत प्राथमिकता नपाउने गरेको गुनासो गरेका छन् ।

**चित्र नं.: १८ छरछिमेकमा भएका गतिविधिको महत्व**





**स्रोत: स्थलगत अध्ययन, २०६७**

स्थानीय अखबारमा स्थानीय स्तरमा भएका विकास निर्माण लगायतका गतिविधि समेटिन्छन भन्ने पाठकको संख्या ५० प्रतिशत रहेको छ । २४ प्रतिशत पाठकले स्थानीय अखबारमा स्थानीय समाचार समेटिएको पाईदैन र २६ प्रतिशत पाठकले कहिलेकाँही मात्र समेट्छन् भनेका छन् । आफ्नो छरछिमेकमा भएका विकासका साना कुरा पनि अखबारमा समेटियोस भन्ने पाठकको चाहना रहेको यस अध्ययनले पुष्टि गरेको छ ।

## १५. स्थानीय गतिविधिको महत्व

स्थानीय अखबारको काम स्थानीय तहमा भएका गतिविधिलाई पाठकसामु ल्याउनु हो । तरपनि, पोखराका अखबारका पाठकहरू स्थानीय समाचार प्रकाशनबाट सन्तुष्ट हुन सकेका छैनन् । स्थानीय अखबारले स्थानीय गतिविधिलाई महत्व दिनुपर्ने भएपनि नदिएको पाठकहरूको भनाई रहेको छ । यस अध्ययनका क्रममा ७६ प्रतिशत पाठकले मात्र स्थानीय अखबारले स्थानीय गतिविधिलाई महत्व दिएका छन् भन्ने कुराको जानकारी गराएका छन् ।

चित्र नं.: १९ स्थानीय गतिविधिको महत्व





**स्रोतः स्थलगत अध्ययन, २०६७**

बाँकी २४ प्रतिशत पाठकले स्थानीय अखबारले स्थानीय गतिविधिलाई नै महत्व नदिएको बताएका छन् । त्यसैले पनि स्थानीय अखबारले स्थानीय स्तरमा भएका स-साना गतिविधिलाई पाठकसामु ल्याउनु जरुरी रहेको यसबाट देखिन्छ ।

## १६. स्थानीय अखबारले महत्व दिएको गतिविधि

अखबारमा मात्र होईन नेपालको जुनसुकै क्षेत्रमा पनि राजनीतिले प्रभाव पारेको छ । राजनीति प्रभाबाट स्थानीय अखबार पनि टाढा हुन सकेका छैनन् । दैनिकजसो स्थानीय अखबारले राजनीतिक भाषण र विवादका समाचार प्रकाशित गरेको पाइएको छ । राजनीतिसँगै विकास निर्माण, आर्थिक, खेलकुद लगायतका समाचार सामग्रीलाई पनि उत्तिकै महत्व दिनुपर्ने हो । तर यहाँ पाठकहरूले सबैभन्दा बढि अखबारले राजनीतिलाई प्राथमिकता दिएको बताएका छन् । राजनीतिले विकास निर्माणदेखि अखबारमा प्रकाशित हुने समाचारको विषयमा पनि प्रभाव रहेको यस अध्ययनले देखाएको छ । अध्ययनकाअनुसार ३८ प्रतिशत पाठकले राजनीतिक समाचारका गतिविधिलाई मात्र बढि महत्व दिएको बताएका छन् ।

चित्र नं.: २० कस्ता गतिविधिले महत्व पाए





स्रोतः स्थलगत अध्ययन, २०६७

त्यसैगरी ३० प्रतिशत पाठकले स्थानीय अखबारले विकास निर्माणका समाचारमा बढि ध्यान दिएको बताएका छन् । १० प्रतिशत पाठकले आर्थिक, ८ प्रतिशतले खेलकुद र १४ प्रतिशतले बाँकी समाचारका विषयबस्तुलाई मात्र प्राथमिकता दिएको बताएका छन् ।

## १७. स्थानीय अखवारमा खोजी समाचार

स्थानीय अखबारको काम स्थानीय गतिविधिलाई प्रकाशित गरेर पाठकसामु सूसूचित गर्ने हो । त्यसका लागि खोजि समाचारको महत्व ज्यादै हुने गरेको छ । पोखराका पाठकहरूको सबैभन्दा ठूलो गुनासो नै यहाँका अखबारले खोजी समाचारलाई प्राथमिकता दिएनन् भन्ने रहेको छ ।

चित्र नं.: २१ खोजी समाचारको प्राथमिकता





स्रोतः स्थलगत अध्ययन, २०६७

अध्ययनमा परेका मध्ये ४२ प्रतिशत पाठकले मोफसलका अखबारमा एउटै खोजी समाचार प्रकाशित भएका हुँदैनन् भन्ने गुनासो रहेको छ । खोजी भन्दा औपचारिक कार्यक्रममका समाचारले अखबारको पाना भरिएको हुन्छ भन्ने पाठकहरूको गुनासो रहेको छ । ती बाहेक राष्ट्रिय समाचार समितिबाट आएका समाचारले मात्र ठाउँ भर्ने काम हुने पाठकहरूको गुनासो छ । ३४ प्रतिशत पाठकले औपचारिक कार्यक्रमका समाचारले बढि प्राथमिकता पाएको बताएका छन् । आक्कलझुक्कल खोजी समाचार देखिने भन्ने पाठकको संख्या मात्र २४ प्रतिशत रहेको छ । यसबाट के पुष्टि हुन्छ भने पोखराका अखबारमा खोजी समाचार भन्दा स-साना कार्यक्रमका समाचार प्रकाशित गर्नुपर्छ भन्ने धारणा विकसित भएको छ ।

## १८. समाचारले ल्याएको फेरवदल

स्थानीय अखबारको काम स्थानीय गतिविधिलाई प्रकाशित गर्ने हो । आफ्नो गाउँठाउँको समाचार प्रकाशित भएको सबै पाठकले रुचाउँछन् । आफ्नो गाउँमा भएको विकास निर्माणको साना समाचार पनि अखबारमा प्रकाशित भएको पाउँदा पाठकहरू निकै खुशी हुन्छन । गाउँको विकासको लागि त्यस्ता सानातिना समाचारको पनि महत्व हुने गरेको छ ।

**चित्र नं.: २२ समाचारले ल्याएको फेरवदल**





**स्रोतः स्थलगत अध्ययन, २०६७**

यस अध्ययनको क्रममा स्थानीय अखबारमा प्रकाशित समाचारको क्रममा आफ्नो गाउँमा केही परिवर्तन समेत आएको पाठकहरूले बताएका छन् । ३२ प्रतिशत पाठकले स्थानीय अखबारमा प्रकाशित समाचारका कारण गाउँमा सरसफाईमा जागरण आएको बताएका छन् । त्यसैगरी २४ प्रतिशत पाठकले थप विकास निर्माणका काम भएको बताएका छन् । आफूहरूलाई काम गर्ने थप प्रोत्साहन समाचारले दिएको ती पाठकहरूको भनाई रहेको छ । त्यस्तै १० प्रतिशत पाठकले गाउँमा साक्षरता बढाउन सघाएको बताएका छन् भने ३४ प्रतिशतले अन्य काममा पनि स्थानीय अखबारले जागरण फैलाएको बताएका छन् ।

## १९. समाचारदाताको गाउँसम्मको उपस्थिती

स्थानीय अखबारको काम स्थानीय पाठकलाई सूसुचित गर्ने हो । त्यसका लागि स्थानीबासिको टोलमा पुगेर उनीहरूका पिरमर्का बुझ्ने काम गर्नुपर्छ । तर यो अध्ययनले त्यसको ठीक विपरित देखाएको छ । अध्यननका अनुसार स्थानीयबासिको गाउँ/टोल पुगेर समाचार सङ्कलन गर्ने परिपाटी स्थानीय अखबारका सञ्चारकर्मीमा कमै रहेको देखाएको छ । समाचारदाताहरू गाउँ पुगेको खण्डमा ती गाउँका बासिन्दाले विभिन्न समस्याहरू उजागर गर्छन । जुन समस्यालाई समाचारको रूपमा बाहिर ल्याईदिँदा सम्बन्धित निकायको ध्यान जान सक्छ । जसले गर्दा सानातीना समस्या भएको खण्डमा समाधान पनि हुन सक्छन् । त्यसैले समाचारदाताहरू समाचार सङ्कलनको लागि गाउँ जाने वातावरण मिलाउने काम प्रकाशनगृहको पनि रहन्छ । समाचारदातालाई शहरमुखि भन्दा गाउँमुखि बनायो भने गाउँका सानातिना समाचार पनि तुरुन्तै जानकारीमा आउने हुन्छन् ।

**चित्र नं.: २३ समाचारदाताको उपस्थिति**





**स्रोत: स्थलगत अध्ययन, २०६७**

यस अध्ययनको क्रममा ६६ प्रतिशत पाठकले स्थानीय सञ्चारकर्मीहरू कहिलेकाँही मात्र गाउँमा आउने बताएका छन् । समाचार सङ्कलनका लागि टेलिफोनबाट नै सोधपुछ गर्ने बानि सञ्चारकर्मीमा रहेको यो अध्ययनले देखाएको छ । स्थानीयबासिसँग टेलिफोनमा कुरा गरेर समाचार सङ्कलन गरेको भन्नेमा २६ प्रतिशत पाठक रहेका छन् । ती बाहेक ८ प्रतिशत पाठकले अहिलेसम्म आफनो गाउँमा कुनै पनि स्थानीय अखबारका सञ्चारकर्मी नभेटेको बताएका छन् ।

## २०. स्थानीय अखबारमा भाषाशैली

कुनै पनि पत्रिकाले आफ्नै भाषाशैलीमा समाचार होस वा लेखरचना प्रकाशित गर्ने गरेका हुन्छन् । पत्रिकाले समाचार, तथा विचारमा प्रयोग गरिने भाषाशैली फरक फरक हुनसक्छ । त्यसैले पाठक पनि तीनै भाषाशैलीमा अभ्यस्त भएका हुन्छन् । भाषाशैली फरक परेमा पाठकले नबुझ्ने हुनसक्छ । स्थानीय अखबारको पहिलो जिम्मेवारी भाषाशैलीलाई सबैले बुझ्ने बनाउनु पनि हो ।

**चित्र नं.: २४ भाषाशैली प्रयोग**





**स्रोतः स्थलगत अध्ययन, २०६७**

अखबारमा समाचार सामग्री दिएर मात्र हुँदैन ती समाचारमा प्रयोग गरिने भाषशैली पनि उपयुक्त हुनुपर्छ । हरेक पत्रपत्रिकाले भाषाशैलीलाई आफ्नो 'शैलीबुक' अनुसार तय गरेका हुन्छन् । पाठकबिच गरिएको यस अध्ययनले पोखराबाट प्रकाशित स्थानीय अखबारको भाषाशैलीमा एकरूपता पाईन्छ भन्ने पाठकको संख्या ३६ प्रतिशत मात्र रहेको छ । त्यसैगरी ५८ प्रतिशत पाठकले एकरूपता पाईदैन भनेका छन् । ६ प्रतिशत पाठकले स्थानीय बोलीचालिको भाषा अखबारमा प्रयोग गरिएको हुन्छ भन्ने बताएका छन् ।

## २१. स्थानीय अखबारमा भाषिक शुद्धता

कुनैपनि पत्रिकाले प्रयोग गर्ने भाषा शुद्ध हुनुपर्छ । दोहोरो अर्थ लाग्ने र नबुझिने शब्द प्रयोग गरिनु हुँदैन । भाषिक शुद्धता नभएमा पत्रिकाका पाठकले समाचारको अर्थलाई अन्य रूपमा पनि बुझ्न सक्छन् । त्यसैले भाषिक शुद्धता कायम राख्नुपनि पनि अखबारको पहिलो जिम्मेवारी हुन्छ । पोखराका अखबारको अध्ययनको समाचारमा प्रयोग गरिएको शब्दावलिमा ३६ प्रतिशत पाठकले मात्र भाषिक शुद्धता ठीक रहेको बताएका छन् । ५८ प्रतिशत पाठकले समाचारमा भाषिक शुद्धता नपाईने बताएका छन् । त्यसैगरी ६ प्रतिशत पाठकले अखबारले भाषिक शुद्धतामा ध्यान नै नदिएको बताएका छन् ।

चित्र नं.: २५ भाषिक शुद्धता





स्रोत: स्थलगत अध्ययन, २०६७

पाठकको यो अध्ययनले के देखाउँछ भने पोखराका अखबारले समाचारमा प्रयोग गर्ने भाषशैलीमा एकरूपता नरहेको पुष्टि गर्छ। भाषाशैलीमा एकरूपता ल्याएर पाठकको नजरमा पर्न सक्नु पर्छ। अखबारले नै भाषाशैली गलत प्रकाशन गर्ने हो भने तीनै अखबार पढेर पाठकले आफ्नो भाषाशैलीमा सुधार गर्न समेत पाउँदैनन्।

## २२. स्थानीय अखबारले समाचारलाई दिएको स्थान

समाचारको महत्वको आधारमा छनौट गर्न सक्ने खुबी अखबारमा हुनुपर्छ। त्यसका लागि उक्त अखबारमा काम गर्ने सञ्चारकर्मीमा कुन समाचारको के महत्व रहेको छ भन्ने केलाउन सक्ने खुबी हुनुपर्छ। बढि महत्व भएको समाचारले कम स्थान पाउने र कम महत्वको समाचारले बढि ठाउँ ओगट्ने सम्भावना पनि रहन्छ यदी अखबारका सम्पादकमा समाचारको महत्वको जानकारी नभएको खण्डमा। त्यसैले पनि समाचारको महत्व के रहेको हुन्छ र कुन समाचारलाई कति स्थान दिनुपर्छ भन्ने कुरा निर्क्यौल गर्नुपर्छ।

चित्र नं.: २६ समाचार महत्वअनुसार स्थान





स्रोत: स्थलगत अध्ययन, २०६७

यस अध्ययनको क्रममा ४२ प्रतिशत पाठकले पोखराका अखबारले समाचारको महत्व अनुसार स्थान दिने गरेका छन् भन्ने बताएका छन् । त्यसैगरी ४८ प्रतिशत पाठकले महत्व अनुसार समाचारलाई स्थान दिएका छैनन् भनेका छन् भने १० प्रतिशत पाठकले कहिँलेकाँही मात्र महत्व अनुसार समाचार दिएका छन् भनेका छन् । कुन समाचारको महत्व कति छ भन्ने बुझ्नु अखबारमा काम गर्ने सञ्चारकर्मीमा ज्ञान हुनु आवश्यक छ ।

## २३. स्थानीय अखबारले तस्बिरलाई दिएको महत्व

अखबारमा समाचारको जत्तिकै तस्बिरको पनि उत्तिकै महत्व रहेको हुन्छ । कुनैपनि अखबारमा तस्बिर प्रकाशित नगर्ने हो भने त्यसको सजावट समेत राम्रो देखिदैन । सजावटका लागि मात्र नभई तस्बिर समाचारको महत्वलाई झल्काउनका लागि पनि प्रकाशित गर्नुपर्ने हुन्छ । एकै तस्बिरले हजारौ शब्दले बोल्न नसकेको कुरालाई प्रष्ट पारेको हुन्छ । त्यति मात्र नभई तस्बिरले कहिल्यै पनि झुटो विवरण दिन सक्दैन भन्ने भनाई पनि रहेको छ ।

**चित्र नं.: २७ तस्बिरको प्राथमिकता**




**स्रोतः स्थलगत अध्ययन, २०६७**


पोखराबाट प्रकाशित हुने अखबारले तस्बिरलाई प्राथमिकता दिन्छन् भन्ने पाठकको संख्या ४४ प्रतिशत रहेको छ । ४० प्रतिशत पाठकले तस्बिरलाई प्राथमिकता नै दिँदैनन् भनेका छन् । १० प्रतिशत पाठकले औपचारिक कार्यक्रमका मात्र तस्बिर प्रकाशित गर्छन् भनेका छन् । बाँकी ६ प्रतिशत पाठकले अखबारको खालि ठाउँ भर्नका लागि मात्र तस्बिर प्रकाशित गर्छन भनेका छन् ।

तस्बिर प्रकाशित गर्नु खालि ठाउँ भर्नको लागि मात्र नभई समाचारको महत्व झल्काउन पनि प्रयोग गरिन्छ । कुनै तस्बिरको आफ्नै पनि महत्व रहेको हुन्छ । समाचारले दिन नसकेको सन्देश एउटा तस्बिरले दिएको हुन्छ ।

## २४.    स्थानीय अखबारको पृष्ठ संयोजन र साजसज्जा

अखबारको पृष्ठ संयोजन र साजसज्जा पनि महत्वपूर्ण पक्ष हो । आकर्षक रूपमा पृष्ठको संयोजन गरेर साजसज्जा गर्न सकिएन भने पत्रिकाप्रति पाठकको दृष्टि नपुग्न सक्छ । त्यसका लागि समाचार, तस्बिरको महत्वलाई बुझेर उचित स्थानमा उचित तरिकाले प्रयोग गर्नुपर्छ । पोखराका अखबारहरूको बारेमा गरिएको अध्यननले ४४ प्रतिशत पाठकले साजसज्जा र पृष्ठ संयोजनमा ध्यान दिएको बताएका छन् ।

**चित्र नं.: २८ पृष्ठ संयोजन र साजसज्जा**





**स्रोत: स्थलगत अध्ययन, २०६७**

चित्र नं. २८ अनुसार ५० प्रतिशत पाठकले काम चलाउ रूपमा मात्र प्रयोग गरेको बताएका छन् भने ६ प्रतिशत पाठकले ध्यान दिदैनन भनेका छन् । अखबारलाई आकर्षक रूपमा साजसज्जा र पृष्ठ संयोजन गर्न सकेको खण्डमा त्यसप्रति पाठकको ध्यान पुग्ने गर्छ र पाठकलाई अखबार पढ्न पनि थप प्रेरणा दिन्छ ।

## २५.    स्थानीय अखबारको छपाई गुणस्तर

अखबार प्रकाशित गरेर मात्र हुँदैन यसमा समाचार र तस्बिरको महत्व सहित गुणस्तरीय छपाई पनि आवश्यक पर्छ । गुणस्तरीय छपाई नहुँदा पत्रिकाको सामग्री बुझ्न मुस्किल हुने र आकर्षण पनि घटाएको हुन्छ ।

चित्र नं.: २९ अखबारको छपाई गुणस्तरीयता




**स्रोतः स्थलगत अध्ययन, २०६७**

पोखराका अखबारको छपाई राम्रो हुन्छ भन्ने पाठकको संख्या ४२ प्रतिशत रहेको छ । त्यसैगरी ५२ प्रतिशत पाठकले त मसी नै लतपतिएको हुन्छ जसले गर्दा कतिपय समाचार पढ्नै सकिदैन भनेका छन् । ६ प्रतिशत पाठकले मसी लतपतिएको कारण अक्षर नै नबुझिने गरेको भन्ने बताएका छन् । त्यसैले आकर्षक समाचार र तस्बिर मात्र दिएर नभई गुणस्तरीय छपाई पनि आवश्यक हुन्छ ।

# अध्याय - चार

## ४.१ निश्कर्ष

संख्यात्मक हिसाबले पोखराका अखबारले स्थानीय समाचारलाई महत्व दिएको देखिन्छ । तीनवटा दैनिक पत्रिकाले एक महिनाको अवधिमा २०७४ वटा समाचार प्रकाशित गरेकोमा १४९३ वटा स्थानीय छन् । तैपनि अपर्याप्त मानिन्छ । किनकी स्थानीय अखबारमा स्थानीय समाचारलाई मुख्य जोड दिनुपर्ने हो र यो संख्या अझै बढि हुनुपर्ने हो । अखबारमा स्थानीय समाचार प्रकाशित हुने भएकोले पाठकको रोजाई पनि स्थानीय अखबार नै हुने गरेका छन् । अध्ययनबाट ७२ प्रतिशत पाठकले स्थानीय समाचार पढ्न रुचाउँने गरेको पाईएको छ । स्थानीयको सट्टा राष्ट्रिय गतिविधिले मोफसलका समाचारलाई ओझेलमा पारेका छन् । अध्ययनमा परेका अखबारका प्रकाशक तथा सम्पादकको भनाई पनि त्यहि रहेको छ ।

यहाँका स्थानीय अखबारले विविध विषयका समाचार प्रकाशित गरेपनि विधागत महत्व दिईएको पाईदैन । विधागत तवरले अखबारको पृष्ठ छुट्याएर समाचार प्रकाशित गर्दा त्यस विषयका समाचार नै अभाव हुने गरेको छ । त्यसैगरि बासी समाचारलाई पनि महत्वका साथ प्रकाशित गरिएको पाईन्छ । पत्रिकालाई स्थानीय पाठकमाझ लोकप्रिय बनाउने उद्देश्यले बासी भएपनि समाचार प्रकाशित गरिएको पाइएको छ ।

पछिल्लो समय सुचना प्रविधिको जतिसुकै विकास भएपनि पोखराका पाठकले अहिलेसम्म ईन्टरनेटमार्फत पत्रिका पढ्ने अवसर पाउन सकेका छैनन् । यहाँका अखबारलाई अझैसम्म ईन्टरनेटको पहुँचसम्म पुऱ्याउन सकिएको छैन । जसले गर्दा पाठकहरु अखबार किनेर नै पढ्नुपर्ने बाध्यतामा छन् । यसले प्रविधिको भरपुर उपयोग गर्न नसकेको देखाउँछ । अखबार किनेरै पढ्ने पाठकको संख्या पनि कम रहेको छ । राष्ट्रिय स्तरमा होस वा मोफसलका जुनसुकै ठाउँमा पनि पत्रिका किनेर पढ्ने बानी पाठकमा हुनुपर्छ । तर यहाँका कतिपय पाठकले निशुल्क रूपमा पाएमात्र पत्रिका पढ्ने गरेका छन् ।

अखबारमा प्रकाशित सबै सूचना तथा समाचार सामग्री विश्वसनीय हुनुपर्ने पाठकको बुझाइ छ । तरपनि बेलाबखतका घटनाक्रमले अविश्वसनीय बनाएका छन् । ३४ प्रतिशत पाठकले अखबारका समाचारप्रति अविश्वास जनाएका छन् । समाचार प्रकाशन भएकै कारण बेलाबेला विभिन्न घटना घटेकाले पनि पाठकहरुले अखबारलाई विश्वास गर्न नसकेका हुन् ।

नेपालको पत्रकारितालाई राजनीतिक समाचारले जसरी प्रभावित पारेको छ, पाठकहरू पनि राजनीतिबाट टाढा हुन सकेका छैनन् । ३२ प्रतिशत पाठकले राजनीतिक समाचार प्रकाशित गर्नुपर्नेमा जोड दिएका छन् । राजनीतिक चाँसो बढि नै मात्रामा पाठकमा हुने गरेको छ । देशको तरल राजनीतिक अवस्थाका कारण पनि पाठकहरुमा राजनीतिक समाचारप्रति चाँसो बढेको हो । मोफसलका मुख्य समाचार स्थानीयस्तरका नभई अधिकांश दिन केन्द्रीय राजनीतिका भाषणमा आधारित हुने गरेका छन् ।

स्थानीय अखबारमा प्रकाशित समाचारको कारण गाउँमा परिवर्तन समेत भएको छ । ३२ प्रतिशत पाठकले अखबारमा प्रकाशित समाचारका कारण गाउँमा सरसफाईमा जागरण आएको र २४ प्रतिशत पाठकले थप विकास निर्माणका काम भएको बताएका छन् । यसले स्थानीय अखबारको महत्व पनि झल्काउँछ । स्थानीय अखबारमा गाउँठाउँका समाचार प्रकाशित गरेको खण्डमा स्थानीय तहबाट हुने विकास निर्माणमा समेत जोड

पुग्ने गर्छ । स्थानीय पत्रपत्रिकाले स्थानीय विकास, समस्याको प्रचारप्रसार गर्न सक्छन् र गरेका छन् । पत्रकारिताको माध्यमबाट मोफसलका सञ्चारमाध्यमले कतिपय स्थानीय मुद्दालाई उठाई राष्ट्रिय मुद्दा बनाउन सफल समेत भएको पाईएको छ ।

स्थानीय अखबारमा खोजिविनका समाचारमा कमै मात्र ध्यान दिइएको छ । अखबारका सञ्चारकर्मी कमै मात्रामा स्थलगत रिर्पोर्टिङका लागि गाउँ जाने गरेका छन् । टेलिफोनबाटै समाचार लेख्ने प्रचलन बढी छ । त्यसैगरि  सञ्चारमाध्यममाथि सधै राजनीतिक पूर्वाग्रही हुने गरेको आरोप पनि लाग्दै आएको छ । जबसम्म सञ्चारमाध्यम पूर्णस्वतन्त्र र समाजप्रति पूर्ण उत्तरदायी हुँदैनन् तवसम्म राजनीतिक पूर्वाग्रह कायम रहन्छ । नेपालको एक दशक लामो जनयुद्धले राजनीति, अर्थव्यवस्था र सामाजिक क्षेत्रमा निकै प्रभाव पारेको थियो र सञ्चारमाध्यम पनि त्यसको सिकार हुन पुगे ।  संगठित र असंगठित समुह, हुलको गलत दवाव बढ्दै गएको तथा आपराधिक समुहको बिगबिगिको निशानामा मोफसलको प्रेस पर्ने गरेको छ । जसले गर्दा स्वतन्त्र भएर मोफसलका अखबारले समाचार प्रकाशित गर्न आँट नगरेका प्रसस्तै उदाहरण भेटिन्छन् ।

मुलुकको राजनीति कुनैपनि मोडतिर जान सक्ने तरल अवस्था रहेको र जनताको शान्तिप्रतिको व्यग्रतालाई सम्बोधन गर्न सक्ने एकमात्र साधन नै सञ्चारमाध्यम बनेको छ । राजनीतिक दलहरूबीचको कुण्ठा फुकाउने हैसियत मिडियाले मात्र राख्छन् । जसले गर्दा राजनीति समाचारप्रति पाठकको बढि रुची जागेको हो

यस अध्ययनले संचारमाध्यमका व्यवस्थापक स्वयं पनि आफ्नो कामबाट सन्तुष्ट हुने अवस्था पाइएन यसले गर्दा सञ्चारमाध्यमको गाम्भिर्य फितलो भएको पुष्टि हुन्छ । यसले अझैपनि पत्रकारिता जीवनयापनको भरपर्दो व्यवसाय बन्न नसकेको देखाउँछ । यसै कारणले पनि कतिपय पत्रिकाले निरन्तरता पाउन नसकि प्रकाशन बन्द गर्नुपर्ने अवस्था आएको छ । नियमित पारिश्रमिक पाउन नसकेकोले एकैजना पत्रकारले २/३ वटा सञ्चारमाध्यममा काम गर्नुपर्ने बाध्यता छ । जसले गर्दा स्थानीय अखबारमा कार्यरत पत्रकारमा निराशा छाउने गरेको छ । जनशक्ति अभाव पनि उत्तिकै छ । पत्रकारिताको जतिसुकै विकास भयो भनेपनि जनशक्ति अभाव बढ्दै गएको छ ।

समाचार समितिबाट प्राप्त समाचारको भरमा अखबारका पाना भर्नुपर्ने बाध्यता छ । स्थानीय पत्रिकाको ठाउँ राष्ट्रिय स्तरका पत्रिकाले लिएका छन् । त्यसका लागि स्थानीय पत्रिकाले गुणस्तरमा वृद्धि गर्नुको साथै पठनिय सामग्री प्रकाशनमा समेत जोड दिनुपर्ने देखिएको छ । स्थानीय पत्रिकामा प्रकाशित समाचार सामग्रीको महत्वको प्रर्याप्त अध्ययन हुन सकिरहेको छैन । राष्ट्रिय स्तरका पत्रिकामा प्रकाशित समाचार सामग्रीले जति प्रभाव पारेका हुन्छन्, त्यत्ति नै स्थानीय पत्रिकामा प्रकाशित समाचारले पार्न सकेका छैनन् । राजधानीबाट प्रकाशित राष्ट्रियस्तरका पत्रिकाले दिन नसकेका कतिपय समाचार आक्कलझुक्कल स्थानीय पत्रपत्रिकाले दिने गरेका छन् ।

स्थानीय अखबारको प्रभाव न्यून हुने गरेको छ । यहाँका अखवारमा अधिकांश औपचारिक कार्यक्रमका समाचार प्रकाशित हुने गरेका छन् । स्थानीय सञ्चारमाध्यमले आर्थिक, खेलकुद, मनोरञ्जन समाचारलाई खासै प्राथमिकता दिएको पाइएन । जसले गर्दा पाठकको रोजाई पनि ती विषयका समाचारमा हुन सकेको छैन । विषेश घटना भएका दिन वा राजनीतिक उतारचढाव भएका दिनमा मात्र अखबार पढ्ने पाठक पनि पोखरामा छन् ।

यहाँका अखबारले स्वतन्त्र भएर काम गर्न सकेका छैनन नै विभिन्न समस्या पनि भोग्नुपरेको छ । लोडसेडिङले गर्दा सबैभन्दा बढि मार पारेको छ । बिजुली अभाव हुने भएकोले विद्युत आउने मौका पारेर पत्रिकाको तयारी गर्नुपर्ने अवस्था आएको छ । त्यसगरि आर्थिक समस्या पनि स्थानीय अखबारको अर्को समस्या हो । स-सानो विज्ञापन आउने आशमा पनि मोफसलका समाचारलाई प्राथमिकता दिनुपरेको छ ।

## ४.२ सुझाव

**माथि उल्लेखित निश्कर्षको आधारमा निम्न सुझाव दिन सकिन्छ।**

- संख्यात्मक हिसाबले पोखराका अखबारले स्थानीय समाचारलाई महत्व दिएको देखिएपनि यसको सख्ंया अझै बढाउनुपर्ने देखिन्छ।
- बहत्तर प्रतिशत पाठकले स्थानीय समाचार पढ्न रुचाउँने भएकोले स्थानीय समाचार प्रकाशनमै जोड दिनुपर्नेछ।
- कतिपय अखबारले रंगिन पत्रिका प्रकाशित गर्न खोजेपनि छापाखाना नहुँदा प्रकाशित गर्न पाएका छैनन्। रंगिन छापाखाना भित्रयाउन सकेको खण्डमा अखबारको विकास अझै हुने देखिन्छ। त्यसका लागि लगानीकर्तालाई लगानी गर्ने वातावरण बनाउनुपर्ने आवश्यकता छ।
- राष्ट्रिय गतिविधिका समाचारले मोफसलका समाचारलाई ओझेलमा पारेकोले मोफसलका समाचारप्रति विशेष ध्यान दिनुपर्ने देखिन्छ।
- विधागत तवरले अखबारको पृष्ठ छुट्याएर समाचार प्रकाशित गर्दा त्यस विषयका समाचार नै अभाव हुने भएपनि सक्दो पहल गर्नुपर्छ। जसले गर्दा बिट रिर्पोटिङको थालनी हुनसक्छ।
- चौंतीस प्रतिशत पाठकले अखबारका समाचारप्रति अविश्वास जनाएकोले त्यसतर्फ बिशेष सचेत हुनु जरुरी छ।
- पत्रिका बन्द हुनुको मुख्य कारण पूँजी अभाव हो। त्यसैले पूँजीको बलियो आधार नबनाई अखबार प्रकाशन नगर्दा राम्रो हुने देखिन्छ।
- स्थानीय अखबारहरूले दीर्घकालिन लक्ष्य निर्धारण गर्न नसकेको, तत्कालिन समस्यासँग जुध्न नसकेकोले समस्या समाधानतर्फ आफै अग्रसर हुनु जरुरी छ।
- केही साप्ताहिक तथा दैनिक पत्रिका प्रकाशन भएपनि ती पत्रिकाले निरन्तरता पाउन सकेनन्। यसरी पत्रिका प्रकाशनलाई निरन्तरता दिनका लागि उपयुक्त वातावरण बनाउनुपर्छ।
- पोखराका अखबारले स्थानीय र राष्ट्रिय राजनीतिलाई बढि प्राथमिकता दिएकोले राजनीतिको सट्टा स्थानीय विकास निर्माणका समाचारलाई पनि प्राथमिकता दिनुपर्छ।
- राजनीति र स्थानीय समाचार बाहेक आर्थिक, खेलकुद, मनोरञ्जन समाचारलाई पनि विषेश जोड दिनुपर्छ। फरक फरक पाठकको रोजाईलाई त्यस्ता समाचारले आकर्षण गर्न सक्छ।
- अखबारको गुणस्तर वृद्धि गर्नका पठनीय सामग्री थप्नुपर्ने सुझाव पाठकले दिएकोले त्यस विषयमा विशेष ध्यान दिनुपर्ने हुन्छ।
- लोडसेडिङ लगायतका समस्याबाट ग्रस्त यहाँका अखवारलाई राहत दिनको लागि नियमित विद्युत आपुर्तिको व्यवस्था गर्न सम्बन्धित निकायले ध्यान दिनुपर्छ। नियमित विद्युत आपुर्ति गर्न असम्भव भएमा विशेष छुटमा ईन्धन उपलब्ध गराउने व्यवस्था गर्नुपर्छ।

- विज्ञापनको दररेटमा एकरूपता हुनुपर्ने, जसले गर्दा स्थानीय पत्रिकाहरूबिच नै अस्वस्थ प्रतिश्पर्धा नहोस ।
- स्थानीय विज्ञापन स्थानीय पत्रिकाले नै प्रकाशित गर्न पाउनुपर्ने ।
- पत्रिकासँग सम्बन्धित सामग्रीहरूको सहज आपुर्तिको व्यवस्था हुनुपर्ने ।
- राज्यबाट मिडियाको संस्थागत विकासका लागि लगानीमा उदार नीति अपनाईनुपर्ने तर लगानीको उपयोग उचित तवरले भए नभएको अनुगमन हुनुपर्ने ।
- सूचना प्राप्तिको प्रक्रियालाई भरपर्दो बनाउनुपर्ने ।
- स्थानीय कार्यालयले स्थानीय अखबार किन्न सक्ने गरि बजेटको व्यवस्था हुनुपर्ने ।
- पत्रकारको रोजगारको सुरक्षाको प्रत्याभूति दिलाउन श्रमजिवि पत्रकार ऐन कार्यन्वयन हुनुपर्ने । पारिश्रमिक पाउन नसकेका कारण पनि पत्रकारले जोसजाँगरका साथ काम गर्न नसकेकोले एकजना पत्रकारले २/३ वटा सञ्चारमाध्यममा काम गर्नुपर्ने बाध्यता छ ।
- पत्रकारको स्वास्थ्य, उपचार तथा दुर्घटना बिमा राज्यबाट हुनेगरि संयन्त्र बनाउनुपर्ने ।
- समय समयमा पत्रकारका लागि हुने तालिम तथा प्रशिक्षणमा स्थानीय पत्रकारलाई पनि संलग्न गराउनुपर्ने ।
- अखबारलाई राजनीतिक पुर्वाग्रही भएको आरोप छ । उक्त आरोपबाट ठाढा रहनसक्नुपर्ने आवश्यकता छ ।
- घटनाका सतही रूपमा मात्रै समाचार बन्ने गरेका छन् । घटनाको प्रवृत्तिको विश्लेषण र अनुमगन भएको पाईदैन ।

# सन्दर्भ सामग्री


- अधिकारी तुलाराज, स्थानीय पत्रिकामा स्थानीय सामग्री, *नेपालगञ्जबाट प्रकाशन हुने दैनिक पत्रिकामा स्थानीय सामग्रीको अवस्था, शोधपत्र,* पत्रकारिता केन्द्रीय विभाग, २०६३
- कसजु विनयकुमार, *मिडिया अध्ययन- १,* मार्टिन चौतारी, २०६३
- कार्की नारायण, सम्पादक समाधान दैनिक, अध्यक्ष, नेपाल पत्रकार महासंघ कास्की, अन्तवार्ता
- चन्द्रकिशोर, *संहिता,* प्रेस काउन्सिल नेपाल, त्रैमासिक प्रकाशन, बैशाख-असार २०६६,
- चूके पुर्णलाल, *क्षेत्रीय मिडिया, बांके जिल्लाको पत्रकारिता सङ्क्षिप्त इतिहास,* मार्टिन चौतारी, २०५८
- थापाक्षेत्री अनिल, *शान्ति प्रक्रियामा आमसञ्चारमाध्यमको भूमिका, ठूला आकारका दैनिक पत्रिकामा समाचारको स्थिति,* शोधपत्र, पत्रकारिता केन्द्रीय विभाग, २०६४
- देवकोटा गृष्मबहादुर, *नेपालको छापाखाना र पत्रपत्रिकाको ईतिहास,* साझा प्रकाशन, २०५९,
- पराजुली केशवराज, *मिडिया अध्ययन-१,* मार्टिन चौतारी, २०६३
- पन्त भूपनिधि, *स्मारिका,* नेपाल पत्रकार महासंघ कास्की, २०५८
- पराजुली शेखर, *क्षेत्रीय मिडियाः विगत र वर्तमान,* मार्टिन चौतारी, २०५८
- पराजुली केशवराज, *क्षेत्रीय मिडियाः विगत र वर्तमान,* मार्टिन चौतारी, २०५८
- पराजुली केशवराज, अन्तवार्ता
- पौडेल, पुण्य, *स्थानीय पत्रपत्रिकाको समस्या र समाधानका उपायः कार्यपत्र,* २०६६ मंसिर ६ गते पोखरामा राष्ट्रिय साप्ताहिक तथा पाक्षिकका सम्पादकहरूको पश्चिमाञ्चलस्तरिय भेला
- बस्नेत श्रीरामसिंह, *पत्रकारिताका आयाम,* पैरवी बुक हाउस, २०६४
- बाँस्तोला कृष्णप्रसाद, सम्पादक, आदर्श समाज, अन्तवार्ता
- बाँस्तोला कृष्णप्रसाद, *स्मारिका,* नेपाल पत्रकार महासंघ, कास्की, २०५८
- बाँस्तोला रबीन्द्र, सम्पादक, पोखरा आवाज, अन्तवार्ता
- मोफसलका पत्रकार, *मिडिया सर्भिसेज ईन्टरन्यासनल,* रत्नराज्यलक्ष्मी क्याम्पस, २०६०
- मिश्र, रवीन्द्र, पोखरामा सञ्चारकर्मीसँगको अन्तरक्रिया, बैशाख १६, २०६८
- वन्त, प्रत्युष, *क्षेत्रीय मिडियाः विगत र वर्तमान,* मार्टिन चौतारी, २०५८
- शर्मा, पञ्चप्रसाद, लामिछाने कपिल, भुषाल ऋषिराम, *पत्रकारिताको रूपरेखा,* विद्यार्थी पुस्तक भण्डार, २०५३

## अनुसूची – १

### प्रश्नावली

**"कास्की जिल्लाबाट प्रकाशित अखवारमा स्थानीय समाचार" विषयक शोधपत्रका लागि तयार पारिएको प्रश्नावली**

शैक्षिक योग्यताः उच्च माध्यमिक तह

उमेर समूहः १८-२० वर्ष

नामः ................................................... उमेरः .......... लिङ्गः ............

शैक्षिक संस्थाको नामः ............................. कक्षाः .........

**१ तपाई अखवार के का लागि पढ्नुहुन्छ ?**

क. समाचार थाहा पाउन ख. राशीफल हेर्न

ग विज्ञापनका लागि घ. अन्य

**२. अखवार पढ्न कुन समय छुट्याउनहुन्छ ?**

क. बिहान ख. दिउँसो

ग. बेलुका घ. फुर्सद मिल्ने वित्तिकै

**३. अखवार पढ्न कति समय छुट्याउनुहुन्छ ?**

क. आधा घण्टा ख. एक घण्टा

ग. दुई घण्टा घ. ठेगान हुँदैन

**४. तपाईले पोखराबाट प्रकाशित हुने तलकामध्ये कुन अखबार नियमित पढनुहुन्छ ?**

क. आदर्शसमाज ख. समाधान

ग. पोखरा आवाज घ. अन्य

**५. तपाईको छनौटमा उक्त अखबार पर्नुको कारण ?**

क. स्थानीय समाचार हुने भएकोले ख. सहजै पाईने भएकोले

ग. पठनीय सामग्री हुने भएकोले

**६. कति समयदेखि उक्त अखबार पढ्न थाल्नु भएको हो ?**

क. एक वर्ष ख. २ वर्ष

ग. ३ वर्ष घ. ४ वर्ष भन्दा बढी

**७. तपाईले आफूलाई मनपर्ने अखवार कुन माध्यमबाट पढ्नुहुन्छ ?**

क. आफैले किनेर ख. पुस्तकालय गएर

ग. अखवार पसलमा घ. अन्य

**८. तपाईले पढ्ने अखवारका कुन सामग्रीलाई प्राथमिकता दिनु हुन्छ ?**

क. स्थानीय   ख. राष्ट्रिय   ग. अर्न्तराष्ट्रिय   घ.अन्य

**९. तपाईको रुचीको समाचार के हो ?**

क. राजनीति   ख. विकास निर्माण   ग. खेलकूद   घ. अन्य

**१०. तपाई के आधारमा ती सामग्रीलाई प्राथमिकता दिनुहुन्छ ?**

क. स्थानीयपन   ख. समाचारको महत्व   ग. रुचीको विषय भएकोले

**११. अखवारमा प्रकाशित सामग्री कत्तिका पत्यारिला लाग्छन् ?**

क. लाग्छ   ख. अलिअलि लाग्छ   ग. लाग्दैन

**१२. प्रकाशित सामग्री पत्यारिलो लाग्नुका कारण ? (लाग्छ भन्नेलाई मात्र)**

क. सही सूचना दिने भएकाले   ख. पत्रकारिता जनउत्तरदायी हुने भएकाले

**१३ अखवारले कस्ता समाचार प्रकाशनमा जोड दिनुपर्छ ?**

क. राजनीति   ख. विकास निर्माण

ग. मानविय अभिरुची   घ. अन्य

**१४. तपाईको छरछिमेकमा हुने गरेका विकास निर्माण लगायतका गतिविधि स्थानीय अखवारमा समेटिएको पाउनुहुन्छ ?**

क. समेटिन्छन्   ख. समेटिदैनन्   ग. कहिलेकाँहि समेटिन्छ

**१५ स्थानीय अखवारले स्थानीय गतिविधिलाई महत्व दिएका छन् कि छैनन् ?**

क. दिएका छन्   ख. दिएका छैनन्

**१६. स्थानीय अखवारले कस्ता खाले गतिविधिलाई महत्व दिएको पाउनुहुन्छ ? (महत्व दिएका छन् भन्नेलाई मात्र)**

क. राजनीतिक   ख. विकास निर्माण   ग. आर्थिक

घ. खेलकुद   ङ. अन्य

**१७. स्थानीय समस्याका बारेमा खोजी समाचारलाई कत्तिको प्राथमिकता दिएको पाउनुहुन्छ ?**

क. एउटै खोजी समाचार हुँदैन   ख. औपचारिक कार्यक्रमका समाचार मात्र दिन्छन्

ग. आक्कलझुक्कल देखिन्छ ।

**१८. स्थानीय अखवारमा प्रकाशित समाचारले तपाईको गाउँमा कुनै फेरवदल भएको छ ?**

क. सरसफाईमा जागरण आएको छ   ख. विकास निर्माणका काम भएका छन्

ग. साक्षरता बढाउन सहयोग पुऱ्याएको छ   घ. अन्य

**१९ स्थानीय अखवारका समाचारदाताहरू समाचार सङ्कलनका लागि तपाईको गाउँ/घरमा आउने गरेका छन् ?**

क. कहिलेकाँहि आउँछन्   ख.टेलिफोन मार्फत् जानकारी लिन्छन्

ग. अहिलेसम्म भेटेकै छैन

**२० स्थानीय अखवारहरूमा भाषा शैलीमा एकरूपता पाउनुहुन्छ ?**

क. पाइन्छ, ख.पाइँदैन

ग. स्थानीय बोलिचालिका शब्द प्रयोग हुन्छन्

**२१ स्थानीय अखवारमा भाषिक शुद्धता कत्तिको पाउनुहुन्छ ?**

क. पाइन्छ ख.पाइँदैन

ग. अखवारले भाषिक शुद्धतामा ध्यान दिएकै हुँदैनन्

**२२ स्थानीय अखवारले समाचारको महत्व अनुसार स्थान दिने गरेका छन् ?**

क. छन् ख. छैनन

ग. कहिलेकाँही

**२३ स्थानीय अखवारले तस्बिरलाई कत्तिको प्राथमिकता दिन्छन् ?**

क. दिन्छन् ख. दिंदैनन्,

ग. औपचारिक कार्यक्रमका तस्बिर मात्र दिन्छन् घ. ठाउँ भर्नको लागि मात्र

**२४ स्थानीय अखवारले पृष्ठ संयोजन र साजसज्जामा कत्तिको ध्यान दिन्छन् ?**

क. दिन्छन् ख. काम चलाउ

ग. दिंदैनन

**२५. स्थानीय अखवारको छपाईमा कत्तिको गुणस्तरीयता पाइन्छ ?**

क. राम्रो हुन्छ ख. मसी लतपतिएको हुन्छ

ग. अक्षर नै नबुझिने हुन्छ

**धन्यवाद !**